वर्ष ८, अङ्क ७, पूर्णांक ८०, असार २०७४

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

Agnichakra National Monthly

# अग्निचक्र



सतगुरू गोरखनाथ बाबा

www.agnichakranews.com राष्ट्रिय मासिक



८० औं यात्रा

ISSN 2362-1109

- बुद्धत्वको अभियानमा ॐ श्री त्रिकुटानन्द गुरू
- नेपालमा गणतन्त्र टिक्दैन : बी.पी.पुत्र प्रकाश कोइराला
- प्रोष्टेटबाट बचौं : डा. दीपक रौनियार
- संवाद : योगगुरु चैतन्यदीप र डा. मधुसूदन लामिछाने
- केसीको नजरमा उत्तर कोरियाको वास्तविकता

# जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

**सूचना विभाग**

वर्ष ८ अङ्क १० पूर्णाङ्क ८०

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# गृहमन्त्रीको सपना पूरा होस्

*दसवर्षे जनयुद्ध लडेर आएका जनार्दन शर्माले ऊर्जामन्त्री भएपछि निकै ठूलो छवि कमाए । उनको क्षमतामा कुलमान घिसिङले साथ दिएपछि मुलुक लोडसेडिङ मुक्त भयो । पत्रकार साथीहरूको समर्थन र उक्साहटमा जनार्दन शर्मा र कुलमान घिसिङले मुलुकको हितका लागि काम गरेकै हुन्, यसको जस उनीहरूले सधैं पाउने नै छन् । अहिले तिनै जनार्दन शर्मा गृहमन्त्रीका रूपमा मुलुकको सेवा गरिरहँदा उनले ऊर्जामन्त्री हुँदा बनाएको छवि र क्षमतालाई वर्तमान अवस्थामा गृहमन्त्री भइरहँदा अहिले गृहमन्त्रीको रूपमा प्रयोग गर्दैछन् - उनलाई सफलता मिलोस् ।*

*माओवादी सशस्त्र विद्रोहका बखत कमाण्डर भएर नेपाल प्रहरीको निशानामा परेका यिनै जनार्दन शर्मा यसरी गृहमन्त्री बन्लान् भनेर कसले पो सोचेको थियो र ! माओवादीद्वारा नेपाल प्रहरीहरू पहिलो निशानामा परेका थिए । जनार्दन शर्माले अघिसारेका योजनाहरू मुलुककै हितमा छन् तर उनी अलिक धेरै महत्वाकांक्षी भएर यो प्रतिबद्धता ल्याएका हुन् भन्ने विद्वान्हरू पनि छन् । जेसुकै होस्, वा जसले जे जे भनुन् गृहमन्त्रीको यो कदमले दीर्घकालीन महत्वचाहिँ राख्छ । नागरिकहरूको लागि प्रहरी सबल हुँदा व्यक्तिगत र सार्वजनिक सुरक्षा सुनिश्चित हुन्छ भन्ने कुरा जगजाहेर नै छ ।*

*नेपाल प्रहरी नेपाली जनताको शान्ति सुरक्षाको लागि सर्वाधिक जिम्मेवार संस्था भएको हुँदा गृहमन्त्री शर्माले हालै प्रतिबद्धता व्यक्त गरेका कुराहरूले उल्लेख्य महत्व राख्ने नै छ । प्रहरी संस्थालाई दलीय राजनीतिबाट मुक्त राख्ने, गुटबन्दी र निजी स्वार्थलाई निरूत्साहित गर्ने, अपराध र अपराधी नियन्त्रणमा सक्रियता बढाउन प्रोत्साहित गर्ने, प्रहरीमा थप तह थप्ने र ट्राफिक प्रहरीलाई थप भत्ता व्यवस्था गर्ने लगायतका उनका प्रतिबद्धताहरू गृहमन्त्रीका रूपमा शर्माले व्यक्त गरेका छन्, जुन अति आवश्यक नै देखिएको थियो । जेसुकै असल तथा साहसिक सुधारका लागि प्रस्थान विन्दु रोज्नु नै पर्ने भएकाले गृहमन्त्री शर्माले प्रतिबद्धता व्यक्त गरेका योजना सुरू भएर लागुभएदेखि विगत दस वर्षमा नेपाल प्रहरी संस्थाले भोगिरहेको राजनीतिक हस्तक्षेप र भ्रष्टाचार निर्मूल हुने थियो कि !*

*०६२/६३ को राजनीतिक परिवर्तनपछि प्रहरी नेतृत्वको छनौटमा गृहमन्त्री र दलीय राजनीतिले हस्तक्षेप गरिरहेका थिए । त्यसैले अहिले गृहमन्त्री शर्माले जनाएका प्रतिबद्धताहरूले सुधारको नतिजा चाँडै ल्याउने छ भनी विश्वास गर्ने आधार शर्माको विगतको ऊर्जा मन्त्रीको सफलतासँग जोडेर हेर्न सकिन्छ नै । यति हुनसके सार्वजनिक सुरक्षा अझ सुदृढ बन्ने थियो । राज्यको अनुसन्धान निकाय अब स्वतन्त्र होला कि भन्ने आशा आम नागरिकले गरेका छन् । गृहमन्त्रीको सपना पूरा होस् 'अग्निचक्र' को हार्दिक शुभकामना ॥ जय गोरख ००*




## ॐ सत्‌गुरू वन्दना

गोरक्ष् वालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥

## भावार्थः

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।






## रेडियोलोजीको महत्व

'अग्निचक्र' मासिकको ०७४ को जेठ अंकमा ओम हस्पिटलका वरिष्ठ रेडियोलोजिस्ट चिकित्सक डा. आनन्दप्रसाद श्रेष्ठज्यूको अन्तर्वार्ता पढ्न पाइयो । यो अन्तर्वार्ताबाट रेडियोलोजीबारे धेरै ज्ञान पाइयो । आधुनिक मेडिसिनको प्राक्टिसमा रेडियोलोजीको ठूलो महत्व रहेछ । फिजिसियनहरूको लागि रेडियोलोजी विषय दाहिने हात नै भएको रहेछ भन्ने कुरा डा. श्रेष्ठको अन्तर्वार्तामै थाहा पाइयो । समाजसेवी डा. श्रेष्ठले धेरै सामाजिक कार्यहरू पनि गरेर समाजसेवामा अग्रणी भूमिका खेल्नुभएको रहेछ । रोग अन्वेषणमा धेरै मद्दत गरेको रेडियोलोजी इन्भेस्टिगेसनको कम्प्लिट प्याकेज हो भन्ने कुरा पनि डा. श्रेष्ठले बताउनुभएको पाइयो । 'अग्निचक्र' मासिले यस्ता विशेषज्ञ डा. सा'बहरूको अन्तर्वार्ता प्रकाशित गर्दै जाओस् हार्दिक शुभकामना !

– **सरलासिंह ठकुरी**,
धादिङ, हाल– काठमाडौँ ।

## बुढेसकाललाई ढुक्क भइयो

चौबीसै घण्टा सेवामा तत्पर रहेको ज्येष्ठ नागरिकको समग्र सेवाका लागि खोलिएको 'हार्मोनी होम केयर' नेपालकै उच्चस्तरीय ममतामयी घर रहेछ भन्ने कुरा 'अग्निचक्र' मासिकको ०७४ जेठ अंक पढेपछि थाहा पाइयो । अग्निचक्रको पेज नं. १२, १३ र १४ मा प्रकाशित हार्मोनी होम केयर अध्यक्ष रोशा श्रेष्ठज्यूको अन्तर्वार्ता पढेपछि बुढेसकालको समयको चिन्ता मैले गर्न छाडेँ किनकि यस होम केयरले अनुभवी नर्स तथा विशेषज्ञ डाक्टरहरूको प्रत्यक्ष निगरानीमा जुनसुकै उमेर समूहका बिरामी तथा वृद्धवृद्धा आमाबुबा र व्यक्तिहरूको सेवा गर्ने भएकाले र घरको वातावरणमा बस्न पाइने हुनाले म चाहिँ ढुक्क भएँ बुढेसकालका लागि तपाईं नि ?

– **पूर्णविक्रम मगर**,
चपली, काठमाडौं ।

**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**



# बुद्धको देशमा बुद्धत्वको अभियानमा छौं
# सुख, शान्ति र ब्रह्मज्ञान चाहनेलाई स्वागत गर्छु

**- ॐ श्री त्रिकुटानन्द गुरू,** *ॐ श्री त्रिकुटा गुरुधाम नेपाल*

*(सत्यमार्गको शंखनाद – एक सत्य र संकल्पको पुनर्जन्म )*

Email: trikutagurudham@gmail.com web: www.trikutagurudham.org Youtube: Om Shree TrikutaGurudham



**प्युठानको गाउँमा सामान्य परिवारमा जन्मेको मान्छे कसरी त्रिकुटानन्द गुरु बन्नु भो ?**

- म राप्ती अञ्चल, प्युठान जिल्ला, लुङ गा.वि.स.-९, पूर्णगाउ पिपलटारीमा वि.सं. २०३२ साल फागुन १७ गते शनिवारका दिन एक साधारण परिवारमा जन्मेको हुँ । मेरो बाल्यकाल पनि त्यही बित्यो । खोलानाला, पहाडकन्दरा, गाउबेशी, वनजंगल, घाँस-पात मै रमाएर पूर्ण गाउले परिवेशमा जिउने अवसर पाएँ । ३ – ४ वर्षको उमेरमै मलाई वैराग्य लागेको थियो । पिताजीको मुखारविन्दबाट महाभारत र शिवपुराणहरू सुन्न पाउदा अचम्म लाग्थ्यो । म ध्यानको गहिरो अवस्थामा पुगिहाल्थें, अनि रून्थें, आँसु बग्दथ्यो । सुत्ने बित्तिकै धेरै माथिबाट तलतिर खसिराखेको हुन्थें, यस्तो क्रम धेरै समयसम्म भयो । अलौकिक चेतना र भौतिक चेतना बिच अन्तर्द्वन्द्व हुन्थ्यो । समयक्रमसँगै पेशाको रूपमा सन् १९९४ मा इण्डीयन आर्मीमा भर्ती भएँ, सन् १९९९ मा मेरो विवाह भयो । विवाह पछि मेरो जीवनमा नयाँ मोड आयो । मेरी पत्नी गर्भवती भएका बखत हरेक दिन पेट दुखेर बेहोस भै हुन्थीन्, उपचारले निको भएन तर तन्त्रमन्त्रले ठीक भयो त्यसपछि मेरो दिमाग पूरै चेन्ज भयो किनकी औषधी उपचारले निको नहुने बिरामी तन्त्रमन्त्रले निको भएपछि म ज्योतिष, वास्तुशास्त्र, पराविद्या, तन्त्र-मन्त्र सबै सिक्न पुगें । हैदरावाद, जम्मु, महाराष्ट्र, दिल्ली धेरै ठाउ गुरूको खोजीमा हिडें । कम्प्युटर देखि तन्त्रमन्त्र विद्या सिकेको हुनाले म हिलर भैसकेको थिएँ । पैसा पदार्थ हो, उन्नतिका लागि पैसालाई प्रयोग गर्नुपर्छ भन्ठानेर १५ लाख जति रूपैया सत्यको खोजीमा डुल्दा सिध्याएँ । धेरै गुरूकहाँ पुगें, तर जब सद्गुरू सत्यानन्दज्यूलाई भेटें त्यसपछि गुरूको कृपाले मैले खोजेको रहस्य बुझें, त्यसपछि आत्मसाक्षात्कार भयो । सत्गुरूको दिक्षाबाट प्राप्त नाम त्रिकुटानन्द हो । गुरूपदको परम्परा अँगाल्दै सन् २०१२ मा नेपाल आएँ र प्रक्रियागत ढंगले अहिले यो गुरूधाम मार्फत सेवा गरिरहेको छु ।

**रोगी, भोगी र योगीका लागि नै हो यो गुरुधाम ?**

- हो । रोगीको लागि विभिन्न उपचार पद्धतिहरू छन् । भोगीका लागि अनेक प्रकारका विद्याहरू छन् यहाँ । जिविकोपार्जनमा प्रयोग गर्न सक्नेछन् भोगीहरूले । योगीका लागि यहाँ सामान्य योग देखि ब्रह्मयोग सम्म सिकाइन्छ । कर्मयोग, तन्त्रयोग, हठयोग, भक्तियोग, ज्ञानयोग, सहजयोग र परमयोग अर्थात आठै योग सिकाउने गरेको छु । अध्यात्मको रहस्य धेरै गहिरो हुनाले जसले जे चाहन्छ, हामी त्यही दिन्छौं, जो संग जति लिन सक्ने क्षमता छ, त्यति नै फलविद्या व्यक्तिको क्षमता अनुसार दिन्छौं । धेरै प्रकारका कार्यक्रमहरू छन् यहाँ । आन्तरिक यात्रा गर्न सिकाउछौं । परमात्मा र प्रकृति बिचको साक्षी नै गुरू हो जसले बिचमा बसेर साक्षात्कार गरिरहेको हुन्छ । शरीर ब्रह्मा हो, चेतना विष्णु र आत्मा-चेतना उर्जा शिव हो त्यसैले ब्रह्मा, विष्णु, महेश र महाकाली, महालक्ष्मी र महासरस्वतीको दर्शन गर्न प्रारम्ध र आफ्नो क्षमता चाहिन्छ । मान्छेलाई बाँध्ने भनेकै ज्ञानले हो यसर्थ ज्ञानी बन्न सिकौं । ज्ञान भएपछि मान्छेले सबैखाले प्रगति गर्न सक्छ ।

**ॐ श्री त्रिकुटा गुरुधाम नेपाल बारे केही जानकारी हजुरको मुखाग्रताबाट बताई दिनुहुन्छ कि गुरु ?**

- ॐ श्री त्रिकुटा गुरूधाम नेपाल, सानो भऱ्याङ्, स्वयम्भु, काठमाडौमा रहेको छ । सत्यमार्गको शंखनाद — एक सत्य र संकल्पको पुनर्जन्म । सुख, शान्ति, सम्पन्नता एवं आध्यात्मिक सफलताको कुंजी । हरेक असम्भवलाई सम्भवमा बदल्न सक्षम । बुद्धको देश बुद्धत्वको अभियान । सर्वधर्म, सर्व पन्थ, सर्वजात, एकताको हात । सत्यको पथ, सत्य-मार्गी गुरूको साथ, परमपिताको आर्शिवाद । साधना सिद्धि, कुण्डलिनी जागरण, आत्मसाक्षात्कार, साधनासिद्धि दीक्षाहरू, पराविज्ञान रहस्य, वैकल्पिक चिकित्सापद्धति, यज्ञ, हवन, शक्तिपात, प्रवचन, आशिर्वाद एवं कृपा र ब्रह्मज्ञानको सागर । यीनै कुराहरू यहाँ उपलब्ध छन् मेरै प्रत्यक्षतामा । सबैलाई स्वागत छ भन्न चाहन्छु । यो गुरूधाममा जस्ले जस्तो भाव लिएर आउछ, त्यस्तै पाइरहेको छ । आत्मा साक्षात्कार र ब्रह्म साक्षात्कार गरेपछि सृष्टी र परमात्माको दर्शन पछि सबै छर्लङ्गै हुन्छ ।

**गुरुदेवका वाणीहरु अग्निचक्र मासिक मार्फत पनि सुन्न पाइन्छ कि ?**

- मैले मेरो पिताजीबाट धेरै कुरा सिक्न पाएँ, पिताजी बुद्धपुरूष हुनुहुन्थ्यो । सनातन भित्र मानव धर्ममा जन्मन पाएँ । जुनसुकै धर्मका मान्छेलाई पनि यहाँ स्वागत छ । बिहान उठेपछि ब्रह्ममय हुनुपर्छ, परमात्मालाई धारण गर्नुपर्छ । सत्य नै धर्म हो, चन्द्र र सूर्य सत्य-धर्ममा अडिग छन् । मानवधर्म गरेर जीवनयापन गर्नेलाई परमात्माले हरक्षण साथ दिनुहुन्छ । असल मानव बन्ने कोशिश गरौं । सबैको हृदयमा म जतिकै बन्न सक्ने क्षमता र शक्ति रहेको छ । धर्मले समाजलाई सुसंस्कृति र सद्भाव सिकाउँछ । धर्मद्वारा शुद्ध हुदै अध्यात्ममा प्रवेश गर्न सकिन्छ । आत्माको अध्ययन नै अध्यात्म हो । मान्छे जुनसुकै धर्म सम्प्रदायको भए पनि उसको मूल चाहि सनातन नै हो । भुकम्प जाँदा या कुनै प्राकृतिक प्रकोप जाँदा मान्छे आत्तिन्छ तर

यो प्राकृतिक प्रक्रिया हो । भविष्य पुराणमा धेरै चीज उल्लेख छ, अध्ययन गरे ज्ञानी बन्न सकिन्छ । अस्तित्वको बोध हुनु नै अहंकार हो । सूर्यको प्रकाश पाएपछि महसुस गर्न जान्नु पर्छ जीवनलाई । अल्टीमेट रियालिटी बुझेपछि छर्लङ्ग हुन्छ । गुरूद्वारा नै अस्तित्वको बोध (पूर्णता) प्राप्त गर्न सकिन्छ । सद्गुरू, सद्शास्त्र र सज्जनको निकट रहने गर्नुस् ।

**जाति, धर्म, आत्मा र परमात्मा बारे के भन्नु हुन्छ त ?**

*जात जाति धर्महरू गर्नुपर्ने कर्म हो कि !*
*कर्मयोगी बन्न सके यही मानव धर्म हो कि !*
*खोइ कहाँ छ धर्म यहाँ, सबै मनका ढोंग हो कि !*
*आडम्बरको खोल ओढ्दै, अहंकारको गोल हो कि !*

जाति र धर्म बारे छोटो गरी बुझ्नको लागि यसरी भनेको हुँ । अब आत्मा र परमात्माबारे पनि ल सुन्नुस् :

*चैतन्य छ ज्योतिपुञ्ज परमज्योति यसको धाम*
*पदार्थमा बास गर्‍यो जीवन जगत कोटी नाम*

यसैलाई ब्याख्या गरेर बुझ्नुस्– आत्मा र परमात्मा बिचको फरक ।

**गुरुदेव हजुरका पपुलर ३ वटा वाणीहरु बताउदै मोक्ष (समाधि) प्राप्त गर्ने सजिलो माध्यम पनि बताई दिनुहुन्छ कि ! मेरो अन्तिम प्रश्न ?**

– प्रत्येक मनुष्यको जन्म शुद्ध अर्थात अज्ञानीको रूपमा हुन्छ । जन्म पछि उसलाई दिइने संस्कारबाट बाँधिदै जन्म मृत्युको बन्धनमा बाँधिएको हुन्छ । जबकि स्वध्याय एवं शास्त्रको अध्ययनबाट विशेष प्रज्ञावान पनि हुन सक्दछ । जस्तै ब्रह्मलाई पूर्ण रूपले साक्षात गर्दछ अनि मात्र ब्राह्मण बन्न सक्दछ । शुद्रबाट ब्राह्मण बन्नु नै पुनर्जन्म हो । माता पिताद्वारा प्रत्येक व्यक्ति शुद्रकै रूपमा आएर यस संसारको पहिलो श्वास लिन सुरू गर्दछ । जब शिष्यले गुरू अनुकम्पाद्वारा गुरुदिक्षा प्राप्त गर्छ अनि शिष्यको पुनर्जन्म हुन्छ अर्थात शुद्रबाट ब्राह्मण बन्दै ब्रह्मस्वरूप नै बन्दै जान्छ । जसले यस पृथ्वीलाई नै रंगमञ्च मानेर आफ्ना सम्पूर्ण कर्महरू गर्दै निष्कर्म भावमा स्थिर हुन सक्दछ त्यही व्यक्ति नै इश्वरको प्रतिरूप हो ।

यो सम्पूर्ण विश्व ब्रह्मरसले भरिएको ब्रह्मको महासागर हो, जबसम्म गुरू अनुकम्पा हुन सक्दैन, यस ब्रह्मसागरमा रहेर पनि जीवले ब्रह्मरसको रसपान गर्न सक्दैन । जब गुरू अनुकम्पाबाट आत्मा ज्ञान र परमआत्मा ज्ञानको बोध हुन्छ अनि मात्र शिष्यले ब्रह्मरसको रस पान गर्दै ब्रह्मसागरमा पौडिन लाग्दछ । अनि मात्रै जन्मौं जन्मको प्यासलाई मेटाउन सक्दछ । तिम्रो मूल स्वभाव त स्वतन्त्र र निर्मल नै छ । तर तिम्रा विचार, संस्कार र कर्मका बन्धनले बाँधेको हुनाले फेरि पनि अज्ञानताको अन्धकारमा नै बस्नु परेको छ । जबसम्म हामी इश्वरको रहस्य जान्न सक्दैनौं, हामी अन्धो नै ठहरिन्छौ र जबसम्म इश्वरको कृपा प्राप्त गर्न सक्दैनौं, हाम्रो जीवन अपूर्ण नै हुन्छ ।

ध्यान कुनै देखावटीका लागि होइन, यसलाई गलत परिभाषा नगर्नु नै राम्रो हो । ध्यानबाट सफल हुनु भनेको त आँखा खोल्दा साकार दुनियाँको सत्य, आँखा बन्द गर्दा निराकार दुनियाको सत्य तपाईको सामुन्ने हुनुपर्छ । संसारले तिमीलाई कसरी हेर्छ ? त्यसको वास्ता नगर किनकी संसारको आफ्नो दृष्टि छ, तिमीलाई हेर्ने । तर तिमी कसरी हेर्छौ संसारलाई, त्यो तिम्रो आफ्नै दृष्टि हो । किनकी संसार एक ऐना जस्तै हो तर त्यसलाई हेर्ने तिम्रो चेहरा कस्तो छ त्यसकै प्रतिक्रिया तिमी माथि पर्छ । जुन व्यक्तिले आफ्ना कर्महरू गर्दै आफ्नो मनलाई गुरू चरणमा लगायो, त्यही व्यक्ति नै सुरतीमा लिन हुन सक्छ । यस्तो व्यक्तिलाई नै परमहंस भनिन्छ ।

***कल्पनाले ब्रह्ममा खडा गरेर त्यसैप्रति सर्वस्व अर्पेर अपार शान्ति प्राप्त गरिने एक कठोर साधना नै समाधि हो ।***



***जहाज चढेर सजिलै अमेरिका पुगे जस्तो मोक्ष प्राप्त गर्न सजिलो बाटो भनेको भक्ति मार्ग हो ।***

जहाज चढेर सजिलै अमेरिका पुगे जस्तो मोक्ष प्राप्त गर्न सजिलो बाटो भनेको भक्ति मार्ग हो, अत्यन्तै सहज छ त्यो भक्तिमार्ग । भक्तिको साथ गुरूकृपा, गुरूतत्व, गुरूदिक्षा प्राप्त गर्न जरूरी छ । ब्रह्मचिन्तनमा केन्द्रीत हुने योगको आठौं वा अन्तिम अवस्था भनेकै समाधि हो । समाधि भनेको भएभरका दुःखकष्टहरूबाट मुक्त भएर अलौकिक शक्ति–संचय गरिने योगसाधनाको पूर्ण फल हो । यसकारण स्वरूपै नभएको वस्तुलाई कल्पनाले ब्रह्ममा खडा गरेर त्यसैप्रति सर्वस्व अर्पेर अपार शान्ति प्राप्त गरिने एक कठोर साधना नै समाधि भएकाले ध्यान, तप र साधनाका लागि मेरो यो गुरूधाम "ॐ श्री त्रिकुटा गुरूधाम नेपाल" मा आउनु हुन अग्निचक्र मासिक मार्फत पनि सबैलाई आमन्त्रण गर्न चाहन्छु । धन्यवाद छ– लक्ष्मीनारायणजी अन्तर्वार्ताका लागि । सर्वे भवन्तु सुखिनः . . . ।


IPO/FPO भर्न सरल र सहज
ग्लोबल आइएमई बैंकको ASBA सुविधा
अब
नि:शुल्क



ग्लोबल आइएमई बैंकको कुनै पनि शाखाबाट वा ग्लोबल अनलाइन (इन्टरनेट बैंकिङ्ग) तथा ग्लोबल स्मार्ट (मोबाइल बैंकिङ्ग) मार्फत ASBA सुविधा नि:शुल्क प्रयोग गरी सरल र सहज रुपमा शेयरमा लगानी गर्न सकिनेछ ।

ONLINE फारम भर्न सकिने | शेयरमा लगानी गरेको रकम खातामा नै रही रहने | उक्त रकममा ब्याज पनि आइरहने | रिफन्ड लिने झन्झट नहुने

ग्लोबल स्मार्ट प्रयोगकर्ता ग्राहक महानुभावहरुलाई कृपया Play Store मा गएर ग्लोबल स्मार्ट एप update/download गर्नुहुन अनुरोध गर्दछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All
रजिष्टर्ड कार्यालय
कमलपोखरी, काठमाडौं
फोन नं: ०१-४००२५०७/०८
फ्याक्स नं: ०१-४४९१५०२

सिर्जना - ॐ श्री त्रिकुटानन्द गुरु



# जानकीका माइती हामी, दिव्य मानव बनौं हामी

स्वार्थ त्यागी जुटौं सबै
तेरी - मेरी छोडी हामी
आपदमा मात्रै होइन
सधै भरी मिलौं हामी ॥०॥

लेक, बेसी, हिमाल, तराई
एउटै देशका बासी हामी
जाती पार्टी भ्रम मात्रै
एउटै देशका सन्तान हामी ॥१॥

जहाँ जाऊँ, जसो गरौं
देश भक्ति नछोडौं हामी
मातृभूमिको वेदनालाई
बुझ्ने कोशिस गरौं हामी ॥२॥

ईमान्दारीता पहिचान हाम्रो
इमान्दारी कहिल्यै नछोडौं हामी
स्वर्ग सरी छ यो मातृभूमि
स्वर्गै बनाएर बसौं हामी ॥३॥

शान्तिको बटवृक्ष यो देश,
जराहरू नकाटौं हामी
नत्र फेरी ठल्नेछ वृक्ष
देशको धमिरो नबनौं हामी ॥४॥

मातृभूमि रोइरहिछन् सधैं
वेदना बुझ्नै सकेनौं हामी ।
देशको पिडा छुटाउने कसले
सबै कपुत बनेछौं हामी ॥५॥

आज देखि कहाँ हो र
कति कालहरू मोड्यौं हामी ।
पटक-पटक राज गर्‍यौं तर
तृप्त कहिल्यै भएनौं हामी ॥६॥

नामै कस्तो राजनीति
केवल आफ्नै सोच्दै हामी ।
अर्काको सोच नदबाइकन
राज कसरी गर्छौं हामी ॥७॥

यही त हो सबको कारण
भोगि रहेछौं यूगौं यूग हामी ।
अतृप्त मनले राज गर्छन्
दु:ख-पिडामा तिमी हामी ॥८॥

मन कहिल्यै हुदैन तृप्त
आत्माको शरणमा लागौं हामी ।
साक्षात्कार हुन्छ आत्माको जस्तै
स्वयंको राजा बन्छौं हामी ॥९॥

जन्मे यहाँ बुद्ध जस्ता
जानकीका माइती हामी ।
आउ अब सत्यमार्गमा
बुद्धत्व प्राप्ती गरौं हामी ॥१०॥

पशुपतिको पुण्य भूमी हो
पशुसरी नबाँचौं हामी ।
तपोभूमी यो ऋषि-मुनिका
त्याग-तपस्यामा लागौं हामी ॥११॥

वीर सहिदको कर्मभूमि यो
बलिदान गर्न सिकौं हामी ।
जनक जस्ता राजा भए
राजकाज गर्न सिकौं हामी ॥१२॥

कति धोका दिने देशलाई
अब त देशभक्त बनौं हामी
स्वर्ग सरी छ यो मातृभूमि
स्वर्ग बनाउन जुटौं हामी ॥१३॥

विषय-विकार पखाली अब
शुद्ध-मानव बनौं हामी ।
काम-क्रोध लालच त्यागी
दिव्य मानव बनौं हामी ॥१४॥ ००

राजनीतिमाा जे पनि हुन्छ । स्थायी शत्रु र मित्र सधैं रहँदैन भन्ने कुरा नेपालमा पनि प्रस्टै देखिएको छ । माओवादी केन्द्रले तत्कालीन समयमा उसको हेटौंडामा महाधिवेशन भएका बखत नेपाली कांग्रेसलाई वर्गशत्रु किटान गरेर दस्तावेजमै उल्लेख गरेको कुरा सेलाउन नपाउँदै अत्यन्तै नजिकको दोस्ती मानेर सरकारमा सँगै बसी सत्ता आलोपालो हस्तान्तरण समेत भएको देख्न पाइयो । अर्को अचम्मलाग्दो कुरो त के छ भने ०५२ सालमा

**"मर्ने र मार्ने लडाईं लड्ने यी दुई पार्टी कांग्रेस र माओवादी जो परस्पर विरोधी पार्टी हुन्, जसको उद्देश्य नै फरक फरक छ, तर पनि घाँटी जोडियो, किन ?"**

# जनताको शासनमा देउवाको यात्रा कस्तो रहला ?



दुर्गाप्रसाद आचार्य

शेरबहादुर देउवा पहिलोपटक प्रधानमन्त्री रहेका बखत प्रचण्डजीले आफ्नो माग पूरा गर नत्र भूमिगत आन्दोलन गर्छौं भनी मागपत्र पेश गर्ने प्रचण्डकै अनुरोधमा २० वर्षपछि प्रचण्ड र देउवाले घाँटी जोडेर मित्रताको सारथी बने । शेरबहादुर यस्ता पात्र हुन् जसले नै हो प्रचण्डहरूको टाउकोको मूल्य राखेको ।

विगतमा मर्ने र मार्ने लडाईं लड्ने यी दुई पार्टी कांग्रेस र माओवादी जो परस्पर विरोधी पार्टी हुन्, जसको उद्देश्य नै फरक फरक छ, तर पनि घाँटी जोडियो, किन ? त भन्दा सत्ताले गर्दा । यो पंक्तिकार आचार्यले बुझे अनुसार राजनीतिको परिभाषा 'राज्यको नीति, देशको व्यवस्था र अन्य राष्ट्रप्रतिको कुटनैतिक आदि सम्बन्ध ठीक राख्ने राज्य वा सरकारको नीति वा व्यवहारगत व्यवस्था नै राजनीति हो ।' अर्को कुरा राजनैतिक रूपले रेखांकन गरिएको भूगोलमा राजनीति गर्नेहरूको दललाई राजनीतिक दल भनेर बुझिन्छ तर यहाँ त हरेक कुराको गलत अर्थ लाग्छ र व्यवहारमा कार्यान्वयन गर्दा भिन्नाभिन्नै नीति-सिद्धान्त भएका एउटा कम्युनिस्ट र अर्को परम्परावादी आधुनिक बिल्ला भिरेको बुर्जुक राजनीतिको विद्वान् भनिनेहरूको तालमेल देख्दा नेपाली जनता मात्रै होइन पराईहरू पनि छक्क परेका छन् ।

चुनौती, वियोगान्त र विषादले भरिएको नेपाली जनजीवनलाई मुकाबिला, सामना र विजय गर्न सिकाउँछौं भनेर आएका माओवादी मित्रहरू नै जीवनलाई यात्रा, संघर्ष र कर्तव्य हो त्यसलाई त आफैले पूर्ण गराउनु पर्छ है भन्दै कार्यकर्ताहरूलाई विभिन्न रहस्य र स्वप्नको कुरा गरेर आश्वासन मात्रै बाँड्दै हिँडेकाले तेस्रो पार्टीमा झर्नु परेको यथार्थलाई प्रतिज्ञा गरेको सपना पूरा गर्न नसकेकोमा न त पश्चाताप गर्छन्, न त माफी नै माग्छन् । जीवनलाई एउटा अलौकिक वरदान मान्ने नेपाली संगीत, सौन्दर्य र प्रेमलाई जीवन कार्यान्वयनको हँसिलो सूत्र मानिरेहका बखत ०५२ फागुन देखि ०६३ वैशाखसम्म नारकीय जीवन जीउन बाध्य गराउने माओवादीहरू यो स्थानीय तहको निर्वाचनको नतिजा पछि नराम्ररी पछाडि धकेलिँदै गएका छन्-आफ्नै कारणले ।

अराजनीतिक षड्यन्त्रमूलक नीतिहीन कांग्रेस-माओवादी गठबन्धन सरकारले आर्थिक विकास र लगानीको वातावरण बनाएर मुलुकमा रोजगारी वृद्धि गर्ने कुरालाई प्राथमिकतामा राखेको छ तर बोले अनुसार कायम गर्न चाहिं सकेको छैन । वैदेशिक लगानीको वातवारण बनाउँदै स्वदेशी लगानीकर्तालाई पनि उत्तिकै प्राथमिकता दिएको भनेर प्रधानमन्त्री देउवाले बोलेका छन् तर राजपाको मन जित्न नसकेर अहिले नै थाकिसकेका देखिएका छन् । संविधानको पूर्ण कार्यान्वयन गर्ने छु भन्नुहुने देउवाले स्थानीय चुनावलाई असोज २ गतेसम्म धकेलेर केन्द्र र प्रदेशको चुनावलाई बेलैमा सम्पन्न गर्न नसक्ने संकेत व्यवहारमा देखाइसक्नुले नै कतै उनी फेरि पनि असक्षम सावित त हुँदैनन् ? भन्ने प्रश्न उठेको छ ।


प्रधानमन्त्री देउवाले आर्थिक समृद्धि र जनस्तर सुधार गर्नका लागि वर्तमान संविधानलाई सर्वस्वीकार्य बनाएर पूर्ण कार्यान्वयन गर्नका लागि प्रदेश र केन्द्रको चुनाव पनि सम्पन्न गराउन सक्नुपर्छ अनिमात्र अहिलेसम्मको उपलब्धिको दीर्घकालीन भोगचलन मुलुकले गर्न पाउनेछ नत्र अन्य कुनै खाले चलखेल नहोला भन्न सकिन्न । त्यसैले प्रधानमन्त्री देउवाले तस्कर, दलाल, माफिया र असामाजिक तत्वहरूलाई ठेगान लगाई अघि बढ्नुपर्छ । स्वतन्त्र, निष्पक्ष र धाँदलीरहित चुनाव सम्पन्न गरेर दोस्रो चरणको चुनावबाट जनताको पक्षमा चुनाव गराउन सकेको कारण देउवाको जसरी प्रशंसा भइरहेको छ, त्यो प्रशंसालाई अमर बनाउँदै जानका लागि त्यति नै मिहिनेत गर्न जरूरी छ आगामी दिनमा ।

इतिहासबाट पाठ सिक प्रधानमन्त्रीजी ! पहिलो संविधानसभा चुनावमा पहिलो भएको माओवादी दोस्रोपटक तेस्रो पार्टीमा झरेको सम्झेर काम गर । राज्य र जनतालाई बलियो बनाऊ, त्यसो भयो भने पूरा देश नै बलियो हुनेछ । लोकतान्त्रिक प्रक्रियामा र विधिमा उपस्थित नहुने राजपाले राजनीतिक नेतृत्व जनतामा हुँदो रहेछ भन्ने बुझिसकेको हुँदा अब उनीहरू पनि लचिलो बन्ने सम्भावना रहेकाले प्रदेश नं. २ को चुनावमा चाहिं राजपालाई भाग लिन लगाई संविधानको पूर्ण कार्यान्वयन गराउनु हुन प्रम देउवालाई यो पंक्तिकार आचार्य 'अग्निचक्र'मार्फत हार्दिक अनुरोध गर्दछ ।००

# चीन र भारतको संयुक्त इच्छाद्वारा नेपालमा गणतन्त्र टिक्दैन

– *पूर्वमन्त्री* **प्रकाश कोइराला** (जननायक बी.पी. कोइरालाका ज्येष्ठ सुपुत्र)

**नेपालमा स्थायी शान्ति चाहने हो भने नेपालको राष्ट्रियता, स्वतन्त्रता र समृद्धिका लागि बी.पी.को इच्छाअनुसारको राजनीति गर्नु जरूरी छ ।**



**आजकल के गर्दै हुनुहुन्छ ?**

– मुलुकका विभिन्न जिल्लाको भ्रमण सकेर राजधानी आइपुगेको छु । म चिन्तन-मनन्, अध्ययन एवं राजनीतिक परिस्थितिलाई नजिकबाट नियालेर अनुसन्धाता जस्तो बनेको छु किनकि संघीयता, गणतन्त्र र आयातित धर्म निरपेक्षताले मुलुकलाई कहाँ पुऱ्याउला, त्यो त तपाईले पनि बुझ्नु भएकै होला, हैन त भट्टराईजी !!

**नेपाली कांग्रेस, एमाले र माओवादीहरूले सहर्ष स्वीकार गरेको एजेण्डालाई तपाई किन यस्तो भन्नु हुन्छ ?**

– नेपाली जनताको प्रत्यक्ष जनमत बिना आएका आयातित एजेण्डा हुन्- संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता । त्यसैले यी ३ वटा चीजले नेपालको हित गर्दैन, मात्र हानी गर्छ । विदेशीको एजेण्डामा नाँच्ने नेताहरू कांग्रेस, एमाले र माओवादी भित्र छन्, यसकारण मुलुक पछि पर्दै गइरहेको छ । नेपालमा स्थायी शान्ति चाहने हो भने नेपालको राष्ट्रियता, स्वतन्त्रता र समृद्धिका लागि बी.पी.को इच्छाअनुसारको राजनीति गर्नु जरूरी छ । बाह्रबुँदे सम्झौता पछि गिरिजा बाबुको कमजोरी पछि संसदबाट तथाकथित रबर स्टाम्प बनेकाहरूले हात उठाएर लहलहैमा नेपालको भलो नहुने एजेण्डा ल्याउँने कांग्रेस, एमाले र प्रचण्डजीहरूको माओवादी लगायतका दलले २०६३ पछि के गरे या गर्न सके, त्यो सबैले देखेकै छन् नि ! यसकारण कांग्रेस, एमाले र माओवादीले सहर्ष स्वीकार गरे भन्दैमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताले नेपालको भविष्य सुरक्षित हुदैन, हेर्दै जानु होला लक्ष्मीनारायण जी ।

**त्यसो भए अब के हुन्छ होला ?**

– मेरो विचारमा *नेपाली जनताको प्रत्यक्ष संलग्नतामा राजनीतिक एजेन्डाहरूको अनुमोदन नखोजिएका कारण संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता धेरै लामो समय टिक्दैन ।* विदेशी मित्र राष्ट्र र तिनका नेताहरू अब छिट्टै नै फेल खादैछन्, पर्खनु मात्र पर्छ, नतिजा चाडै देख्न पाइने छ । बी.पी.को विचार अनुसारको राजा सहितको प्रजातन्त्रलाई लत्याउने नेपाली कांग्रेस र विदेशीको इसारामा छिमेकी मित्रराष्ट्रको भित्री समर्थनमा नेपालको शासन गर्ने प्रचण्ड-बाबुराम र यिनीहरूको वरीपरी घुम्ने एमाले लगायतका राजनीतिक दलहरूकै कमजोरीले गर्दा अब छिट्टै नै यो मुलुकमा नयाँ खालको परिवर्तन हुदैछ ।

**कस्तो परिवर्तन हो त्यो ?**

– उत्तरी छिमेकी चीन र अर्को छिमेकी राष्ट्र हिन्दुस्तानको बिचमा नेपालको विषयलाई लिएर एउटा गोप्य सहमति भैसकेको हुनुपर्छ, त्यो के हो भने चीन र भारतको दीर्घकालीन हितका लागि नेपालमा राजसंस्था राख्ने र बहुसंख्यक जनताको इच्छानुसारको सनातन हिन्दु राष्ट्र नेपाल बनाउने कुरो । नेपालमा चीन र भारतको आ-आफ्नै स्वार्थ छन्, धेरै वटा स्वार्थ मध्ये प्रमुख स्वार्थ दुवैको सुरक्षा सवाल हो । त्यसैले नेपालको संस्कृति र जनताको इच्छानुसारको शासन व्यवस्था आउनेवाला छ, त्यो हो **गणतन्त्र र संघीयताको खारेजी** र 'सनातन हिन्दुराष्ट्रको उदय' साथमा २०४७ को संविधान, यस्तै यस्तै परिवर्तन आउनेवाला छ, हेर्दै जानुस् ।

**भारतकै सहयोगमा नेपालमा गणतन्त्र आयो, अब फेरि भारत नै गणतन्त्र चाहदैन त नेपालमा ? पत्याउनै गाह्रो कुरा गर्नु भो नि ?**

– राजा ज्ञानेन्द्रलाई मोदीजीको सहयोग चाहिएको छैन तर कुरा के हो भने भारत र भारतका प्रधानमन्त्री मोदी जीलाई श्री ५ ज्ञानेन्द्रको खाँचो महसुस भैरहेको छ, समग्र भारतकै हितका लागि । अनि अर्को कुरा राजा ज्ञानेन्द्रलाई चीनको साथ चाहिएको छैन, चीन र चिनिया राष्ट्रपतिलाई हाम्रो राजा श्री ५ ज्ञानेन्द्रको खाँचो परिरहेको छ अर्थात चीन र भारतको सुरक्षाका लागि नेपालमा राजसंस्था ब्युताउँनु पर्ने खाँचो छ । नेपालको इतिहास हेर्नुस्, तथ्य र मान्यता बुझ्नुस् । जनताको विश्वास र दुवै छिमेकीको हितका लागि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको वंशले नै यो देश हाक्ने छ बहुसंख्यक ॐकार परिवारसहितका सनातन हिन्दु जनताको समर्थनमा । धन्यवाद ॥ ००

**राशि र ग्रहफलमा हैन, कर्म र पुरुषार्थमा विश्वास राखौँ किनकि राम र रावण, कृष्ण र कंश अनि महात्मा गान्धी र नाथुराम गोड्सेको राशि त एउटै हो तर कर्म भने अलग अलग थिए । त्यसैले त्यो काम गरौँ जुन काम गर्दा पछुताउनु नपरोस् ।**



# शुद्ध शरीरले शुद्ध विचार उत्पन्न गराउँछ

वैदिक सनातन धर्मअन्तर्गत सम्पूर्ण विश्वका धर्महरू निहित छन् । 'सनातन' को वास्तविकता हो कहिल्यै सुरु नभएको र कहिल्यै अन्त्य नहुने । सधैं रहिरहेको, कहिल्यै प्रारम्भ नहुने र अन्त्य नहुनुलाई नै सनातन भनिन्छ । हाम्रो वैदिक धर्मलाई पनि सनातन मानिएको छ कि वेद कहिल्यै सुरु भएन र कहिल्यै अन्त्य हुँदैन त्यसैले यस धर्मलाई वा वैदिक धर्मलाई सनातन धर्म मानिन्छ । धर्मको अर्थ हो धारण गर्न योग्य अर्थात् कुन चिजमा कुन गुण रहनुपर्ने हो त्यो नै त्यस पदार्थको धर्म हो । जसरी आगोको धर्म पोल्नु वा ताप दिनु हो यदि ताप प्रसारण वा पोल्ने कार्य गर्न सकेन भने त्यहाँ धर्म रहेन । त्यसैगरी पानीको धर्म शीतलता दिनु हो । त्यसैले धारण योग्य वस्तु नै धर्म हो भन्नुपर्दछ । हाम्रो यस विश्वब्रह्माण्डमा अनेकौं धर्महरू रहेका छन् । तर जति धर्म रहे पनि सम्पूर्ण धर्मको सार भने एउटै रहेको छ - अहिंसा, सत्यवादितामा रहनु । अर्थात् अहिंसा भन्नाले कुनै पनि कारणबाट हिंसामा संलग्न नहुनु हो ।

हिंसा शब्दले विभिन्न क्षेत्रलाई समेट्छ - कर्मले गरिने हिंसा, वचनले गरिने हिंसा, मनले गरिने हिंसा । अर्थात् कुनै पनि तरिकाबाट हिंसाको उद्गार नगर्नु नै अहिंसाको अर्थ हुन्छ । हामीले दैनिक अनेकौं जीवजन्तुहरूको हिंसा शरीरद्वारा वा आफ्नो दैनिक कर्मबाट गरिरहेका हुन्छौं । हामीले गर्ने कुनै पनि कार्यले अप्रत्यक्ष वा सूक्ष्म रूपमा रहेका प्राणीहरूको हिंसा भइरहेको हुन्छ । यसरी गरिने हिंसाबाट पनि हाम्रो परम लक्ष्यप्राप्तिमा बाधा पुऱ्याइरहेको हुन्छ । किनकि हामीले नजानेरै पनि विभिन्न प्राणीको हत्या गरिरहेका हुन्छौं । यो हाम्रो धर्मविपरीत छ । हामीले कदापि धर्मको आधारलाई मान्नैपर्ने हुन्छ जुन वैदिक सनातनअन्तर्गत रहेको हुन्छ । हामी प्राणीमध्येका माथिल्लो प्राणीको जातमा पर्ने मानवले त सबैभन्दा बढी हिंसात्मक कार्य गरिरहेका हुन्छौं ।

हामी जानेरै पनि आफ्नो भोज्यपदार्थको लागि बढी भन्दा बढी हिंसामा संलग्न भइरहेका हुन्छौं । खाली जिब्रोको स्वादका लागि हामी अन्य जीवको हत्या जस्तो निकृष्ट कार्यमा आफूलाई फसाउँछौं । यसका कारण इहलौकिक तथा पारलौकिक दुवै क्षेत्रलाई पथभ्रष्ट पारिरहेका हुन्छौं हामी । जसरी हामी हाम्रो भोज्यपदार्थलाई शुद्ध एवं स्वच्छ राख्न सक्छौं, हाम्रो मन र बुद्धि पनि त्यसकै आधारमा बन्ने गर्दछ । हामीले भोजन गरेको पदार्थअनुसार हाम्रो यस लोक तथा परलोकको मार्ग निर्धारण गर्ने गर्दछ ।

हामी जब शुद्ध शाकाहारी भोजन गर्दछौं जसमा मसलादार कम गर्न सक्दाको अवस्थाले हाम्रो शरीरलाई शुद्धीकरण गर्दै लग्दछ । दैनिक वा सधैंको यस्तो किसिमको भोजनले गर्दा हाम्रो शरीरलाई स्वच्छ र निरोगी बनाउँछ । जब हामी हाम्रो भोजनमा तामसी भोजनलाई संलग्न गराउँछौं भने त्यस अवस्थाले हाम्रो शरीरलाई पनि रोगको घर बनाउँदै लग्दछ । हामी यी सबै कुरालाई जान्दाजान्दै पनि खाली जिब्रो स्वादका लागि भोजनलाई तामसी बनाइरहेका हुन्छौं । हामीले भोजन गर्नेदेखि लिएर मनले पनि स्वच्छ सोचिरहेको अवस्थाले हामीलाई शुद्ध शरीर निर्माण गर्नमा मद्दत पुऱ्याउँछ । जब हामीले गरेको जुनसुकै भोजन पनि कण्ठको क्षेत्र पार गरिसकेपछि एकै पदार्थमा परिणत हुँदै जान्छ । तैपनि हामीले शुद्ध भोजनलाई लिन नसक्नुको कारण हाम्रो मन नै हो । मनलाई बाँध्न नसकेको अवस्थाले गर्दा नै हामीलाई त्यस्तो घोर एवं जघन्य कार्यमा लगाई हामीलाई नै भ्रष्ट बनाइरहेको छ । *मन एव मनुष्याणां कारणम् बन्धमोक्षयोः ॥* मन नै मानिसको बन्धनादिको कारण हो र यसले नै मुक्तिमार्गमा लग्न सक्छ- जब मनलाई आफ्नो वशमा राख्न सक्दाको अवस्था आउँछ नत्र हामीलाई निच कार्यका लागि उत्प्रेरित गर्दछ । त्यसैले हाम्रो भोजनलाई शुद्ध गर्नु हामी सबै सत् धर्मगामी व्यक्तित्वको आजको आवश्यकता हो ।

हामी देखिरहेका छौं कि तामसी भोजन गर्ने व्यक्तित्व जहिले पनि आफूलाई नै अहमताको बाटोमा हिँडाइरहेको हुन्छ । त्यसैले हामीले इहलौकिक एवं पारलौकिक दुवै क्षेत्रलाई सुरक्षित गर्नु छ भने हामीले हाम्रो भोजनमा शुद्धता अवश्य कायम राख्नुपर्दछ । यो एक दिन गरेर हुने कुरा होइन । यसलाई निरन्तर एवं सधैं कायम राख्नुपर्दछ । शुद्ध भोजनले शरीरको शुद्धता कायम राख्छ । शुद्ध शरीरले शुद्ध विचार उत्पन्न गराउँछ । शुद्ध विचारले सम्पूर्ण जीवात्मालाई आफूसमान मान्दछ र सबैको हितमा याने कि जीव कल्याणार्थ कार्य गर्न प्रेरित गर्दछ ।

सम्पूर्ण जीवमा उही शास्वत भगवान्लाई देखिरहन्छ र सधैं भक्तिमा लागिरहन्छ । त्यसैले शुद्ध भोजनादिबाट कुनै पनि जीवको मार्ग निर्धारण गर्दछ । शुद्ध भोजनबाट निस्कने शुद्ध विचार र शुद्ध मनले नै जीवलाई उसको परम चरम लक्ष्यमा पुऱ्याउँछ । ***जय नेपाल*** **।००**



## वातावरण

ख्याल गरौं ख्याल गरौं वातावरण जोगाउ
रूख रोपी वातावरण हरियाली बनाउ ।

जोगाउ पानी, जोगाउ हावा, जोगाउ अनि माटो
हावा, पानी, माटो फोहर भए, बन्द हुन्छ जिन्दगीको बाटो ।

नफालौं न जथाभावी फोहर र मैला
जथाभावी फाले फोहर सकिन्छौं है पैला ।


प्लास्टिक झोला हेर्दा देखिन्छ नि राम्रो
नसडेर नगलेर बिगार्छ बारी हाम्रो ।

छुट्याउँ है गल्ने अनि नगल्ने फोहर
गल्ने जति कम्पोष्ट हुन्छ नगल्ने त मोहर ।

आजैबाट थालौं न जोगाउन वातावरण
वातावरण जोगियो भने बच्छ हाम्रो त्राण ।

***- तिलक पौडेल***





# बाहिरबाट हेरे जस्तो छैन

# उत्तर कोरिया

– हस्तबहादुर केसी

बाहिरबाट हेरे जस्तो छैन उत्तर कोरिया । बाहिरबाट बुझे जस्तो छैन उत्तर कोरिया । बाहिरबाट अनुमान गरे जस्तो छैन उत्तर कोरिया । साम्राज्यवादी तथा पुँजीवादी संचार माध्यमहरूले अर्थात पहिलेदेखि नै पश्चिमा संचार माध्यमहरूले आफ्नो अनुकूल दुश्प्रचार गर्दै आए जस्तो छैन उत्तर कोरिया ।

उत्तर कोरियामा म आफै पुगेर, भित्रैसम्म पसेर त्यहाँको समग्र क्षेत्रको अध्ययन गर्दा र गहिरो गरि बुझ्ने क्रममा पहिलेदेखि पश्चिमा संचार माध्यमहरूले जुन प्रचार गर्दै आएका छन्, त्यसको ठिक उल्टो पाएँ मैले । उत्तर कोरियालाई हेर्ने दुइवटा पाटाहरू छन् – भित्री पाटो र बाहिरी पाटो ।

कुनै पनि चिजलाई हेर्ने र बुझ्ने सवालमा बाहिरी पाटोलाई भन्दा भित्री पाटोलाई मुख्य मानिन्छ । किनकि मार्क्सवादी द्वन्द्ववादले सिद्ध गरिसकेको कुरा हो, विज्ञानले प्रमाणित गरिसकेको कुरा हो हरेक वस्तुको बाहिरी पाटो गौण हो र भित्री पाटो नै मुख्य हो । यसका आधारमा हेर्दा बाहिरी पाटो रूप हो भने भित्री पाटो त्यस वस्तुको सार हो । पश्चिमी संचार माध्यमहरूले पहिलेदेखि नै उत्तर कोरियाको बारेमा दुश्प्रचार गर्दै आएको कुरा के हो भने उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ । बाबुपछि छोरो र छोरोपछि नाती राष्ट्र प्रमुख हुने व्यवस्था छ । यस प्रकारको व्यवस्था भनेको राजतन्त्रात्मक व्यवस्था हो भन्ने अत्यन्तै चर्को स्वरमा प्रचार गर्दै आएका छन् । जनवादी गणतन्त्र कोरियाका संस्थापक नेता किम इल सङ उत्तर कोरियाको पहिलो राष्ट्रपति बने । उनको मृत्युपछि उनको छोरो किम जुङ इललाई राष्ट्रपति बनाइयो र उनको निधन पछि उनकै छोरो, अर्थात किम इल सङको नाति किम जोङ उनलाई राष्ट्राध्यक्ष बनाइएको छ । यसलाई आधार बनाएर उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ भनेर पश्चिमा संचार माध्यमहरूले प्रचार गर्दै आएका छन् ।

उत्तर कोरिया प्रति लगाइदै आएको अर्को आरोप हो– त्यहाँ मानव अधिकार व्यापक रूपमा हनन् गरिएको छ । त्यस्तै उत्तरको बारेमा लगाइएको आरोप र कुप्रचार के हो भने त्यहाँको कम्युनिष्ट सरकारले जनतालाई खान, लाउनबाट वञ्चित गरिदै आएको छ र जनतालाई भोकभोकै मारिन्छ भन्ने हो । यससँगै जोडिएको अर्को दुश्प्रचार के हो भने जनताले उचित मात्रामा पोषणयुक्त खाना खान नपाएर, कुपोषणले गर्दा ख्याउटे छन् त्यहाँका जनता भन्ने प्रचार गरिदै आएको छ ।

पश्चिमा संचार माध्यमहरूले दुश्प्रचार गर्दै आएको अर्को आरोप के हो भने उत्तर कोरियामा सैनिक शासन छ । जनतालाई चुसम्म पनि बोल्न, लेख्न र विरोध गर्न पाइन्न भन्ने छ । व्यापक रूपमा प्रचार गरिएको अर्को आरोप के हो भने सूचनाको हकबाट कोरियन जनतालाई पुरै बन्धक बनाइएको छ भन्ने आदि-इत्यादि ।

बाहिरी पाटोबाट हेर्दा खेरी पश्चिमा संचार माध्यमहरूले साम्राज्यवादी तथा पुँजीवादी वर्गको स्वार्थको अनुकुल र कम्युनिष्ट शासन प्रणाली, वैज्ञानिक समाजवादी राज्यव्यवस्था र शासन प्रणालीका विरूद्ध, कम्युनिष्टहरूलाई बदनाम गर्ने, विश्वस्तरमै सर्वहारा श्रमिक जनसमुदायका बीचमा कम्युनिष्ट शासन प्रणाली र वैज्ञानिक समाजवाद प्रति घृणा पैदा गराएर आम श्रमिक जनतालाई निरास तुल्याउने उद्देश्यले षडयन्त्रपूर्ण ढंगले गरिएका गलत प्रचार मात्रै थियो । किनकि



उत्तर कोरियामा म स्वयम् भौतिक रूपमा उपस्थित भएर सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको जगमै पुगेर भित्री पाटोबाट हेर्दा र गहन ढंगले वर्कर्स पार्टी कोरिया, लामो समय पहिलैदेखि र आजको २१ औं शताब्दिको आफ्नो विशेषताहरूसहित जनवादी गणतन्त्र कोरिया सरकारले सञ्चालन गर्दै आएको समाजवादी व्यवस्था, जनताको उच्च प्रकारको जीवनस्तर, मुलुकको आधुनिकीकरण र विकास निर्माण, भौतिक संरचनाहरूको निर्माण र प्रयोग, जनताको उच्चस्तरको वैज्ञानिक चेतनाको विकास, वर्गीय भावना, वर्गीय प्रेम, कम्युनिष्ट जीवनशैली उच्च छ । जनताको राष्ट्रियताप्रति उच्च समर्पणभाव, गास, वास, कपास र शिक्षा, स्वास्थ्य, यातायातका क्षेत्रमा जनताको ग्यारेन्टी राज्यले लिएको अवस्था आदि विषयमा त्यहीँ पुगेर स्वयम् आफ्नै आँखाले हेर्ने मौका पाए पछि आजसम्म पश्चिमा संचार माध्यमहरूले गरेका प्रचारहरू सब गलत रहेछन् । साम्राज्यवादी तथा पुँजीवादीहरूले शुरूदेखि नै चारैतिरबाट नाकाबन्दी लगाएर, विश्वरंगमञ्जबाटै एक्लो पारेर उत्तर कोरियामा त्यहाँका कम्युनिष्टहरूले आफ्नै विशेषतासहितको समाजवादका विरूद्धमा एकलौटी रूपमा पुँजीवादी, साम्राज्यवादी स्वार्थ पुरा गराउने उद्देश्यले संचालन गरिएका पश्चिमा संचार माध्यमले उत्तर कोरिया प्रति लगाइएका सम्पूर्ण आरोपहरू विश्वजनताका बीचमा भ्रम छर्नका लागि गरिएको कु प्रचार रहेछ । समाजवादका विरूद्धमा, कम्युनिष्ट क्रान्तिकारीहरूका विरूद्ध गरिएको गतल र भुट प्रचार मात्रै रहेछ । आन्तरिक पाटोबाट उत्तर कोरियामै पुगेर हरक्षेत्रको अध्ययन गर्ने क्रममा यी तथ्यहरू प्राप्त गरेँ मैले ।

उत्तर कोरियाका कम्युनिष्टहरूले शुरूदेखि नै कम्युनिष्ट पार्टी नराखेर पार्टीको नाम वर्कर्स पार्टी कोरिया राख्दै आएका छन् । वर्कर्स पार्टीको पथप्रदर्शक सिद्धान्त, मार्गदर्शन सिद्धान्त मार्क्सवाद-लेनिनवाद-जुछेविचारधारा (आत्मनिर्भरताको सिद्धान्त) हो । जुछेविचारधारा कमरेड किल इल सङले प्रतिपादन गरेको विचार प्रणाली हो ।

सन् १९४५ मा जापानी साम्राज्यवाद र घरेलु सामन्तवादलाई ध्वंश गरेर कोरियाको उत्तरी भूभागमा समाजवादको स्थापना गरिएको थियो भने दक्षिणी भूभाग (आधाभूभाग) अमेरिकी साम्राज्यवादको सेनाको उपस्थिति र सहयोगमा पुँजीवादको स्थापना गरिएको थियो । त्यसदेखि यता उत्तरकोरिया र दक्षिण कोरियाको नामाकरण गरियो । विपरित विचार र सिद्धान्तका आधारमा शासन प्रणालीहरू संचालनमा रहदै आएका छन् । पानमानजोङ भन्ने स्थानले सिमा छुट्याएको छ ।

सन् १९४५ देखि यता उत्तर कोरियामा निरन्तर रूपमा वैज्ञानिक समाजवादलाई आजको २१ औं शताब्दिका विशेषतासहितको र कोरियन विशेषता सहितको समाजवादलाई अभ्यासमा ल्याइएको छ भने दक्षिण कोरियामा भने अमेरिकी साम्राज्यवादको सेनाको उपस्थिति र सहयोगमा एक प्रकारको विकृत र कुरूप पुँजीवादको स्थापना र विकास गर्दै ल्याइएको छ । अहिले उत्तर कोरियामा वैज्ञानिक उच्चस्तरबाट विकास गरिएको छ भने दक्षिण कोरियामा अमेरिकी साम्राज्यवादको सहयोग र आडभरोसामा संसारमै एउटा विकृत र कुरूप प्रकारको पुँजीवादको विकास गरिएको छ ।

सन् १९५० देखि १९५३ सम्म उत्तर कोरिया र अमेरिकाका बीचमा भीषण युद्ध चल्यो । त्यसलाई कोरिया र अमेरिकी युद्ध भनिन्छ । त्यस युद्धमा १५ लाख जति उत्तर कोरियाका जनताले ज्यान गुमाएका थिए भने करिब ५ लाख जति चिनीयाँ स्वयम् सेवकहरूको हत्या भएको थियो । कोरिया युद्धमा चिनीया नेता कमरेड माओको जेठो छोरा आङछिङको पनि मृत्यु भएको थियो । रसीयाले सैनिक साहेता सहित उत्तर कोरियालाई त्यस युद्धमा ठूलो सहयोग गरेको थियो ।

कोरियन युद्धमा करीब ६० हजार जति सेनाहरू मारिएका थिए र कोरियाले त्यस युद्धमा अमेरिकी साम्राज्यवादलाई खरानीमा परिणत गरि दिएको थियो ।

कोरिया-अमेरिकी युद्धमा राजधानी प्योङयाङ बम, गोलाबारूदले ध्वंश बनाएर खरानीमा परिणत हुन पुगेको थियो, पछि कोरियनहरूले प्योङयाङ उपत्यकालाई पूर्णरूपमा पुनर्निर्माण गरेर आधुनिकीकरण गरेका रहेछन् । अहिले प्योङयाङ उपत्यका संसारकै एउटा अत्याधुनिक शहरका रूपमा निर्माण र विकास गरिरहेछन् कोरियनहरूले ।

अहिले पनि जनवादी गणतन्त्र कोरिया सरकारले दक्षिण र उत्तर कोरियाको एकीकरणको अभियानलाई प्रमुख प्राथमिकतामा राखेको रहेछ । दक्षिण कोरियालाई अमेरिकाले सहयोग गर्दै आएको र ठूलो संख्यामा सेना समेत तैनाथ गर्दै आएकोले उत्तरकोरिया र अमेरिकाका बीचमा पुनः अर्को पटक भीषण युद्ध हुन सक्ने आँकलन गर्न सकिन्छ । त्यसो भएर उत्तर कोरिया सरकारले अत्याधुनिक हतियार, मिशाइल र क्षेप्यास्त्रको निर्माण र परिक्षण गरिरहेको छ ।

शुरूदेखि नै कोरियन कम्युनिष्टहरूले कम्युनिष्ट पार्टीको वर्कर्स पार्टी कोरिया राख्दै आएका छन् र कमरेड किम इल सङको नेतृत्वमा कोरियन क्रान्ति सम्पन्न भयो र उहाँकै नेतृत्वमा वैज्ञानिक समाजवादको स्थापना र विकास गरियो । त्यसपछि उहाँको छोरा किम जुङ इल र नाती किम जोङ उनको नेतृत्वमा कोरियामा समाजवाद उच्चस्तरमा विकास गरिरहेको पाइयो त्यहाँ ।

जनवादी गणतन्त्र सरकारले सम्पूर्ण जनताको गास, वास र कपासको पूर्ण ग्यारेन्टी गरेको रहेछ । शिक्षा, स्वास्थ्य, यातायात जनताका लागि निःशुल्क गराइएको रहेछ ।

नीजि सम्पत्ति छैन । बैंकहरू छैनन् । सम्पूर्ण जिम्मा राज्यले लिएको रहेछ । पैसो चल्तीमा छैन । जनताका सम्पूर्ण आवश्यकताहरू खाने, लाउने र आवासको ग्यारेन्टी राज्यले लिएको रहेछ । जनताले कुनै पनि नीजि मामिला बेहोर्नु पर्ने रहेनछ । जनताले ८ घण्टा अनिवार्य रूपमा श्रम गर्नु पर्ने व्यवस्था रहेछ उत्तर कोरियामा । अहिले वर्कर्स पार्टी कोरियाको केन्द्रीय कमिटी ३०० जना सम्मको रहेछ । ५० वर्षभन्दा मुनि उमेरको कोही पनि केन्द्रीय समितिमा पुग्न सक्दो रहेछ । पार्टीका सम्पूर्ण स्तरका नेताहरूले पार्टी र राज्यको काम बाहेक ८ घण्टा अनिवार्य रूपमा श्रम (उत्पादन) मा भाग लिनु पर्ने व्यवस्था रहेछ ।

केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय स्तर गरि पार्टि र राज्यमा पार्टीगत तथा प्रशासनिक विभाजन गरिएको रहेछ ।

शहरी क्षेत्रमा करीब ५०।६० तलाका भवनहरू निर्माण गरेर एक परिवारलाई एक फ्ल्याट निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था मिलाइएको र गाउँलाई पनि लगभग शहरीकरण गरि सकेको रहेछ र बाँकी गाउँहरूमा किसानहरूका लागि एकै आकारका तीन तले घरहरू निर्माण गरेर निःशुल्क रूपमा वितरण गरिएको रहेछ ।

बैंकहरू छैनन्, नोटहरू चल्दैनन् । तर जनताका कतिपय व्यक्तिगत चाहना पूर्तिका लागि ८ घण्टा श्रमको एउटा सानो हिस्साको रूपमा पैसा उपलब्ध गराउने व्यवस्था रहेछ । गाउमा किसानले उत्पादन गरेको कृषि उपजबाट विक्रीका सानो अंश किसानलाई उपलब्ध गराउने व्यवस्था रहेछ । सानो देखि ५०००।- सम्मका नोटहरू सरकारले काटेको रहेछ । तर बैंकहरू छैन । जनताका बिचमा ती नोटहरू प्रचलनमा पनि छैन । उत्तर कोरियामा अमेरिकी डलर, युरो डलर र चाइना डलर चल्तीमा ल्याइएको रहेछ ।

उत्तर कोरियामा मुख्य खेती धान रहेछ । मकै, गहुँ, जौं र अन्य बालीनाली र फलफूल तथा तरकारी खेती गरिँदो रहेछ । नपुगे पछि खाद्यान्न र अन्य वस्तुहरू चीनबाट पनि आयात गरिदो रहेछ, शिक्षा सतप्रतिशत रहेको छ । बाल शिक्षण अस्पतालहरू पनि सञ्चालनमा ल्याइएको रहेछ । खेलकुद र मनोरञ्जनलाई जनताको चाहनाको प्राथमिकता राखिएको रहेछ । जनवादी, शिपमुलक, प्रयोगात्मक र वैज्ञानिक शिक्षा अनिवार्य गराइएको रहेछ शिक्षा सम्पूर्ण रूपमा निःशुल्क रहेछ । सरकारी छात्रावृत्तिमा विविध विषयमा विद्यार्थीहरूलाई विश्वका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन गर्न जाने र आर्जित सीपलाई बोकेर स्वदेशमै फर्कने व्यवस्था रहेछ ।

समाजवाद र जुछेविचारधाराको बारेमा विरोध गर्न पाइदैन । १८ वर्ष माथिका आम जनतालाई सैनिकीकरण गरिएको रहेछ । हरेक जनता सैनिक तालिम प्राप्त हुनै पर्ने रहेछ । स्वास्थ्य राम्रो छ । जनताको जीवनस्तर उच्च रहेको छ । सम्पूर्ण जनता कालो सुटकुटमा सजिएका हुन्छन् । महिलाका लागि मिनी स्कटको व्यवस्था पनि रहेछ । जनतामा अत्यन्तै हाँसी खुसी र उमंग देखिन्छ र राष्ट्र निर्माणमा समर्पित भएको पाइयो । जनतामा राष्ट्रियताको सवाल ज्यादै बलियो देखिन्छ ।

उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ भनेको साम्राज्यवादी, पुँजीवादी र सबैखाले संशोधनवादीहरूले लगाउदै आएको झुटो आरोप मात्रै रहेछ । किम इल सुङको परिवारले कोरियन मुक्ति युद्ध र समाजको निर्माण र विकासमा पुऱ्याएको योगदानलाई कोरियन जनताले सम्मान स्वरूप पनि राष्ट्र चलाउने क्षमता भएका सन्तान रहेसम्म सुङको परिवारलाई नछोड्ने देखिन्छ त्यहाँ । किल इल सङ, किम इल जुङहरूले आफूहरूले राम्रो खाएको र राम्रो लगाएको देखिन्थे । यो काम आफूहरूले मात्र नगरेर आजजनतालाई राम्रो खान, राम्रो लगाउन सिकाएर बस्ने खाने व्यवस्था पनि राम्रो गरिदिएको पाइयो । यसले गर्दा पनि उनीहरू कोरियन जनताका बीचमा निकै लोकप्रिय र आस्था तथा भरोसाका केन्द्रविन्दु बन्न पुगेका रहेछन् ।

सूचनाको हकमा उत्तर कोरियाले आफ्नै प्रकारको गुगलको विकास गरेको रहेछ । फोन, मोबाइल, नेट, इन्टरनेट जनताका लागि निःशुल्क रहेछ भने विदेशीहरूका लागि ज्यादै महंगो छ ।

पर्यटकहरू बढि देखिन्छन् उत्तर कोरियामा । व्यक्तिगत भीसा दिदोरहेनछ । साम्राज्यवाद विरोधी तथा जुछेविचारधारा समर्थक संघ संस्था जो सम्बन्धित देशको राजदूतावासले अनुमोदन गरे पछि कोरियाको भिसा प्राप्त हुदोरहेछ । त्यहाँ पुगे पछि पनि सरकारको निगरानीमा रहनु पर्छ र २ जना सम्म गाइडको व्यवस्था मिलाइदिएको हुन्छ । जनतालाई खान, लाउन, बस्न र नीजी मामिलामा कुनै चिन्ता र झन्झट छैन । सम्पूर्ण जनताको ग्यारेन्टी राज्यले लिएको रहेछ । नीजि सम्पत्ति र नीजि मामिला बेहोर्न नपरे पछि जनताले आकास चुम्ने र नौलो संस्कार निर्माण गर्ने सपना देख्दो रहेछ भन्ने एउटा नमूनामा उत्तर कोरियामा दश दिनसम्म बस्दा अध्ययन गर्ने मौका मिल्यो मलाई ।

उत्तर कोरिया अहिले पनि समाजवादको अनुपम नमूना विश्वका सर्वहारा श्रमिक जनताका लागि एउटा शिक्षाप्रद देश रहेछ । हामी पनि कम्युनिष्ट पार्टी आबद्ध भएर देश, जनता र क्रान्तिका लागि सपथ खाएर घर परिवार श्रीसम्पत्ति, श्रीमति, बाबुआमा, कलिला छोराछोरी र लालाबालाहरूलाई छोडेर पूर्णकालिन कार्यकर्ता बनेर घर परिवारबाट निस्कने बेलामा परिजनलाई "भोली पार्टीले क्रान्ति सम्पन्न गर्नेछ, छोराछोरी र यी लालाबालाहरूको पालन-पोषण र शिक्षा दिक्षा पनि हाम्रो सरकारले गर्नेछ" भन्ने सपना सुनाउदै लक्ष्यप्रति ढुक्क र प्रतिबद्ध भएर घरबाट निस्केका थियौँ । पार्टी कार्यकर्ता र जनतालाई यही कुरा सुनाउथियौं र क्रान्ति पछि सम्पूर्ण जनताको जिम्मा कम्युनिष्ट सरकारले लिनेछ भनेर । घर, परिवारजन र जनता पनि विश्वस्त र आशावादी बन्दै थिए । यही सपना बढ्दै दश वर्षे जनयुद्ध पनि भयो । दशौं हजारले साहदत पनि प्राप्त गरे । तर नेतृत्वमा पैसा भएको विचलन र अवसरवादले गर्दा नेपाली क्रान्ति चक्नाचुर बन्न पुग्यो र अहिले नेपाली जनता निरास भएर कांग्रेस, एमाले र अन्य संशोधनवादीहरूले थापेको संसदीय चुनावको ढ्वाङमा आफ्नो मत खसालेर संसदीय व्यवस्थाका दलालहरूलाई अनुमोदन गर्न विवश छन् । नेतृत्वले गरेको बेइमानी र धोकाले गर्दा २००६ साल देखि अहिलेसम्म आइपुग्दा नेपालीको वास्तविक सपना धेरै टाढाको वस्तु बन्न पुगेको छ । तर पनि नेपालका क्रान्तिकारी कम्युनिष्ट बिलकुल निरास नभएर विगतको इतिहास देखि वर्तमानसम्मको कोरियन समाजवादबाट शिक्षा लिन जरूरी छ ।

सन् २०१७ अप्रिल १३ (२०७४ चैत्र ३१) सम्म उत्तर कोरियाको राजधानी प्योङपाङमा 'साम्राज्यवाद विरोधी लेखक/पत्रकारहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भागलिनका लागि नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको तर्फबाट त्यहाँ पुगेको थिएँ । हाम्रो टोलीमा ६ जना थियौ भने तीन समूहबाट गरि १५ जना नेपाल र चीन, जापान, नेपाल, भारत, बंगलादेश, पाकिस्तान, फिलिपिन्स, इन्डोनेसिया, वेलायत, आयरल्याण्ड, फिन्ल्याण्ड, जर्मनी, फ्रान्स, बेल्जियम, टर्की, पोल्याण्ड, ब्राजिल, रूस, चेकोस्लोभाकिया, कंगो, घाना, गिनी, अर्जेन्टिना लगायत ६० देशका करीब १५० जना लेखक पत्रकार त्यहाँ जम्मा भएका थियौं । ००

# पूर्णदेखि पूर्णसम्म



म पूर्ण हुँ । आत्मा पूर्ण हो । ईश्वर पूर्ण हो । ब्रह्म पूर्ण हो । मदेखि लिएर ब्रह्मसम्म अथवा ब्रह्मदेखि लिएर मसम्म सारा पूर्णैपूर्ण । पूर्ण दृष्टिले हेरे सबै पूर्ण । अपूर्ण केही छैन, कोही छैनन् । पूर्णबाट सृष्टि हुन्छ । पूर्णले पूर्णको पालन गर्छ । पूर्णमा नै लय हुन्छ ।

जन्म पूर्ण हो । जीवन पूर्ण हो । मृत्यु पनि पूर्ण नै हो । जीव पूर्ण हो । जगत् पूर्ण । ईश्वर पूर्ण । ब्रह्म पूर्ण । जाग्रत् पूर्ण । स्वप्न पूर्ण । सुषुप्ति पूर्ण । तुरीय परिपूर्ण । बाल्यावस्था, यौवनावस्था, वृद्धावस्था पूर्णैपूर्ण । सुख-दुःख सबै पूर्ण । लाभ-हानि पूर्ण । बन्धन पूर्ण । मोक्ष पूर्ण । उज्यालो पूर्ण । असत् पूर्ण । सत् पूर्ण, अमरता पूर्ण ।

घटाकाश पूर्ण । मठाकाश पूर्ण । आगोको सानो झिल्को, फिलिङ्गो पूर्ण । वडवानल पूर्ण । पृथ्वीको एउटा सानो कण पूर्ण । अनन्त ब्रह्माण्ड पूर्ण । कुवाको एक आचमनी पानी पूर्ण । महासागरको विशाल जल राशि पूर्ण । विष्णुको पाउको चरणामृत एक थोपा मात्र भए पनि पूर्ण । सुवर्णको एउटा सानो कण पनि सुवर्णरूपमा पूर्ण अनि किलोका किलो वा हजारौँ सुवर्ण मुद्रा पनि सुवर्णरूपमा पूर्ण ।

व्यष्टि व्यष्टिरूपमा पूर्ण । समष्टि समष्टिरूपमा पूर्ण । जीवात्मा र परमात्मा सबै आ-आफ्ना स्थानमा पूर्ण । कमिला पूर्ण । हात्ती पूर्ण । दुवैको काल पूर्ण । सहकाल पूर्ण । अनिकाल पूर्ण । एकलाख श्लोकको महाभारत पूर्ण, एकलाख मन्त्रको वेद पूर्ण । अनि एकाक्षरी प्रणव ॐ पूर्ण । त्यसैले पूर्णश्रुतिको उद्घोष छ-


**ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥**
**ॐ शान्तिः ! ॐ शान्तिः ! ॐ शान्तिः !**

**ॐ** भनेको सच्चिदानन्द अद्वयरूपमा परमात्मा । **अदः** = त्यो परब्रह्म परमात्मा सबै प्रकारले पूर्ण छ । **इदम्** = यो जीवात्मा, यो जगत्, यो दृश्य प्रपञ्च, सारा ब्रह्माण्ड पूर्ण नै छ । किनभने पूर्णबाट, त्यो परब्रह्मबाट यो जीव, जगत् आदि उत्पन्न भएको हो, आएको हो । त्यो पूर्णबाट यो पूर्ण निकालेपछि पनि त्यो पूर्ण नै बाँकी रहन्छ । त्रिविध प्रकारको शान्ति होस् ।

शरीरको एउटा सानो अङ्ग पनि पूर्ण नै हो । पूर्णाङ्ग शरीर पनि झन् पूर्ण भइहाल्यो । अझ कुनै अङ्ग नभएको अपाङ्ग वा विकलाङ्ग पनि आ-आफ्ना स्थानमा पूर्ण नै मान्नुपर्छ । नवजात शिशु नाङ्गो भए पनि पूर्ण । पछि नाना प्रकारका गहना र लुगाले शिर पाउ ढाके पनि पूर्ण नै हो । फूलको एक थुँगा पूर्ण, फूलको एउटा माला पूर्ण । फूलैफूलले ढकमक्क भएको बगैँचा पनि पूर्ण । शून्य (०) देखि लिएर १, २, ३, ४, ५, ६, ७, ८, ९ सबै पूर्ण । अनि १ को पछि जति शून्य थपे पनि अनन्तसम्म पूर्णै-पूर्ण । शरीरको एउटा रौँ पनि पूर्ण नै हो । रौँ प्रमाणको नसा, एक थोपा रगत अनि एउटा समग्र शरीर पनि पूर्ण । एउटा पिलपिले तारादेखि लिएर नौ लाखे तारा, सूर्य, चन्द्र, बृहस्पति आदि सारा ग्रह, नक्षत्र पूर्णभित्रै पर्दछन् ।

अक्षराम्भ गर्नुभन्दा अगाडिको एउटा सानो बिन्दु (.) देखि लिएर विशाल-विशाल ग्रन्थ- चार वेद, अठार पुराण, अठार उपपुराण, महाभारत,

## पूर्ण थियो पूर्ण भयो




*सत्सङ्ग परिवार जावलाखेलमा हालै विमोचित प्रा. शिवगोपाल रिसालको ५२ औं कृति*

पूर्णका विषयमा के लेख्नु ? पूर्णका विषयमा पनि के नलेख्नु ? लेखे पनि पूर्ण, नलेखे पनि पूर्ण, आफ्नो भूमिका लेख्ता-लेख्तै आफैँ एकजना भूमिका भइसकियो । 'ज्ञानदेखि विज्ञानसम्म' प्रकाशित भएपछि अरूको माग पूर्ति गर्दागर्दै यतिका निबन्ध प्रकाशित भइसके छन् । केही त नयाँ पनि परेका छन् । अब त कति लेख्नु जस्तो लागि सक्यो । सम्भवतः यही नै पछिल्लो निबन्ध संग्रह होला । आध्यात्मिकभन्दा बाहेक अरू विषय जानेको पनि छैन, जान्ने प्रयास पनि गरिएन । जान्नु र लेख्नुको औचित्य पनि देखिएन । जति घुमे पनि घुमाए पनि केन्द्र बिन्दु त हो ब्रह्म नै, आत्मा नै । यसैको सेरोफेरोमा सारा निबन्ध केन्द्रित भएकाले आजका जड भौतिकवादीका आँखामा कस्ता-कस्ता लाग्दा हुन् । आँखाबाट पसे पनि मनमा बसाउन त हम्मे-हम्मे नै पर्ला । तर आफ्नो भने मान्यता बनिसकेको छ, अत्यन्त दरो र बलियोसँग- अध्यात्मबिनाको साहित्य त साहित्य नै होइन ।

आफूले सोच्यो, आफूले लेख्यो, आफूले छपायो, आफूले पढ्यो, आफू रमायो, आफूभित्रै रसायो, बस् ! हाम्रा स्वाध्यायी, सत्सङ्गी, मन र मुटु मिल्ने अध्यात्मप्रेमी सज्जनहरू समेत लाभान्वित हुनुभयो भने राम्रो काम गरिएछ भनी सन्तोषको अनुभव गर्न पाइन्छ । नभए भविष्यमा अध्यात्मप्रिय कोही जन्मेछन् भने पढ्लान्- 'आध्यात्मिक साहित्यको इतिहास' भनेर ।

आफूलाई लाग्छ- आफ्ना सन्तान सबै राम्रा छन्, राम्रा लाग्दा रहेछन्- यो मानवीय स्वभाव होला । मेरा प्यारा मित्र उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीज्यूले निकै परिश्रम गरी पढ्नुभएछ, पढेर बुझ्नुभएछ, बुझेर आफूलाई लागेका कुरा लेखिदिनुभएर ठुलो गुन लगाउनु भएको छ । उहाँमा यस्ता निबन्ध, यस्तै कविता-काव्य बुझ्ने र पढ्ने रूचि बढ्दै गएको मैले अनुभव गरेको छु । एक-दुई जना यस्ता अध्यात्मप्रेमी पाठक, शिक्षक, प्राध्यापक पाउँदा पनि असाध्य खुशी लाग्छ । उहाँलाई धेरै-धेरै धन्यवाद ! साधुवाद ! ००

गीता, उपनिषद्, रामायण, ब्रह्मसूत्र, विश्वकोश आदि सम्पूर्ण वाङ्मय जगत् नै पूर्ण । आधा ग्रागो पानी पनि पूर्ण हो, चौथाइभन्दा । त्यसैलाई एउटा गिलासमा हाले भरिएर बाहिरसमेत पोखिन्छ, पूर्ण भएन त ? एउटा छोटो धर्को (-) पूर्ण हो । अलि लामो (— ) पनि पूर्ण हो ।

इन्जिनियरले बनाएको सानो वा ठूला-ठूला सहरको, विशाल-विशाल भवनको, बडे-बडे बाँधको, विद्युत शक्तिको, रेलको, जङ्गी जहाजको, लामा-लामा पुलको, धरहराको नक्सा नक्सामा रूपमा पूर्ण हो । बनाउन आरम्भ गरेदेखि अन्त्यसम्मको प्रत्येक अवस्था, प्रगति आफूमा पूर्ण हो । गर्भाधानदेखि शिशु नजन्मुन्जेलसम्मको, जन्मिसकेर नमरून्जेलसम्मको सम्पूर्ण एकजना पुरुष, नारी वा नपुंसक, पूर्णाङ्ग वा अपाङ्गदेखि लिएर विश्वकै मोटामोटी सात अरब जनसंख्या पूर्ण नै हो । दुई ओटा आँखा, दुई ओटा कान, दुई ओटा हात, दुई ओटा गोडामा एक पनि पूर्ण । लखपति, करोडपतिदेखि रोडपति पनि पूर्णमा नै पर्दछन् । तिल वा तोरीको एक दानादेखि लिएर क्विन्टलका क्विन्टलको भण्डारमा रहेका बोराहरू पनि पूर्ण नै हुन् । एक पला, एक सेकेण्डको हजारौँ भागको एक भाग पनि पूर्ण नै हो । अनि मिनेट, घन्टा, दिन, हप्ता, महिना, वर्ष गर्दै कल्पकल्प, युगयुग हुँदै ब्रह्माजीको आयुसम्म पनि पूर्ण नै छ ।

**'क्षणत्यागे कुतो विद्या कणत्यागे कुतो धनम् ।'**

एक क्षणलाई वास्ता गरेन र खेर फाल्यो भने त्यसले कसरी विद्या प्राप्त गर्ला । त्यस्तै एउटा कण, एक दाना तोरी, एक गेडा धान वा एक दाममात्र त्याग्यो भने, छोड्यो भने, बेवास्ता गऱ्यो भने कसरी धन प्राप्त होला, धनी बनिएला ?

कल्पान्त जीवी लोमश, वकदाल्भ्य, काकभुसुण्डी आदिको कथा पुराणहरूमा आएका छन् । कति राम, कति कृष्णले ती ऋषिलाई भेट्न गएका र 'तपाईं कुन कल्पका राम, कृष्ण हुनुहुन्छ ?' भनी सोधेका प्रश्नले राम, कृष्ण आदि नै आश्चर्यचकित भएका थिए रे । यस्ता युगयुग, कल्पकल्प बिताएका ऋषि पनि पूर्ण नै हुन् अनि राम, कृष्ण पनि पूर्ण नै हुन् । काकभुसुण्डी पनि त्यस्तै कल्पान्तजीवी थिए- कति सृष्टि, कति प्रलय देखेका थिए रे ।

आँखीझ्यालको प्वालबाट छिरेको सूर्यको प्रकाश, उष्णता र पूर्ण बिम्बबाट आएको प्रकाश र उष्णतामा तात्त्विक दृष्टिले हेर्दा पटक्कै भेद छैन । एउटा सानो किराले फेर्ने सास र हजारौँ माइलका दरले आएको हुरी, आँधीमा भएको वायवीय तत्त्व एकै हो, उही नै हो । तात्त्विक दृष्टिले दुवै पूर्ण । घटाकाश र महाकाशमा आकाशतत्त्वमा पूर्णता छ- दुवैमा अभिन्नता छ ।

फलामको एउटा सानो किला, पिन र विशाल आकारको लामो रेल आदिको, पुल आदिको फलाममा भएको तत्त्व एकै हो, उही नै हो । त्यसैले सानो पिन पनि पूर्ण, रेल वा पुल पनि पूर्ण ।

तपाईंले आफ्नो नवजात शिशुलाई गर्नुभएको प्रेम पूर्ण हो भने समग्र परिवार, टोल, गाउँ, देश र विश्वलाई नै गरेको प्रेम पनि पूर्ण हो । सूर्यज्योति, चन्द्रज्योति, अग्निज्योति, वाक्ज्योति र आत्मज्योति (बृहदारण्यकोपनिषद् ४।३।२-६) सबै नै उही ब्रह्मज्योतिबाट आएका पूर्णज्योति नै हुन् ।

विष्णुका सहस्रनाम, शिव, दुर्गा, सूर्य, गणेश आदि पाञ्चायनका र अन्य देवी-देवताका हजारौं नाम सबै नै पूर्ण छन् । विष्णुका हजार नाममध्ये **पूर्णः** (विष्णुसहस्रनामस्तोत्रम् ८६) पनि एक हो ।

यहाँ पूर्णको अर्थ हुन्छ सारा इच्छा र सम्पूर्ण शक्तिले सम्पन्न । तेत्तीस कोटी देवता सबै नै पूर्ण छन् । दशै दिशा पूर्ण छन्, नवै रस पूर्ण छ, चारै वर्ण, चारै आश्रमम आ-आफूमा पूर्ण छन् । कर्मयोग, भक्तियोग र ज्ञानयोग सबै स्वरूपतः पूर्ण छन् । गुरू पूर्ण हुन्, शिष्य पूर्ण हुन् । **'तत्'** पद पूर्ण हो अनि **'त्वं'** पद पनि पूर्ण हो । त्यसैले **'तत्त्वमसि'** महावाक्यमा लक्ष्यार्थमा एकता हुन्छ ।

**'सर्व खल्विदं ब्रह्म'** (सारा ब्रह्माण्ड नै ब्रह्म हो ।) सारा पूर्ण भएकैले अर्थात् यो नजिकैको तिमी, म पूर्ण भयौँ । तत् त्यो ब्रह्म पनि पूर्ण भएकाले सारा ब्रह्म भयो । समानधर्मी भएकाले एकता भयो । **'अहं ब्रह्मास्मि'** ले पनि त्यही पूर्णताको अनि एकताको अर्थ दिन्छ ।

**विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।**
**शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥**
(श्रीमद्भगवद्गीता ५।१८)

विद्या र विनयले सम्पन्न एक जना ब्राह्मण, एउटा गाई, एउटा हात्ती, एउटा कुकुर अनि एक जना चाण्डाल अगाडि देखिए भने एक जना पण्डित, विद्वान् ज्ञानी, अभेद दृष्टि भएका, समत्वको बोध भएका शुद्धात्मा, अमलात्मा, विमलात्मा, महात्माका दृष्टिमा ती सबै नै समान हुन् । पूर्णताका दृष्टिले हेर्दा ती कसैमा आ-आफ्ना स्थानमा, क्षेत्रमा, अस्तित्वमा, सत्यतामा पटक्कै फरक छैन । तर व्यावहारिक सत्तामा यिनको नाम, रूप, गुण, धर्म, आदिमा ठूलो अन्तर छ, भिन्नता छ । संसार भनेको यही हो । जाग्रत् र स्वप्नमा भिन्नता छ तर सुषुप्तिमा समान । समाधिमा त यिनको नाम-निसाना नै छैन । अद्वैत वेदान्तको शुभारम्भ हुन्छ पूर्णबाट र पूर्णाहुति-समाप्ति हुन्छ पूर्णमा पुगेर । द्वैतमा अपूर्णता हुन्छ, अद्वैतमा पूर्णता हुन्छ । भेदमा अपूर्णता हुन्छ, अभेदमा पूर्णता हुन्छ ।

**'अभेददर्शनं ज्ञानं'** (मैत्रेय्युपनिषद् २।२) अभेददर्शन नै ज्ञान हो । ब्रह्म ज्ञान हो । ब्रह्ममा द्वैत हुँदैन, अपूर्णता हुँदैन । अद्वैत भन्नु र पूर्ण भन्नु एकै हो । अनि पूर्ण भन्नु र ब्रह्म भन्नु पनि एकै हो, उही नै हो । जगत् ब्रह्मकै विवर्त भएकाले जगत् जगत्‌रूपमा केही पनि होइन । ब्रह्मरूपमा सबैथोक हो । पारमार्थिक सत्तामा जगत्‌मा र ब्रह्ममा भेद छैन । व्यावहारिक सत्तामा अपूर्णताको, भेदको कल्पना गरिन्छ । 'दुर्जनसन्तोषन्याय' अनुसार द्वैतको, जगत्‌को, भेदको, अपूर्णताको कल्पना गरिन्छ । यो स्वाभाविक पनि हो । तर तात्त्विक दृष्टिमा, पारमार्थिक सत्तामा जगत् छैन, भेद छैन, अपूर्णता छैन- आफूमात्र, पूर्णमात्र, ब्रह्ममात्र छ । वेदान्त सिद्धान्तको प्रतिपाद्य विषय यही हो । पूर्वाचार्यहरूको उद्घोष छ- **'द्वैतं नो सहते श्रुतिः ।'**

वेदले कहिले पनि द्वैतलाई सहन गरेकै छैन । वेदको मूल सिद्धान्त हो, दर्शन हो अद्वैतको प्रतिपादन गर्नु, अद्वैत सिद्ध गर्नु- जीव र ब्रह्ममा अभेद बोध गराएर जीवलाई ब्रह्म बनाउनु । जीवभाव, जगत्भाव, ईश्वरभाव सारा काल्पनिक हुन् । ब्रह्मभावमात्र सत्य हो, नित्य हो, शाश्वत हो, सनातन हो, पूर्ण हो ।

पूर्णतामा न्यूनता छैन, अधिकता छैन । यसमा केही थप्नु छैन, नपुगेर । यसबाट केही झिक्नु छैन, बढी भएर । त्यसैले पूर्ण त ब्रह्म हो नि । पूर्ण भन्नु ॐकार भन्नु, ब्रह्म भन्नु एकै हो उही नै हो । पूर्ण सत् हो, पूर्ण चित् हो । पूर्ण आनन्द हो । पूर्ण अद्वय हो । पूर्णमा असत्यता छैन । पूर्णमा जडता छैन । पूर्णमा दुःख, चिन्ता, शोक, मोह छैन । पूर्णमा द्वैत छैन । वेदादि उपनिषद् आदि, पुराण आदि शास्त्रको सार कुरो, निचोड कुरो, चुरो कुरो यही नै हो ।

अग्निशाला, यज्ञशाला वा दावानलको अग्नितत्त्व र मसानको, चुलाको वा फोहोर ठाउँमा बलेको अग्नितत्त्वमा तात्विक दृष्टिले हेर्दा भिन्नता छैन । त्यस्तै महासागरमा भएको जलतत्त्व वा श्रीविष्णुको चरणोदकमा भएको जलतत्त्व र ढलमा भएको जलतत्त्वमा तात्त्विक अन्तर छैन । त्यस्तै वधशालामा परेको सूर्यको प्रकाश र यज्ञशाला, पाठशाला आदिमा परेको सूर्यको प्रकाशमा पटक्कै अन्तर छैन । जलतत्त्व, तेजतत्त्वः एकै भएकाले, पूर्ण भएकाले यसो भएको हो ।

एक जना चक्रवर्ती सम्राट्ले अनुभव गरेको सुखानुभूति र दुःखानुभूति अनि एक जना भिखारी, माग्ने, गरीब, रोगीले गरेको सुखको वा दुःखको अनुभूतिमा, अनुभवमा भिन्नता छैन । अनुभूति वा अनुभव रूपमा पूर्ण भएको हुनाले यसो भएको हो । अनुभव पूर्ण हो, अनुवाद त्यस्तै-उस्तै हो ।

तात्त्विक दृष्टिले हेर्दा, बुझ्दा द्वैत हुँदै नभएको हुँदा सारा हो पूर्णैपूर्ण । यो त अनुभवको विषय हो । जीवनमा, प्रत्येक पाइला-पाइलामा उतार्नुपर्ने विषय हो । वेदको उद्घोष पनि हो पूर्ण- आरम्भ पूर्ण, मध्य पूर्ण र विश्रान्ति पूर्ण । सर्वत्र, सर्वदा पूर्ण । वास्तवमा सूर्य उदाए पूर्ण भएर, दिनभर पूर्ण भएरै सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गरे । अनि पूर्ण भएर अस्ताए । आकाश पूर्ण, वायु पूर्ण, तेज पूर्ण, जल पूर्ण, पृथ्वी पूर्ण - चराचर जगत् पूर्ण । आत्मा पूर्ण, ईश्वर पूर्ण, ब्रह्म पूर्ण । अतः पूर्णमात्रको अनुभव भएको मनमस्तिष्कले सोच्दा, पूर्णमात्रको अनुभव गरेको कानले सुन्दा, आँखाले हेर्दा, वाणीले (जिब्राले) बोल्दा, कलमले लेख्दा पूर्णदेखि सुरू भयो पूर्णसम्म पुग्यो । पूर्ण श्रुतिको, पूर्ण ब्रह्मको, पूर्ण गणितको सिद्धान्त यस्तै छ । पूर्णरूप गणित यस्तो छ-

एक (पूर्ण) मा एक (पूर्ण) थप्यो भने एक (पूर्ण) नै हुन्छ । पूर्ण (एक) बाट पूर्ण (एक) घटायो भने पूर्ण (एक) नै बाँकी रहन्छ । पूर्ण (एक) ले पूर्ण (एक) लाई भाग लियो भने पूर्ण (एक) नै हुन्छ । पूर्ण (एक) लाई पूर्ण (एक) ले गुणन गऱ्यो भने पूर्ण (एक) नै हुन्छ । पूर्णको दार्शनिक नाम हो अद्वैत । यसलाई एक भन्न पनि मिल्दैन । किनभने एक त दुईको अपेक्षाले भनिएको हो । सामान्य मान्छेलाई सम्झाउन अध्यारोप गरिएको कमात्र । एकलाई अपवाद गरेपछि (हटाएपछि) अद्वैत बाँकी रहन्छ । त्यही हो पूर्ण ।

पूर्ण आफूदेखि अभिन्न भएकाले, पूर्ण नै ब्रह्म भएकाले, पूर्ण नै सच्चिदानन्द अद्वय वस्तु भएकाले यसमा जन्म छैन, जरा छैन, व्याधि छैन, अनि मृत्यु पनि छैन यसरी आफूलाई पूर्णत्वमा स्थापित गर्नु नै हाम्रो परम पुरूषार्थ हो । हामीले पूर्णबाट आफ्नो यात्रा (अध्यात्मयात्रा, पारमार्थिक यात्रा) को शुभारम्भ गरेका थियौँ पूर्णमा पुगेर हाम्रो यात्रा टुङ्गियो ।

यात्री पूर्ण थिए, पूर्ण नै छन् तर आफू पूर्ण हुँ, पूर्णबाट आएको हुँ र भविष्यमा पूर्णमा नै लय हुन्छु भन्ने कुराको बोध भएन र सारा यात्री दुःखको चिन्ताको, शोकको भुमरीमा परिरहेका छन् र भवाटवीमा भड्किरहेका छन् । पूर्ण भए पनि, पूर्णमा बसे पनि, पूर्णमा विश्राम हुने भए तापनि-यी सबै कुराको अपरोक्ष साक्षात्कार हुनुपर्छ, अनुभवमा आउने पर्छ । पूर्ण जान्नु ठूलो कुरो होइन, पूर्ण हुनु नै ठूलो कुरो हो । जान्नु अनुवाद हो भने हुनु अनुभव हो । हामीलाई अनुवादानन्दले काम दिँदैन अनुभवानन्द चाहिन्छ । यसैबाट हाम्रो कल्याण हुन्छ । शिवमस्तु ! ००


# रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (RMDC)

RMDC

## थोक ऋण लिन चाहने लघुवित्त संस्थाहरुलाई सूचना

देशका विभिन्न क्षेत्रमा विपन्न वर्गलाई आय आर्जनका लागि लघु ऋण उपलब्ध गराउन रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. **(RMDC)** ले लघुवित्त संस्थाहरुलाई थोक ऋण उपलब्ध गराउँदै आएको छ। निम्न योग्यता पुगेका इच्छुक लघुवित्त संस्थाहरुले यस सेण्टरबाट थोक ऋण प्राप्त गर्न सक्ने छन् ।

**ऋण प्राप्त गर्न सक्ने संस्थाहरु**

- लघुवित्त विकास बैंकहरु
- विपन्न वर्गमा समेत कारोबार गरेका वचत तथा ऋण सहकारी संस्थाहरु
- साना किसान सहकारी संस्थाहरु र
- वित्तीय मध्यस्थकर्ताको अनुमति प्राप्त गैरसरकारी संस्थाहरु


**संस्थासंग हुनुपर्ने पूर्व योग्यताहरु**

१) विधिपूर्वक दर्ता भई लघुवित्त वा बचत ऋण कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरेको
२) सफलतापूर्वक कम्तिमा १ वर्ष सम्म लघु ऋण सेवा तथा वचत परिचालन कार्य गरेको अनुभव भएको
३) पहिलो वर्ष वचत रकम कूल लगानीमा रहिरहेको रकमको कम्तिमा २५% रहेको
४) संचित असूली दर कम्तिमा ९० प्रतिशत रहेको
५) कुशल तथा सक्षम व्यवस्थापन भएको
६) लघुवित्त वा ऋण सम्वन्धी कारोवारको उपयुक्त सूचना प्रणाली भएको
७) व्यवसायिक योजना वा वार्षिक बजेट तर्जुमा गर्ने गरेको
८) ऋण लगानी असूली सम्वन्धी लिखित कार्यविधि वा म्यानुअल भएको
९) आधुनिक लेखा प्रणाली अवलम्बन गरेको
१०) ऋण कार्यक्रम अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको
११) कम्तिमा ५० जना सक्रिय ऋणी भएको
१२) सेण्टरले प्रदान गरेको ऋण रकमबाट लगानी भएको ऋणी मध्ये कम्तिमा २५ प्रतिशत ऋणी महिला हुनुपर्नेछ
१३) कम्तिमा रु. १५ लाख वित्तीय साधन सुलभ भएको
१४) ३ वर्षको वित्तीय अवस्था हेर्दा वित्तीय आत्मनिर्भरता तर्फ उन्मुख भएको
१५) कम्तिमा रु. ५ लाख खुद पूजी (Networth) भएको
१६) समयमा लेखापरीक्षण भएको
१७) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको ।

आवेदन फारम तथा त्यसका साथ संलग्न गर्नुपर्ने विवरणहरु यस सेन्टरमा सोझै सम्पर्क गरी वा सेन्टरको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

**रूरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. (RMDC)**
पो.ब.नं. : २०७८९, पुतलीसडक, काठमाडौं,
फोन नं.:०१-४२६८०१९, ४२६८०२०, फ्याक्स नं. ०१-४२४७७०२
RMDC Email:rmdc@wlink.com.np, Web: www.rmdcnepal.com

# यो उपचार रोगको प्रकृति हेरेर गर्नु पर्दछ






**तिलस्मी प्रभास**
*साहित्यकार*

**साहित्यमा किन लाग्नु भयो ? कोही कोही साहित्यमा उपार्जन नहुने कुरो गर्छन् नि ?**

- साहित्य मलाई मीठो लाग्छ , पढ्दा र लेख्दा आनन्दानुभूति हुन्छ सायद यही कारणले लागेँ म साहित्यमा । कसै कसैले साहित्य उपार्जन नहुने कुरा गर्छन् तर मलाई चाहिँ त्यस्तो लाग्दैन यो व्यक्तिको धारणामा भर पर्ने कुरा हो । सबै विषयको आफ्नै क्षेत्र र दायरा हुने गर्छन् यो कुरोबाट साहित्य पनि अछुतो रहन सक्दैन । हामीले जे काम गरे पनि दत्तचित्त भएर गर्नुपर्छ अवश्य सफल होइन्छ सफल हुनु भनेको नै उपार्जन हुनु हो । धेरैको बुझाइमा साहित्य भनेको कुण्ठा पोख्ने माध्यम मानिन्छ । यो गलत धारणा हो । उत्कृष्ट साहित्य सृजना गर्नको लागि साहित्यकारमा भाव र कुण्ठा मात्र भएर पुग्दैन उसमा दर्शन, विचार र चेतना पनि हुनुपर्छ साथै ती कुराहरूलाई उचित ठाउँमा अभिव्यक्ति गर्ने कला र शैली पनि हुनुपर्छ साहित्यकारमा तब मात्र साहित्य सार्थक हुन सक्छ यदि सार्थक भएन भने पनि निराश नभईकन कर्म गरिरहनुपर्छ फलको आशै नराखिकन । साहित्यले के दिन्छ भन्दा पनि मैले साहित्यलाई के दिन सक्छु भन्ने कुराको चिन्तन गर्नुपर्छ । साहित्य मार्फत समाजलाई पुग्ने फाइदाको आँकलन गरेर लेखिनुपर्छ । नातावाद, कृपावाद र दवाववाद बाहेकका मनहरूलाई पनि आफ्नो रचनाले छोएन भने सोच्नुपर्छ कि आफ्नै लेखाइ फितलो छ भनेर र सुधार्नुपर्छ आफूले आफैलाई ।

**तपाई कुन कुनविधा लेख्न रूचाउनु हुन्छ ?**

- मेरो खास विधा अहिलेसम्मलाई मुक्तकै हो तर अन्य विधामा पनि लेख्छु कहिलेकाहीँ जस्तै : कथा, कविता, निबन्ध, नियात्रा हाइकु गजल आदि ।

**मुक्तकै मात्रमा धेरै ध्यान किन नि ?**

- मुक्तक लेख्न समय कम लाग्छ, यो छोटो हुन्छ चार हरफको, यो मुक्त हुन्छ, यो शक्तिशाली हुन्छ । सुन्न र सुनाउनलाई पनि सजिलो हुन्छ र स्वादिलो हुन्छ । यो लेख्न जानेको खण्डमा साह्रै चोटिलो, पोटिलो र खोटिलो हुन्छ । अति थोरै शब्दमा अति धेरै कुरा भन्न सकिन्छ । यो अणु परमाणुबाट बनेको एटमबम जस्तो हो । त्यसैले पनि मेरो मुक्तकमा मोह बढेको हो ।

**मोतिरामदेखि तपाईँसम्म आइपुग्दा मुक्तकले हिँडेका बाटो हेर्दा भोलिका मुक्तक कस्तो हुनु पर्ला तपाईँको विचारमा ?**

- मोतिरामदेखि मसम्म आइपुग्दा मुक्तकले धेरै बाटाहरू हिँडिसकेका छन् तर पनि मुक्तकहरू अझै गन्तव्यमै चाहिँ पुग्न नसकेको हो कि जस्तो लाग्छ मलाई । यो एउटा डिस्कोर्सको विषय हुन सक्छ । मेरो विचारमा भोलिका मुक्तकहरू समय सार्न्दभिक, सन्देशबाहक, विचारबाहक, दर्शनबाहक साथै सरस र सुललित हुनुपर्छ । काफिया मिल्दैमा वाशृङ्गारिक हुँदैमा वा व्यङ्ग्य पोख्दैमा मात्र मुक्तक हुन्छ भन्ने धारणामा सुधार आउन जरूरी देखिन्छ ।

**साहित्यमा लाग्नुको पछाडि यहाँका कुनै प्रेरणा स्रोत छन् कि ?**

- मेरो प्रेरणाको स्रोत भनेकै सुरूका दिनमा धार्मिक साहित्यहरू हुन् त्यसपछि साहित्यिक कृतिहरू नै हुन् त्योभन्दापनि मुख्य प्रेरणाको स्रोत भनेको मेरै अन्तरआत्माको अतृप्त प्यास हो साहित्यप्रतिको ।

**साहित्यले समाजलाई हिजोको युगको बारेमा पाठ, परिचय मात्र दिनुपर्छ कि भोलिको युगको पनि कल्पना दिन सक्छ ? कसरी ?**

- हो, साहित्यले समाजलाई हिजोको बारेमा आफ्नो ऐतिहासिक पृष्ठभूमि बताउनुपर्छ तर यसको मतलब यो होइन कि त्यही मात्र पाठ घोकाइ रहनुपर्छ । साहित्यले भोलिको युगको बारेमा परिकल्पना गर्न सक्नुपर्दछ, साहित्यमा दूरदृष्टि हुनुपर्दछ, साहित्यले भोलिको युग आजै आँकलन गरी समाजलाई उचित सन्देश संप्रेषण गर्न पनि उत्तिकै जरूरी छ ।

**तपाईँका मुक्तकमा दर्शन, त्यसमा पनि बौद्धदर्शनको गहन चुरो भेटिन्छन् नि ? दर्शनमा मुक्तक वा मुक्तकमा दर्शन के लाग्छ र किन ?**

- अवश्य विनयजी ! मेरो मुक्तकमा दर्शन हुन्छ, त्यसमा पनि बौध्ददर्शनको गहन चुरो भेटिनुको कारण म बौध्ददर्शनकै विद्यार्थी भएको कारणले हुन सक्छ । मुक्तकमा मात्र दर्शन हैनकि हरेक साहित्यिक विधामा र रचनामा कुनै न कुनै विचार र दर्शन हुनुपर्छ । केही लेखिन्छ भने त्यो लेखकले जीवन र जगत्लाई विभिन्न दृष्टिकोणबाट बुझेको हुनुपर्दछ र उसले लेखेर व्यक्त गर्न खोजेको विषय मार्फत उसका विचार र दर्शन बाहिर आउनुपर्छ र त्यसले समाजलाई केही हदसम्म मार्ग दर्शन गर्नै पर्दछ नत्र रचना खासै उपलब्धिमूलक हुन सक्दैन केवल शब्द संयोजन मात्र हुनेछ प्राणविनाको शरीर जस्तै भन्ने मान्यता राख्दछु म ।

**प्रेम र व्यङ्ग्यबाट मुक्तकलाई दर्शन र विचारतिर लम्काउँने तपाईँ नै हो कि ?**

- म नै हो भनेर त म कसरी ठोकुवा गरूँ यो त पाठकहरूले खुट्याउने कुरा हो तर पनि म के चाहिँ भन्न सक्छु भने मैले जति पनि प्रकाशित मुक्तकहरू पढेँ त्यसमा विचार र दर्शनका भन्दा प्रेम र व्यङ्ग्यका वास्ना बढी पाएँ त्यसैले मलाई लाग्यो कि के मुक्तक भनेको

प्रेम र व्यङ्ग्य मात्र व्यक्त गर्ने विधा हो ?यसमा विचार, विज्ञान र दर्शन समावेश गर्न किन सकिँदैन ? त्यसैले धेरैले नबुझ्ने, मन नपराउने र क्षणिक लोकप्रियता नपाइने भएतापनि समाजका केही व्यक्तिहरूलाई लक्षित गरेर मैले यस्तै लेख्ने कोसिस गरेँ । यसै क्रममा मैले धेरैबाट यस्तो प्रश्न सुनेँ कि तपाईँका शृङ्गारिकमुक्तकहरू कतै कतै भेटिन्छन् तर अरूका मुक्तकमा शृङ्गारिकप्रेमका बाहेक दर्शनका कुरा कतै कतै मात्र भेटिन्छन् किन ? तर कसै कसैले खूब स्वाद लिएर बारम्बार पढेर कण्ठै पारेर मलाई नै सुनाएको पनि पाएँ । त्यसैले सबै कुरा सबैलाई मन पर्छ भन्न सकिन्न खास व्यक्तिहरूलाई काम लागे पुग्छ ।

**सरकारी जागिर, घर परिवार र साहित्य क्षेत्रलाई कसरी व्यवस्था गरिरहनुभएको छ ?**

- हो म सरकारी जागिरे भएको २०६९।९।१६ बाट हो त्यो भन्दा अघि म शिक्षण पेशामा थिएँ । म महिला भएकोले मेरा जिम्मेवारीहरू बढी भएका पनि हुन सक्छन् त्यसलाई हाल स्वीकार गर्नुको विकल्प देख्दिनँ म । यसो भन्दैमा अधिकारको नाममा हामीले आफ्नो कर्तव्य भुल्नु हुन्न भन्ने मलाई लाग्छ । त्यसैले मैले मेरो जागिर, घर परिवार, साहित्य, योग, ध्यान, साधना, सङ्गीत र अध्ययनलाई एकसाथ अघि बढाउने जमर्को गरिरहेकी छु । धेरै काम एकैसाथ गर्नु पर्दा व्यवस्थापन र समयको सन्तुलन मिलाउन निकै कठिन हुन्छ तर यसबाट आउने स्वाद र आनन्दहरू बेग्लै हुन्छन् ।

**तपाईं राष्ट्रिय अभिलेखालयमा तिब्बती शाखा सम्हाल्नु हुन्छ, यो कसरी संभव भयो तपाईंका लागि ? त्यहाँ केके गर्नुपर्छ?**

- हो मैले राष्ट्रिय अभिलेखालयमा तिब्बती शाखा सम्हालिरहेकी छु । मैले धेरै पहिलेदेखि तिब्बती भाषा पढेँ, गोन्पा (गुम्बा)हरूको लोब्डा (विद्यालयमा) मा तिब्बती भिक्षुहरूलाई सात वर्षसम्म नेपाली विषय पढाएँ त्यसले गर्दा मैले तिब्बती भाषा, संस्कृति र बौद्ध धर्मलाई अझै नजिकबाट बुझ्ने मौका पाएँ । उनीहरूले बुझ्न नसकेका नेपाली र संस्कृत शब्दहरू म तिब्बती भाषामा अनुवाद गरेर बुझाई दिन्थेँ जसले गर्दा दुवैलाई लाभ भएको थियो । यिनै आधारहरूले गर्दा मलाई लोकसेवा उत्तीर्ण गर्न टेवा पुग्यो । यो नेपाल अधिराज्य भरिमा एउटा मात्र दरबन्दी हो, त्यहाँ मैले तिब्बती लिपि पढ्नुपर्छ, लिप्यान्तर गर्नुपर्छ, भाषान्तर गर्नुपर्छ । कहिलेकाहीँ चोरी भएर समातिएका ग्रन्थहरूको नाम पढिदिन अदालतसम्म पनि जानुपर्ने हुन्छ, साथै आफ्नो शाखामा भएका ग्रन्थहरूको संरक्षण र संवर्द्धनको समेत व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**तपाईँ कुनै बेलाको रेकी मास्टर होइन र ? यो रेकी भनेको के हो र यसले के काम गर्छ ?**

- हो कुनै बेला म रेकी मास्टर बढी थिएँ अरु कम थिएँ तर अहिले रेकी मास्टर कम र अरु बढी भएँ कि जस्तो लाग्छ । किनभने रेकी सिक्दा र मास्टर हुँदासम्म मसँग प्रशस्त समय थियो अहिलेको तुलनामा समय, परिस्थिति, आवश्यकता र चाहाना अनुरूप मैले विभिन्न क्षेत्र र विधामा प्रवेश गर्दै गएँ र सफलता पनि हात लाग्दै गए त्यसैले म व्यस्त भएँ तर यो हैन कि मसँग भएको विद्या काम नलाग्ने भएको छ । जरूरी पर्दा म आफूलाई र अरूलाई रेकी विद्या मार्फत उपचार गर्ने गर्छु । यो निकै प्रभावकारी उपचार पद्धति हो । यसलाई ब्रह्मण्डीय शक्ति पनि भन्न सकिन्छ । यो औषधीविना नै गरिने उपचार पद्धति हो । सबैले गरेको रेकी उपचारले पूर्णरूपमा काम गर्छ नै भन्न त सकिँदैन जसरी सबै चिकित्सकहरू पूर्णरूपमा सफल हुन सक्दैनन् । यो सफलता त उपचार गर्ने व्यक्तिको साधना, तपस्या र आशयमा निर्भर गर्दछ । यसले यसरी काम गर्छ, जब हाम्रा शरीरका चक्रहरूमा अवरोध आउँछन्, ती निष्क्रिय हुन्छन् तब हामी अस्वस्थ भएको महसुस गर्दछौँ त्यस बेला ब्रह्माण्डमा भएको शक्तिलाई रेकी हिलर वा मास्टरले आफ्नो साधनाको बलले आफ्नो ब्रह्मरन्ध्रबाट शक्ति खिँचेर



आफ्नो हातको मार्फत बिमारीको शरीरका सात चक्रहरू खोली त्यो शक्ति उसको शरीरभित्र पठाइन्छ र आवश्यकता अनुसारको उपचार गरिन्छ । बिमारीले तुरून्तै हल्का भएको महसुस गर्न थाल्नेछ । यो उपचार रोगको प्रकृति हेरेर गर्नु पर्दछ ।

**यो रेकी दर्शनसँग सम्वन्धित नै विषय हो ?**

- यो रेकी दर्शनसँग सम्बन्धित हो भन्न त नमिल्ला यसको पनि आफ्नै छुट्टै दर्शन हुन्छ । दर्शन नपढेकाले यो बुझ्नै नसक्ने भन्ने पनि हैन तर दर्शन पढेकालाई भने पक्कै बुझ्न सजिलो चाहिँ हुन्छ ।

**अहिले के लेख्दै हुनुहुन्छ ?**

- अहिले म मुक्तकबाहेक लेखहरू, निबन्ध र कथा लेखिरहेकी छु र विद्यावारिधिको तयारी पनि गर्दैछु ।


**तपाईंको अमृताञ्जलीले समाजलाई के दिन खोजेको हो ?**

- मेरो अमृताञ्जलीले समाजलाई पहिलो कुरो मुक्तकको स्वादमा आनन्द दिन खोजेको हो । दोस्रो कुरो समाजमा भएका विकृति, विसङ्गति र कुसंस्कारप्रति जनचेतना दिँदै मार्गदर्शन गर्न खोजेको हो ।

**अन्तमा अग्निचक्रमार्फत आफ्ना पाठकहरूलाई केही भन्नु छ कि ?**

- अग्निचक्र मार्फत म मेरा समग्र पाठकहरूलाई यो भन्न चाहन्छु कि म हजुरहरूको सल्लाह, सुझाब, हौसला र न्यानो मायाप्रति सदैव लालायित हुनेछु, मलाई पढ्नु भएकालाई आभार व्यक्त गर्दछु र नपढ्नु भएकालाई पढिदिनुहुन विनम्र आग्रह गर्दछु । ००


शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३




www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती

# दीर्घ साधना, निरन्तर प्रयास, गहिरो अध्ययन र धैर्यताले मात्र सफल लेखक बन्न सकिन्छ



डा. मधुसूदन लामिछाने

**तपाईं विकट ठाउँ सल्यानमा जन्मी, हुर्की, त्यही शिक्षा प्रदान गर्दै विद्यावारिधिसम्म कसरी सम्पन्न गर्नुभयो ?**

– मलाई लाग्छ, जीवन आफ्नो इशारामा चल्दैन । म जे जे चाहना गरिरहेको हुन्छु, ती सबै पूर्ण हुँदैनन् । प्रारब्धले भनौं वा प्रकृतिका अनेक पक्षका कारणले भनौं पोखरी झैं मानिस एकै ठाउँमा स्थिर भएर रहन सक्दैन । पानी खोल्सा, खोला, नदी, सागर हुँदै महासागर पुगे झैं मानिस पनि नदी भएर बग्न चाहन्छ । सल्यान जिल्ला छत्रेश्वरी, दयाचौर १ कर्णगाउँ मेरो जन्मस्थान हो । म एस.एल.सी. उत्तीर्ण गरी प्राथमिक विद्यालय जाँदा २०४३ सालमा शिक्षकको पनि शिक्षक थिए । तात्कालिक अवस्थामा स्थायी जागिरी प्रधानाध्यापक जस्तो पद मेरा लागि पूर्णता नै थियो तर मलाई उच्च शिक्षा आर्जन गर्ने धोकोले सताइरहेकै कारण सो स्थायी जागिरी मैले राजिनामा दिई महेन्द्र क्याम्पस दाङमा पढ्न आएँ । बी. ए. उत्तीर्ण गरी वीरेन्द्र मा.वि. नाउली रोल्पामा शिक्षण कार्य गर्दै कलिला बाल मस्तिष्कमा शिक्षाको ज्योति जगाउने काम गर्थें । पानी र प्राण चञ्चल भए जस्तो मेरो मन त्यस प्रकारणको शैक्षिक गतिविधिमा सदा रमाउन सकेन । म काठमाडौं कीर्तिपुरमा आइ वि.एड. तथा एम.ए. उपाधिका लागि अध्ययनरत हुन थाले । स्नातकोत्तर उपाधि हाँसिल गरे पछि ममा के देख्नु भयो कुन्नि उपप्राध्यापक डा. भूपहरि पौडेलले विद्यावारिधिका लागि मलाई उत्प्रेरित गर्नु भयो । उहाँकै निर्देशन र प्रा.डा. कुलप्रसाद कोइराला तथा प्रा.डा. विष्णुप्रसाद देवकोटाको सुझाव सल्लाहलाई आधारशिला बनाई मैले नेपालीमा विद्यावारिधिसम्मको उपाधि प्राप्त गरेँ ।

**तपाईंका मातापिता र दम्पत्तिका बीच के कस्ता फरक जीवन दृष्टि छ ?**

– मेरा पिता बुद्धिराज लामिछानेले तात्कालिक गुरुकूलीय शिक्षा प्रणालीबाट शिक्षा आर्जन गर्नु भएको देखियो । स्वर्गद्वारी प्रभुमहाराजका सामीप्यमा रही प्रसस्त मात्रामा याज्ञिक शिक्षा प्राप्त गर्नु भयो भने वनारसमा रही पूर्वीय दर्शनको पुराण सम्बन्धि, व्याकरण सम्बन्धि, ज्योतिषसम्बन्धिको शिक्षा प्राप्त गरी तात्कालिक पाठशालाहरूमा अध्यायन गराउने कार्यमा लाग्नु भयो । मैले यति गरेँ भन्नु नै व्यर्थको अभिमान हो भन्ने दर्शनबाट प्रभावित भएर मलाई चलाउने पनि कोही अर्के छ भन्ने दृष्टिकोण राख्नु हुन्छ । वहाँका ८ छोराछोरीहरूमध्ये म माहिलो छोरा हो । 'विद्या भन्दा ठूलो सम्पत्ति अर्को छैन है भन्दै 'विद्वान् सर्वत्र पुज्यते' भन्ने वाक्यांशलाई पुनरावृत्ति गर्दै हामीलाई पढाइप्रति सधैं उत्प्रेरित गर्नु भयो । हरेक मानिसले आफ्नो कर्तव्य पुरा गर्नु पर्छ, सत्कर्मी हुनु पर्छ । आदर्श पुरुष बनी आदर्श समाज निर्माण गर्नु पर्छ भन्ने उहाँको जीवन दृष्टि छ । हामी दम्पत्ति अग्रगमनको मार्ग थोरै छ । सयौं नानीहरूका बालमस्तिष्कमा शिक्षा ज्योति बनी उनीहरूको जीवनलाई प्रज्वलित बनाउने कार्यमा हामी दुवैको उत्तिकै योगदान छ । रत्नराज्य माध्यमिक विद्यालय हाम्रो ज्ञान प्रवाह गर्ने मुख्य थलो हो । मनभित्र भावनाहरू सल्बलाउन थाले भने हामी लेखनीको सहारा लिन्छौं ।

**तपाईंका सन्तानहरू तपाईं जस्तै योग्य बन्लान् त ?**

– योग्यता यति छ भनेर प्रमाणपत्रीय शिक्षा देखाउन सकिएला तर क्षमता मापन गर्न सकिन्छ जस्तो लाग्दैन । आजको वैज्ञानिक युगमा, विश्वका मानव नै एक देशका हुन् जस्तो भएको अवस्थामा मलाई फररर कम्प्युटर चलाउन आउँदैन, इन्टरनेटद्वारा आफ्नो कला वा क्षमतालाई विश्वसामु प्रस्तुत गर्न आउँदैन, विदेशी पाहुनासित उनीहरूकै भाषामा उनिहरूको चित्ताकर्षण गर्न सक्ने भाषिक क्षमता छैन, सयौं मानिसलाई पछाडि लगाएर समाजलाई अगाडि कुदाउन सक्ने क्षमताको अभाव छ, मानिसको हृदय छुने रचना निर्माण गरी युगौंयुग बाँच्न सक्ने क्षमताको अभाव छ भने म कसरी योग्य हुन सक्छु ? मलाई अहिले नै मभन्दा मेरा सन्ततिहरू योग्य छन् जस्तो लाग्छ । मेरा कामका बाटाबाटामा उनीहरूका हात छन् । उनीहरूकै दिमाग हुन्छ । समय सापेक्षको क्षमता म भन्दा उनीहरूकै भएको जस्तो लाग्छ । 'पुत्रमिच्छेत् पराजय' पुत्रसँग म सधै पराजित हुन चाहन्छु । यो हरेक असल पिताको चाहना हो ।

**अहिले तपाईं जहाँ स्थापित हुनुहुन्छ, यो परिवर्तनलाई कसरी परिपालन गरिरहनु भएको छ त ?**

– म के स्थापित हुनु, के विस्थापित हुनु ? समय परिवर्तनशील छ, मानिसका इच्छा, भावना, चाहना परिवर्तनशील छन् । परिवर्तनशील समयचक्रमा म लगातार घुमिरहेको छु । घुम्नु मेरो रहर वा बाध्यता के हो ? मलाई नै थाहा छैन । मानिस अरूका लागि बाँचेका उदाहरणहरू छन् । जीवनभर अरूकै भलो, आफ्नो माटो, अरूको मुटुका लागि जीवन व्यतित गरिरहेका कति छन् कति । तिनीहरूले समेत आफूलाई स्थापित भएको महसुस गरेको देखिँदैन । जीवनभर केही गर्न सकिएन भन्दै छन् । अहंवादको शिखरमा चढेकाहरू मात्र आफनो नक्कली नृत्य देखाएर नाचिरहेका छन् जस्तो लाग्छ । मेरो ब्रह्मचर्यावस्थाको समयको समाज र अहिले गृहस्थाश्रमको उत्तरार्द्धको समयमा तुलनात्मक अध्ययन गर्दा कति हो कति फरक छ । सामाजिक संस्कार, बौद्धिक चिन्तन, तार्किक शक्ति, प्रमाणपत्रीय शिक्षा आदिमा धेरै फरक देखिए पनि मानिसका विचार भने अझै परिष्कृत भएका छैनन् जस्तो लाग्छ । समाजका विकृति विसङ्गति कुकर्म आदिलाई देख्दा अधिक मानिस उर्ध्वगति होइन अधोगतितर्फ लम्किरहेझैं लाग्छ । मैले परिवर्तनशील समाजलाई सहर्ष स्वीकारेको छु ।

**तपाईंका रचना थोरैमा पनि महत्त्वपूर्ण गनिए ?**

– यो मेरा लागि उपयुक्त प्रश्न होइन । आज भाषा साहित्यका क्षेत्रमा कलम चलाउने साधकहरूले संख्यात्मक तथा गुणात्मक दृष्टिले पृथक पृथक रचनाहरू प्रकाशन गर्दै आएका

छन् । साहित्यका विविध विद्या, कविता, कथा, उपन्यास, निबन्ध, नाटक, समालोचना आदि क्षेत्रमा महान साधकहरूले गरेको प्रगति देख्दा म आफूलाई महासागरको एक बुँद सम्झन्छु । समाजमा प्रशंसनीय मेरा रचनाहरू केही छैनन् । फुटकर रूपमा प्रकाशन हुनु छुट्टै कुरा हो ।

**तपाईंका कृतिहरूले नेपाली समाजलाई के सन्देश दिन खोज्छन् ?**

- मेरो टुटेफुटेका रचनाले कतै राजनीतिज्ञप्रति व्यङ्ग्य प्रहार, कतै समाजको संरचनाप्रति विद्रोह, कतै मानिसको मनोवृत्तिप्रति घृणा, कतै वीर नेपालीहरूको गौरवगाथा गायन, कतै राष्ट्रियवादी चिन्तन, कतै बाल मनोविज्ञान जस्ता कुराहरूलाई छास्सछुस्स लेखिन्छ । पहिलो कुरा त नेपालीहरूको हृदय छुने रचना लेख्न निकै कठिन छ । दोस्रो अहिले दुनियामा कविता पढ्ने फुर्सद कल्लाई छ र, पढे पनि मनन गर्ने कल्ले । पढिदैन र मनन गरिदैन, समाजमा लागु गर्ने प्रयत्न गरिदैन भने स्रष्टाको सन्देश के काम लाग्छ र ?

**सफल लेखक बन्नलाई त्याग, तपस्या, बलिदान र निरन्तर प्रयास कुन चाहिँ महत्त्वपूर्ण हो ?**

- 'कीर्तियस्य सजीवति' अर्थात कृतिले नै मानिसलाई महान र अमर बनाउने कुरा नकार्न सकिदैन । लियोनार्दो दा भिन्चीको लामो समयसम्मको उपलब्धी 'मोनालिसा' चित्र आज विश्वविख्यात छ । यहाँ सैयौं चित्र कोर्नेहरूको पहिचान शुन्य छ । लेखक बन्नलाई के त्याग्ने ? कस्तो बलिदान दिने यी गौण कुरा हुन् । महत्त्वपूर्ण कुरा त गहन अध्ययन, विशाल चिन्तन र लेखन कार्यमा निरन्तर प्रयास गर्ने कार्य हुन् । आज लेखौं, भोलि टाइप गरौं, पर्सि छपाउँ र अर्को दिन साहित्यकारको माला पहिरिएर समाजमा आफू ठूलै मानिस भएको जस्तो अनुभूति गरौँ भन्ने मानिस अधिक देखिन्छन् । मैनालीको एउटै कृति 'नासो' कथा सङ्ग्रह, रिमालको एउटै कृति 'आमाको सपना' ले पनि उनीहरू स्थापित बने; अमर बने । आज पचासौं कृतिका कृतिकारहरू पनि अझै स्थापित हुन सकेका छैनन् जस्तो लाग्छ । त्यसैले सफल लेखक बन्नका लागि दीर्घ साधना, निरन्तर प्रयास, गहिरो अध्ययन र धैर्यताको आवश्यकता पर्दछ ।

**तपाईंको सङ्गतमा कोशकार वसन्तकुमार शर्म्मा नेपाल को हो ?**

- हामी भाग्यवान् हौं । हामीले संस्कृतिविद् सत्यमोहन जोसी, राष्ट्रकवि माधवप्रसाद घिमिरे, आख्यानकार मदनमणि दीक्षित, कोशकार

## सामाजिक संस्कार, बौद्धिक चिन्तन, तार्किक शक्ति, प्रमाणपत्रीय शिक्षा आदिमा धेरै फरक देखिए पनि मानिसका विचार भने अझै परिष्कृत भएका छैनन् ।

वसन्तकुमार शर्म्मा नेपाललाई देख्न पाएका छौं । त्यसमा पनि म त वसन्तकुमार शर्म्मा नेपालको काखमा खेल्न पाएको छु । वसन्तकुमार शर्म्मा के हुन् वा को हुन् भन्ने प्रश्नको जवाफ एउटै दृष्टिकोणले दिन सकिँदैन । बाल्यावस्था मृत्युको मुखमा पुगेका वसन्तकुमार महापुरूषको स्पर्शबाट पुनर्जीवन प्राप्त गर्नु, छात्रावस्थामा तीक्ष्णबुद्धिका वसन्त ज्ञान, विज्ञान, साहित्य, दर्शन, ज्योतिष, पुराणहरू, उपनिषत्हरूको अधिक ज्ञान प्राप्त गर्नु, शब्दसागरजस्ता विशाल शब्दकोष प्रकाशनमा ल्याउनु, संस्कृत भाषामा व्यासद्वारा रचना गरिएको महाभारत जस्तो वृहत्तर महाकाव्यलाई शब्दशः नेपाली भाषामा गद्यानुवाद गर्नु, अहिले ९५ वर्षसम्म पनि रचनाहरू प्रकाशन गर्दै जानु सामान्य सामान्य कार्य होइनन् । आजीवन स्वाभिमानमा स्थापित शर्म्मा नेपाललाई मैले जियालो संयुक्त महाकाव्यको रचनामा नजिकैबाट नियाल्ने मौका पाएँ । वसन्तकुमार जिउदो इतिहास हो, स्मरणशक्तिको सगरमाथा हो, अध्ययनको धरोहर हो । परोपकारको केन्द्रीय भूमि हो । उत्प्रेरणाको सागर हो । उहाँको सङ्गत गर्नेहरू धौलागिरी, अन्नपूर्ण र सगरमाथातिर लागेका थुप्रै घटनाहरू उहाँले सुनाउँनु हुन्छ ।

**तपाईंलाई साहित्यले कसरी आकर्षण गऱ्यो र तपाईं कोप्रति चिरऋणि हुनु हुन्छ ?**

- मेरी आमाले मात्र होइन हाम्रो गाउँका धेरै नारी पुरूषहरूले देवकोटाको मुनामदनका केही महत्त्वपूर्ण पङ्तिहरू गाएको मैले सानैमा सुनेको थिएँ । भानुभक्त मा.वि. दमाचौर सल्यानले भानुजयन्तीका अवसरमा २०३९ सालमा कविता प्रतियोगिता गराएको थियो । म प्रथम भएको थिएँ । यसबाट मलाई काव्य साहित्यमा बढ्ने प्रेरणा मिलेको थियो । क्याम्पसमा पढ्दा क्याम्पसस्तरीय प्रतियोगितामा भागलिई केही न केही पुरस्कार पाउँदा रमाइलो हुन्थ्यो । आनन्द लाग्थ्यो । कविता वाचनमा भने मेरो बाले मलाई संस्कृतका पद्यहरू, पुष्पाञ्जलीहरू आरतीहरू गाउने कलामा प्रवीण गराउनु भएकोले उहाँलाई सधैं सम्झिरहन्छु । म मेरा बा-आमा, मेरागुरूहरूप्रति चिरऋणि बनेको छु ।

**तपाईं अग्निचक्र मासिक कसरी पढ्ने गर्नु हुन्छ ?**

- काठमाडौंमा अनेकौं पत्रिकाहरू प्रकाशनमा आइरहेका छन् । यहाँ जीवन धान्न धौ-धौ पर्ने भएकाले मानिस अनेकौं काममा व्यस्त छन् । पढ्ने फुर्सद निकाल्न निकै गाह्रो छ । अग्निको चक्र नाम सुन्न वित्तिकै जिज्ञासा भयो । अग्निको बारेमा विचार गर्दा गर्दै बाह्याग्नि (शवाग्नि, यज्ञाग्नि, भोजनाग्नि) र अन्तराग्नि (क्रोधाग्नि, काम्ताग्नि, ज्ञानाग्नि) का बारेमा सोच्न बाध्य भए । पत्रिका पसलको अगाडि ठिङ्ग उभिएर अग्निचक्रको बाह्यरूपलाई निकै नियालें । वातावरण, दर्शन, धर्मसंस्कृति, समाजसेवा, राजनीति, साहित्य, आदिका बारेमा पूर्वानुयान गरेपछि मात्र अग्निचक्र किनें अनि पढ्न थालें । लक्ष्मीनारायण भट्टराईद्वारा सम्पादित प्रस्तुत 'अग्निचक्र' मा मानिसका मन छुन, मनबाट निस्कने वेदनाहरू छुन पीडितलाई पीडाका औषधिहरू हुन् । पूर्वीय दर्शनका जीवनापयोगी मार्गनिर्देशनहरू हुन् । महापुरूषका दिव्य वाणीहरू पढ्न पाइन्छ । मानिस र माटोका विच अन्योन्याश्रित सम्बन्धका विचारहरू पढ्न पाइन्छ । नारी र पुरूषका विचका समस्याहरू उजागर गरिएका प्रसङ्गहरू, बौद्धिक प्राणी मानिसको कर्तव्यका सम्बन्धमा प्रकाश पारिएका प्रसङ्गहरू, ज्ञान र विज्ञानको समन्वय विषयवस्तुले पढ्दा आनन्दानुभूति गराउँछन् ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

- अग्निचक्रका विषयवस्तुले नेपाली समाज, नेपाली माटो, देशप्रतिको श्रद्धा, नेपालीका मनोवृत्तिहरू, प्रतिभा पहिचान र प्रस्फुटनका अवसरहरूले अझ विशाल लिन सकून् । देशप्रतिको अगाधमा विकसित हुने अवसरहरू मिलून् । निष्पक्ष रूपमा साहित्य साधकहरूले आफ्ना विचार प्रकट गरी समुन्नत र आदर्श समाजका निर्माणमा भूमिका खेल्न सकून् । हरेक व्यक्तिभित्र रहेको अर्थलोलुपताको भाव कम हुदै जाओस् र मानिसका मनमा दया माया, करूणा, सहयोग गर्ने भावनाको विकास हुँदै जाओस्, नेपाली निर्धक्क भएर बाँच्न पाउँने अवसर र आफ्नै देशमा सम्मानित भई हाँस्न र नाच्न सक्ने वातावरण निर्माण होओस् । अग्निचक्रले, जीवनचक्र, ज्ञानचक्र, सृष्टिचक्र, मनोचक्रभित्रका वास्तविकतालाई उजागर गर्न सकोस् भन्ने कामना गर्दछु । ००

# प्रोस्टेटबाट बचौं



**डा. दीपक रौनियार**

*कन्सलटेन्ट, युरोलोजिस्ट*

प्रोष्टेट ग्लाण्डमा भएको संक्रमण समयमै उपचार भएन भने लामो समयसम्म रहन्छ । त्यसलाई हामी क्रोनिक प्रोष्टाटाइटिस भन्दछौं । त्यसको पनि सहि उपचार भयो भने ठूलो समस्या होइन तर सही र समयमै उपचार भएन भने संक्रमण बढ्दै गएर क्यान्सरको रूप लिन सक्छ । पुरुष ग्रन्थी वा प्रजनन् ग्रन्थी समेत भनेर चिनिने प्रोष्टेट ग्लाण्डको समस्या र समाधानका उपाय बारेको जानकारी मुलक मेरो लेख प्रकाशित भएपछि यसबारेमा थुप्रै जिज्ञासाहरू प्राप्त भएका छन् । यसबीचमा नेपालमा पूर्वराष्ट्रपति डा. रामवरण यादवलाई समेत प्रोष्टेट क्यान्सर भएको खबर सार्वजनिक भयो । यसले प्रोष्टेट प्रतिको जनचासो अझ बढेर गएको पाएको छु । त्यसैले आज मैले तपाईंलाई प्रोष्टेटको बारेमा सजिलो ढंगले बुझाउने कोशिस गर्नेछु । र तपाईंलाई सोध्नेछु १७ प्रश्न । तपाईंलाई सोधिएका प्रश्नको उत्तर खोज्नुहोस् र प्रोष्टेटको शंका छ कि छैन आफूलाई जाँच्नुहोस् ।

अब गरौं विषय प्रवेश, पुरूषहरूमा प्रजनन् ग्रन्थि हुन्छ । प्रजनन् ग्रन्थीलाई अंग्रेजीमा प्रोष्टेट भनिन्छ । प्रजनन् ग्रन्थी होस् या प्रोष्टेट ग्लाण्डमा समस्या आयो भने १७ प्रश्नमा सोधिए जस्ता लक्षण देखिन सक्छन् । तर सबै देखिन पनि पर्दैन । उल्लेख भएका दुई चारवटा लक्षण देखा पर्‍यो भने पनि प्रोष्टेटको समस्या हो कि भनेर सतर्क हुनुपर्छ ।

**विदेशमा बस्नेलाई किन बढी समस्या ?**

घरपरिवार छोडेर करीब ३० लाख नेपाली युवा बैदेशिक रोजगारीमा विदेशमा रहेको बताइन्छ । प्रोष्टेटको समस्या तथा असर तिनै विदेशमा रहेका युवाहरूमा समेत देखिन थालेको छ । पाको उमेरमा व्यक्तिमा हुने भनेको यो समस्या पछिल्लो समय ३०-४० बर्षकै उमेरका युवामा समेत देखिन थालेको छ । अझ भनौं प्रोष्टेटको समस्याले गर्दा हुने मुख्य असर यौन दुर्वलता युवामा बढी देखिन थालेको छ ।

प्रोष्टेटले बीर्य स्वस्थ राख्न र हुर्काउन मद्दत गर्छ । बीर्य त्यतिबेला नियमित रूपमा उत्पादन भइरहन्छ जतिबेला खर्च भइरहन्छ । जब बीर्य खर्च हुन छाड्छ अर्थात बीर्य स्थिर रूपमा रहन्छ । र त्यसपछि मात्रै समस्या उत्पन्न हुन थाल्छ । यसलाई अझ यसरी बुझौं, दुईवटा बाल्टीमा भरी भरी पानी राखिएको छ तर एउटामा दिन दिनै पोखिन्छ र नयाँ पानी हालिन्छ तर अर्कोमा पुरानो पानी परिवर्तन नै गरिदैन । अब एक महिना पछि ती दुई बाल्टीका पानी हेरौं, दिनहुँ पानी परिवर्तन गरेको बाल्टीमा सफा हुन्छ । तर पानी परिवर्तन नगरिएको बाल्टीमा लेउ लाग्न थाल्छ । हो त्यस्तै हो बीर्य र प्रोष्टेड ग्लाण्डको सम्बन्ध पनि । जति बीर्य निस्कियो प्रोष्टेटलाई उती नै फाइदा हुन्छ ।

**कसरी निस्कन्छ बीर्य ?**

सामान्य त हप्ताको तीन पटक यौन स्वस्थकर मानिन्छ । त्यसबाहेक हप्ता वा दुई हप्तासम्म शारीरिक सम्पर्क गर्नुलाई पनि नराम्रो मानिहाल्नु पर्दैन तर त्यसपछि पनि भएन भने चाही प्रोष्टेटग्रन्थीको काम अबरूद्ध हुन थाल्छ ।

जब महिनौं र वर्षौंसम्म सम्पर्क हुँदैन त्यसपछि ग्लाण्डमा समस्या उत्पन्न हुन थाल्छ । लामो समय बीर्य ननिस्किदा बीर्यको थैलीमा लेदो लाग्न थाल्छ । प्रोष्टेटनजिकैको बीर्यमा जब समस्या हुन्छ त्यो समस्या तत्काल प्रोष्टेटमा सर्न सक्छ । अर्थात प्रोष्टेट ग्लाण्डमा संक्रमण हुन्छ । यदि प्रोष्टेटमा समस्या देखियो भने यसै साथ संलग्न १७ वटा लक्षणहरूमध्ये केही न केही लक्षणहरू देखिन थाल्छ ।

तपाईलाई प्रोष्टेट ग्लाण्डमा संक्रमण अर्थात प्रोष्टाटाइटिस भयो भने तत्काल उपचार गर्नु निको मानिन्छ । किनकी यसको संक्रमण बढ्दै जाँदा क्यान्सरको खतरा पनि हुन्छ भने धेरैजसोमा यौन दुर्वलताको सम्भावना हुन्छ ।

**कसरी हुन्छ प्रोष्टेट ग्ल्याण्डमा संक्रमण ?**

ग्याष्ट्रिक सामान्य रोग हो यदि समयमै उपचार भयो भने तर यो रोगलाई छिप्पिन दिइयो भने त्यसले अल्सर हुँदै क्यान्सर समेत गराउँछ । त्यस्तै हो प्रोष्टेट ग्ल्याण्डको समस्या पनि ।


पहिलो सामान्य संक्रमण हुन्छ, समयमै उपचार भएमा सहजै निको भइहाल्छ तर गरिएन भने यो फैलदै जान्छ र अन्तमा क्यान्सर समेत निम्त्याउन सक्छ ।

लामो समयसम्म प्रोष्टेड ग्लाण्डमा संक्रमण भएर बस्छ त्यसलाई हामी क्रोनिक प्रोष्टाटाइटिस भन्दछौं, त्यो पनि ठूलो समस्या होइन यदि समयमै उपचार भयो भने । तर त्यसको पनि उपचार भएन भने पछि गएर प्रोष्टेट क्यान्सर हुन्छ ।

**प्रोष्टेट ग्लाण्ड जोगाउने उपाय के के हुन् ?**

प्रोष्टेट ग्लाण्ड वा प्रजनन् ग्रन्थी बचाउनका लागि विभिन्न तरिका छन् र उपाय पनि छन् । शारीरिक क्रियाकलाप र फेरिएको जीवन शैलीले यसमा असर वा फाइदा पुर्‍याउछ । त्यसका लागि केही घरेलु उपाय पनि अपनाउन सकिन्छ ।

**नियमित शारीरिक सम्पर्क (यौन सम्पर्क) :** केही निश्चित समयमा बीर्य निस्कियो भने त्यसले प्रोष्टेट ग्लाण्डमा हुनसक्ने असरको सम्भावना कम गर्छ । त्यसैले नियमितरूपमा शारीरिक सम्पर्क (यौनसम्पर्क) गर्नु राम्रो मानिन्छ । मैले माथि नै भनिसकें नि बाल्टी सकेसम्म दैनिक रूपमा पखाल्नुपर्‍यो भनेर ।




**२४ घण्टामा पाँच लिटर पानी :** जसरी विरूवालाई हुर्काउन नियमित गोडमेल, पानी मल हालिन्छ, त्यस्तै पुरुषग्रन्थीलाई जोगाउन पनि निश्चित उपायहरू गर्नुपर्छ । त्यसका लागि नियमित पानी पिउनुस् । पानी यति पिउनुस् कि तपाईंको शरीरलाई जति आवश्यक हुन्छ । आवश्यकता कसरी मापन गर्ने भन्ने पनि प्रश्न उठ्न सक्छ । त्यसैले म भन्छु सामान्य त २४ घण्टामा दुई लिटर पानी पिसाबबाट जान्छ । एक लिटर पानी स्वास फेर्दा बाफ भएर जान्छ । एक लिटर पानी छालाबाट पसिना भएर जान्छ । एक लिटर पानी दिशा गर्दा जान्छ । हो यसरी जति पानी बाहिरिन्छ त्यत्तिनै पानी हामीले पिउनुपर्छ । भनेपछि सामान्यत २४ घण्टामा पाँच लिटर खानुपर्‍यो यदि हामी नेपालमा छौ भने । तर खाडी मुलुकमा गर्मी छ छालाबाट बढी पसिना जान्छ भने त्यहाँ बस्नेले अझै धेरै पानी खानुपर्‍यो । पिसावको रङ हेरेर पनि पानीको आवश्यकता अडकल गर्न सकिन्छ । सामान्य अवस्थामा पिसाबको रङ हल्का पहेलो अर्थात पानी जस्तो हुन्छ । तर त्यहि पिसावको रङ गाढा पहेलो हुन थाल्यो, धमिलो हुन थाल्यो, गन्ध देखिन थाल्यो । रातो देखिन थाल्यो भने के बुझ्नु पर्‍यो भने हामीले पानी खाएको पुगेको छैन । पानी बढाउन आवश्यक छ । यदि तपाईंले पानी थप गर्नुभयो भने त्यसपछि पिसावको रङ पुरानै अवस्थामा आइहाल्छ । यसले पानीको मात्रा ठिक छ भन्ने बुझ्न सकिन्छ ।

**पिसावको जाँच :** तेस्रो, हामीले पिसावमा संक्रमण हुन दिनु भएन । कुनैपनि ब्याक्टेरिया पिसावको बाटो हुँदै प्रोष्टेट ग्लाण्डसम्म पुग्यो भने प्रोष्टेड ग्लाण्डमा पनि संक्रमण हुन सक्छ । त्यो हुन नदिन बेला बेलामा पिसावको जाँच हुनपर्‍यो । यदि पिसावको जाँचमा ब्याक्टेरिया देखियो भने तुरून्तै ब्याक्टेरिया निर्मुल पार्ने जाँच गर्नुपर्‍यो ।

**म्याग्नेसियमयुक्त खानेकुरा :** प्रोष्टेट ग्लाण्ड स्वस्थ राख्न केही डाइटहरू छ । प्रोष्टेट ग्लाण्डलाई हुर्काउन वा स्वस्थ राख्न म्याग्नेसियम तत्व चाहिन्छ । त्यस्तै जिंक तत्व चाहिन्छ । त्यो तत्व कहाँ केमा पाइन्छ ? ड्राईफुट्समा । के हो ड्राईफुट्स ? काजु, पिस्ता बदाम, एल्मण्ड, ओखर, लगायत खाद्य पदार्थ हो । त्यसैले खाडी मुलुकमा बस्ने हाम्रा दाजु भाईहरूले काजु दिनको चारपाँच वटा, पिस्ता बदाम दिनमा १०-१५ वटा, ओखर दिनमा तीनवटा र एल्मण्ड राती पानीमा भिजाउने र बिहान १५ वटा खाइदिने । यी खानेकुरामा प्रसस्त म्याग्नेसियम र जिंक तत्व हुन्छ । जसले हाम्रो प्रोष्टेट ग्लाण्डलाई स्वस्थ राख्न मद्धत गर्छ । अर्को कुरा बर्गर, चीज, तारेको, झानेको चिल्लो पदार्थ बढी नखाने । त्यसको सट्टा फलफुल र तरकारी खानामा जोड दिने । खाडीमा जाने नेपालीहरूको तौल बढ्नुमा खानामा बढी बोसोजन्य पदार्थ भएर पनि हो । त्यसलाई सकेसम्म नखाने र खानैपरेमा पनि कम खाने गर्नुपर्छ । बोइलर कुखुरा पनि सकेसम्म नखाने किनकी त्यसमा पनि औषधिको प्रयोग बढी हुन्छ । पिसाव स्वस्थ छ जस्तो लागेपनि एउटा जाँच गराउने र मृगौला तथा पेटको भिडियो एक्सरे पनि प्रत्येक तीन तीन महिनामा गराउने गर्नु राम्रो हुन्छ ।

**प्रोष्टेट ग्लाण्ड जोगाउने घरेलु व्यायाम :**

प्रोष्टेट ग्लाण्ड जोगाउने अर्को घरेलु व्यायाम पनि छ । त्यो कसरी गर्ने भने मलद्वारलाई माथितिर तानेर १५ सम्म गन्ने अनि छोडिदिने फेरी त्यसैगरी तान्ने अनि गनेर छाडिदिने । यो दिनमा ५ सय पटक भन्दा बढी गर्ने । यसो गर्दा के हुन्छ भने प्रोष्टेड ग्लाण्डमा कहिलेकाही रक्तसञ्चार राम्रो हुँदैन् । त्यो भएर यो एक्ससाइजले रक्तसञ्चार राम्रो हुन्छ । त्यहाँ अक्सिजन पुग्छ र विकारहरू हुन दिदैन । यो एक्ससाईज जतिबेला पनि गर्न सकिन्छ । ००


## प्रोष्टेट ग्रन्थी आफै जाँच्न डा. दीपक रौनियारको १७ प्रश्न

१. के तपाईँलाई पिसाब चाँडै चाँडै लाग्छ ?
२. तपाइँको पिसावको धारा मोटो छ कि मसिनो छ ?
३. तपाइँको पिसावको धारा एउटै जान्छ कि छरिएर जान्छ ?
४. पिसाव पोल्छ कि पोल्दैन ?
५. राती तपाइँ पिसाव फेर्न पटक पटक उठ्न पर्छ कि पर्दैन ?
६. पिसाब लाग्ने वित्तिकै फेरिहाल्नु पर्छ कि एकछिन रोक्न सकिन्छ ?
७. पिसाव गर्नलाई बल गर्न पर्छ कि पर्दैन ?
८. पिसाव फेरिसकेपछि पिसाव बाँकी रहेजस्तो महसुस हुन्छ कि हुँदैन ?
९. पिसाव लागेको जस्तो हुने तर फेर्न जाँदा कम कम हुने हुन्छ कि हुँदैन ?
१०. पिसावको रंग रातो छ कि छैन ?
११. पिसाव गनाउछ कि गनाउदैन ?
१२. अण्डकोष दुख्छ कि दुख्दैन ?
१३. नाइटोमुनि दुख्छ कि दुख्दैन ?
१४. नाइटो देखि अण्डकोषको भाग दुख्छ कि दुख्दैन ?
१५. मलद्धार देखि अण्डकोष सम्मको भाग दुख्छ कि दुख्दैन ?
१६. बीर्य खस्दा पोल्छ कि पौल्दैन ?
१७. के तपाईँलाई आफ्नो यौन शक्तिमा कमी आएको महसुस हुन थालेको छ ?

यदि यी प्रश्न मध्ये केहीमा आफूलाई शंका लागेमा थप परामर्श, सल्लाह र उपचारको लागि सम्पर्क गर्नुहोस् ।


**लाईफ इन्टरनेशनल क्लिनिक**

मध्य बानेश्वर (एपेक्स कलेज पछाडि), काठमाडौं

सम्पर्क : ०१-४४७००४५, ४४८९०५२, ९८२३४७०४२०, ९८६२२४४४९२

Email: lifeintlclinic@gmail.com,rauniyar_2000@yahoo.com

# विश्वशान्तिका लागि समर्पित भएर अघि बढ्ने नै मेरो भावी लक्ष्य हो




*__योगगुरू उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप'__ को जन्म २०१८ श्रावण १ गते बुबा लोकनाथ र लिलाकुमारीको कोखबाट काभ्रे जिल्लाकोडाँडाकटरी-एकलेखेतमा भएको हो । उहाँले गाउँबाट विद्यालयस्तरीय शिक्षा र त्रिभुवन विश्व विद्यालय, शंकरदेव क्याम्पस, काठमाडौंबाट २०४५ मा बी. कम. उत्तीर्ण र एम.वि.ए. सम्मको अध्ययन गर्नु भएको छ । वि.सं. २०४१ सालमा नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालयबाट सरकारी जागिरको रूपमा सेवा प्रारम्भ गर्नु भएका उहाँले २०४३ साल वैशाख २१ गतेदेखि कृषि विकास बैंकमा सेवा प्रवेश गर्नु भै २०७३ वैशाख २० गतेबाट अधिकृत सातौं तहबाट सेवा निवृत्त हुनु भएको हो । राष्ट्र सेवाको सँगसगै बचेको समयमा स्वामी सच्चिदानन्द विशुद्धदेवद्वारा संस्थापित संस्था चरित्र निर्माण संघमा २०४८ सालदेखि हालसम्म राष्ट्रिय कार्यकारिणी समितिको पदाधिकारी (सचिव, महासचिव र उपाध्यक्ष) भई कार्य गर्दै आउनु भएको छ । त्यस्तै स्वामी विशुद्धदेवद्वारा संस्थापित हंसदा योग आश्रम व्यवस्थापन समितिमा २०५८ सालदेखि २०७१ सम्म उपाध्यक्ष भई कार्य गर्नु भयो भने हाल उहाँ उक्त आश्रमको ट्रष्टी समितिको सदस्य सचिवमा रहेर कार्य गरिरहनु भएको छ । साथै उहाँ हंसदा योग आश्रम र चरित्र निर्माण संघको योग प्रशिक्षक पनि हुनुहुन्छ । यसको अतिरिक्त संसारका मनुष्यको कल्याण हेतुले वैदिक धर्म, योग, श्रीमद्‌भागवत् महापुराण, रामायण तथा अध्यात्मको माध्यमबाटआत्माको जागरण तथा शान्ति, मैत्रियता र विश्वबन्धुत्वको भावना जगाउनका लागि "विश्वशान्ति अभियान, नेपाल" नामक संस्था २०७० सालमा स्थापना गर्नु भएको छ । उहाँ उक्त संस्थाको संस्थापक प्रमुख सल्लाहकार पनि हुनु हुन्छ । उहाँका योग, धर्म र वेदान्त दर्शनमा पुस्तकहरू प्रकाशित छन् भने राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रशस्त लेख रचनाहरू आइरहेका छन् । ज्योतिष, तन्त्र, मन्त्र, योग, धर्म, संस्कृति र आत्मज्ञानको सन्दर्भमा जानकारी राख्ने र चारित्रिक चेतना जागरणमा रूचि राख्नु हुने उहाँले समाजमा विगत् २० वर्षदेखि वेदान्त, योग र गीतामा प्रवचन तथा योग साधनाको प्रयोगात्मक अभ्यास सिकाउँदै आउनु भएको छ । धर्म, संस्कृति, अध्यात्म, योग तथा समाजसेवाको क्षेत्रमा सक्रियताका साथ लागी पर्ने उहाँलाई कृषि विकास वैंक लि., रोसी वाङ्मय प्रतिष्ठान, तन्नेरी द्वैमासिक पत्रिका, मानव सेवा आश्रम, नेपाल वित्तीय संस्था कर्मचारी संघ, हंसदा योग आश्रम समिति, चरित्र निर्माण संघ, विश्वशान्ति अभियान-नेपाल, ओमकार वाणी मासिक, रत्नश्री महिला समूह लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले उहाँको कर्मक्षेत्रको लगनशीलता, कर्तव्यपरायणता, इमान्दारीता, नेपाली वाङ्मय तथा आध्यात्मिक साहित्य लेखनमा गरेको योगदानको फलस्वरूप सम्मान एवं पुरस्कृत समेत गरेका छन् । अन्तर्राष्ट्रिय योग दीवसको अवसरमा योग गुरू एवं समाजसेवी उद्धवप्रसाद भट्टराई "चैतन्यदीप" सँग धर्म, योग विज्ञान, आत्मा, परमात्मा तथा साधनाको सन्दर्भमा केन्द्रित रही अग्निचक्र मासिकका सम्पादक लक्ष्मीनारायण भट्टराईले गर्नु भएको कुराकानीको सारसंक्षेप तल प्रस्तुत गरिएको छ ।*

**जीवन यात्राको क्रमसँगै उद्धवप्रसाद भट्टराई कसरी चैतन्यदीप बन्नु भो ?**

– प्रसिद्ध बौद्धतीर्थ नमोबुद्धधामलाई शिरानि बनाउँदै रोसमती नदीको छङ्छङ् आवाजलाई निहालिरहेको र पारीपट्टि महाभारत पर्वत श्रृङ्खलाले आकाशलाई चुम्बन गर्दै प्राकृतिक सुन्दरताको छाँयाछविले उत्तर हिमालका दिव्य चुचुराहरूको दृश्यावलोकन भइरहेको स्वच्छ मनोहर पर्वतीय क्षेत्रडाँडाकटेरी एकलेखेत भन्ने ठाऊँमा मेरो जन्म भएको हो । विशेषगरि लामटाङ्ग र गणेश हिमालको मनोरम दृश्य, नदीहरूको छङ्छङ् आवाज, उच्च पर्वत शिखरहरूले आलोकित आनन्दमा पुलकित भई हुर्केको यो जीवनले सानैदेखि रूचि अनुरूप वेद, वेदान्त, गीता, रामायण, महाभारत जस्ता पुस्तकहरू पढ्ने र मनन गर्ने मौका मिल्न पुग्यो । तर मध्यम वर्गीय परिवारमा जन्मिएकोले शिक्षा, दीक्षा पाउन र समाजमा दह्रो खुट्टा टेकेर उभिनका लागि भने अनेकौं प्रकारका सघर्षलाई खेप्नु पऱ्यो । समाजसेवा, राजनीति, भगवत्भक्ति, ज्ञान, ध्यानमा रूचिभएपनि शारीरिक अस्वस्थता, आर्थिक अभाव, मानसिक तनावका कारण उच्च शिक्षा हासिल गर्न र अन्तरात्माले खोजेको ज्ञानलाई पाउनका लागि धेरै कठिनतालाई भेल्नु पऱ्यो । यसरी अनेक कठिनताका वावजूद पनि माता-पिता र इश्वर कृपाको कृपाले जीवन संघर्षका पाइलाहरू अगाडि बढ्दै गए । गाऊँबाट उच्चशिक्षाका लागि शहर प्रवेश गरियो । शहरमा वाँच्न ज्यादै कठिन भएपनि भगवान्प्रतिको दृढविश्वासले दुःखलाई धैर्यताका साथ सहन गर्ने शक्ति मिल्दै गयो । यसरी दुःख र सुखलाई आत्मसात् गर्दै राष्ट्र सेवामा प्रवेश गरियो । सेवापछि बचेको समयमा विद्वान्, राजनीतिज्ञ, कवि, सन्त, सद्‌गुरूहरूसँगको सत्सङ्गमा जाने गरिन्थ्यो । यसैगरि यथार्थ गुरूको खोज गदै गर्दा प्रसिद्ध आध्यात्मिक गुरू डा.नारायणदत्त श्रीमालीसँग पनि सत्सङ्ग गर्ने मौका मिल्यो । त्यस्तै स्वामी सच्चिदानन्द सरस्वति ( खप्तड बाबा) र कृपालुजी महाराजसँग पनि छोटो समयको भेट र आशीर्वाद लिने मौका पाइयो । अन्तमा प्रसिद्ध सन्त स्वामी सच्चिदानन्द विशुद्धदेवसँग भेट भयो । उनै गुरूसँग लामो समयसम्म सत्सङ्ग भयो । गुरूको सत्सङ्गले जीवनमा केही न केही कुरा मिल्दो रहेछ । सायदै गुरू तथा भगवान्को कृपाले होला मलाई लेखन र साहित्य सिर्जनमा सत्प्रेरणा मिल्दै गयो । वेद, वेदान्तशास्त्र, उपनिषद्, महाभारत, पुराण, गीता आदिको अध्ययन एवं साधना र प्रबचन सुन्ने रूचि भएकोले सन्तसँगको भेटले ती इच्छाहरू पुरा हुँदै गए । निरन्तर गुरूको सेवा, साधना र ज्ञानको श्रवण, मनन र चिन्तनको फलस्वरूप मलाई योगशिक्षाको प्रचारक एवं आध्यात्मिक सेवाको काम गर्ने मौका पनि मिल्दै आएको छ । चिन्तन, मनन, योग साधना र गुरूसँगको दिव्य सत्सङ्गले जीवन रूपान्तरणको अनुभूति हुँदै गयो । यसैको प्रभावले विविध आयाममा साहित्य लेखनको शुरूआत् भयो । राष्ट्रिय पत्रपत्रिकाहरूमा निरन्तर लेख, रचना, कविताहरू प्रकाशित हुन थाले ।

योग तथा अध्यात्मदर्शन सम्बन्धि केही पुस्तकहरू प्रकाशित भए । धर्म, अध्यात्म, आत्मा र परमात्मा अनुभूतिका सन्दर्भमा रेडियो तथा टेलिभिजनहरूमा अन्तर्वार्ता र प्रवचनहरू दिँदै आएको छु । यस्तै सरकारी निकाय, संघसंस्था र सार्वजनिक स्थलहरूमा योगसाधना गराउने तथा आध्यात्मिक प्रबचनहरू दिने गरेको छु । विभिन्न पत्रपत्रिका र संघसंस्थाहरूले सम्मान पनि गरेका छन् । लामो समयदेखि केही संघसंस्थाका पदाधिकारी र पत्र-पत्रिकाहरूको




## योगगुरू उद्धवप्रसाद भट्टराई "चैतन्यदीप" का प्रकाशित कृतिहरू

सल्लाहकार, पदाधिकारी तथा सम्पादक भई कार्य पनि गरिरहेको छु । यसरी लेख, रचना, साधना, योगको शिक्षक, धार्मिक प्रचारक एवं विश्व शान्ति अभियानमा लाग्दा लाग्दै अनायास चैतन्यदीप भन्ने उपनाम रहनपुग्यो । हुन त उद्धव नाम नै पर्याप्त छ । किनकी उद्धव भनेको कुनै दैवी यज्ञ समाप्त भएपछि बाँकी रहेको अग्नि, खरानी वा विगुत्लाई भनिन्छ । यसरी उपनाम दिनुको अर्थ प्रचारमा आउन, प्रसिद्ध हुन, गुरू बन्नको लागि बिल्कुलै होइन । म गुरू होइन, भगवान्‌को सेवक बन्ने प्रयास गरिरहेको छु । एउटा सच्चा मानवको रूपमा आफूलाई पाउन सक्छु कि भनेर गर्न खोजेको अभ्यासको नाम हो चैतन्यदीप ! अन्तरात्माको आवाज, आत्मा, इश्वर, चिन्तन र गुरूलाई नबिर्सियोस् भनेर यो नाम लेख्ने गरेको छु । उद्धवप्रसाद भट्टराई मेरो माता-पिताले दिएको र पुर्खासँग जोडिएको नाम हो । चैतन्यदीप आत्मा, ज्ञान, ध्यान, चिन्तन र चेतनतत्वलाई नबिर्सियोस्, सदासम्झना बनिरहोस् भनेर आएको उपनाम हो ।

**धर्म, अध्यात्म, भगवान् र मान्छेको परिचय हजुरको बुझाईमा के हो ?**

– यस सन्दर्भमा विभिन्न मानिसका आ-आफ्नै सोच र तर्क होलान् । यथार्थमा कुनै पनि कुराको शव्दार्थमा एकै भेद हुन्छ । धेरै मानिसहरूको आफ्नै किसिमको दृष्टिकोण र सोच हुने भएकोले कुनै विषयको अर्थ्याइँ गर्दा भेदाभेद पनि पाइने गरेको छ । सत्य दृष्टिकोणले हेर्दा अभेद छ । अब प्रश्न तर्फ जाऊँ । धर्म भन्नासाथ आजकल मानिसहरू तर्सिन्छन् । यसमा तर्सनु पर्ने कुनै कुरा छैन । प्राणीलाई जसले चेतना दिएको छ, चन्द्र, सूर्य, पृथ्वी तथा ताराहरू जुन शक्तिले अडेका छन् त्यही धर्म हो । सत्यस्वरूप विचारशक्ति नै धर्म हो । अर्को शव्दमा भन्नु पर्दा धर्मको अर्थ कुनै पनि वस्तुको यथार्थ सत्यमा आधारित गुण अर्थात् स्वभावको नाम हो । गुणवान्, चरित्रवान्, पुण्यवान् मनुष्य नै धार्मिक हुन्छ । धर्मलाई अपनाउनु गुणवान् बन्नु नै हो । असल चरित्र नै धर्म हो । धर्मले समग्र स्वरूपलाई बाहिर वा भित्रीरूपबाट हेर्दछ भने अध्यात्म भनेको जीवात्मा र परमात्मा तत्वको भित्रीपक्षबाट खोज र व्याख्या गर्दछ । मनुष्यभित्र रहेको सूक्ष्म कुरा प्राण, मन, बुद्धि, चित्त, अहङ्कारभित्रका यथार्थ ज्ञानको विश्लेषण गरेर त्यसको स्वरूप, शक्ति र भावलाई राम्ररी बुझ्नु नै अध्यात्म हो । भगवान्‌को अर्थलाई बुझ्नु पर्दा "भग" भनेको महान् अर्थात् विशालता र वान् भनेको धारण गर्नु हो । विशालतालाई धारण गरेको तत्व, पुरूष वा कुनै विचारलाई भगवान् भनिन्छ । जसको स्वरूप साकार पनि छ र निराकार पनि छ । त्यसैले भगवान्‌को दर्शन कठीन र दूर्लभ पनि छ । धर्म, अध्यात्म र भगवान् भन्ने कुरा मान्छेसँग जोडिएको विषय हो । मान्छे छैन भने उपरोक्त कुराको कुनै अर्थ रहँदैन । मनबाट चल्ने, हिड्ने, बोल्ने र व्यवहार गर्ने भएको कारण मान्छेलाई मनुष्य, मानिस आदि नामको संज्ञा दिइएको हो । मान्छे जीव स्वरूप छ, अल्पज्ञ छ । यसो हुँदा हुँदै प्राणीहरूमा सर्वश्रेष्ठ ज्ञान भएको विवेकशील जीव मनुष्य नै हो । मनको स्वभाव, गुण र अवस्था अनुरूप मानिसलाई मान्छे भनिएको हो । यही जीव उच्च गुणले सम्पन्न भएपछि देवता बन्दछ ।

**आत्मा र परमात्मा बीच के फरक देख्नु हुन्छ ?**

– प्रश्न अति गहन र मनन योग्य छ । व्याख्या धेरै लामो हुनसक्छ । छोटकरीमा सामान्य अर्थमा भन्नु पर्दा म भन्ने जुन व्यष्टि चेतना छ त्यही आत्मा हो । सर्वव्यापक समष्टि चेतना परमात्मा हो । जुन सबैको नियन्ता र नियामक छ । व्यष्टि चेतना समष्टि चेतनामा एकत्व हुनुलाई परमात्माको दर्शन भनिएको छ । आत्मा भनेको आफू वा जीव हो भने परमात्मा इश्वर हो । व्यक्ति र व्यक्तित्व भने जस्तै आत्मा र परमात्मा फरक जस्तो लाग्छ । आखिर एउटै सिक्काका दुई पाटा हुन् । एकातिर हेर्‍यो त्यही आत्मा हुन्छ, अर्कोतिर पल्टाएर हेर्‍यो त्यही परमात्मा हुन्छ । नदी र समुद्रको उदाहरण दिनसक्छौं । आत्मा नदी हो भने परमात्मा समुद्र हो । दुबै पानी कै रूप हो । हिमाल, पहाड, पर्वत, समतल भूमिमा कुदिरहँदासम्म नदी भयो । जब समुद्रमा खस्दछ तब त्यो नदी, नदी हुँदैन समुद्रै नै हुन्छ । नदीको यात्रा गरून्जेल नाम, निशाना, शक्ति, सामर्थ्य हुन्छ यात्रा समाप्त भएपछि सबै कुरा समाप्त भएर समुद्रकै रूपमा परिणत हुन्छ । यसरी पनि आत्मा र परमात्मालाई बुझ्न सक्छौं । आत्मा बल्बभित्रको बिजुली हो भने परमात्मा समग्र बल्बलाई बाल्ने पावरहाउस अर्थात् बिजुली उत्पादन घर हो । बिजुली त बल्बमा पनि छ पावरहाउसमा पनि छ । फरक यति हो कि एउटा उत्पादक हो भने अर्को उपभोक्ता हो ।

**योगको मानव जीवनमा के महत्व छ र योग गुरूमा हुनुपर्ने योग्यता के के चाहिन्छ जस्तो लाग्छ ?**

– सम्पूर्ण शास्त्र योगकै कुरा गर्छ, ऋषिमुनि योगलाई जोड दिन्छन् । योगको महिमा अनन्त छ । आत्मा परमात्मामा जोड्ने वा मिलन हुने क्रियालाई योग भनिन्छ । स्थुल चेतनाबाट सूक्ष्म चेतनातिरको यात्रालाई योग भनिन्छ । योग यस्तो अनुशासन, विधि र क्रियाको नाम हो जसलाई पालन वा अभ्यास गर्नाले आत्मा सर्वात्मामा गएर मिलन हुन्छ । योगको अनुसरण गर्नाले निरोगी शरीर, स्थिर मन, आनन्दित चित्त र प्रखर बुद्धिको प्राप्ति हुन्छ । परतन्त्री जीव स्वतन्त्र हुन्छ, दुःखी जीव सुखमा पुग्छ । यसरी योगको महिमा अपरम्पार भएको हुँदा योग सिकाउने गुरूमा विशेष किसिमको योग्यता हुन अति जरूरी छ । योग सूक्ष्म तत्वज्ञानको मार्ग भएकोले स्थुल बुद्धिले यसको महिमालाई जान्न र बुझ्न सकिँदैन । योगमा पारङ्गत अनुभवि तपस्वी, ज्ञानी, ब्रह्मनिष्ठ गुरूबाट योग सिकी त्यस्ता गुरूको पक्का शिष्यत्व ग्रहण गरेको, समाज र देशप्रति समर्पित, योगका विभिन्न विधिहरूको प्रयोगात्मक अभ्यास निरन्तर गर्ने, श्रवण, मनन र चिन्तनलाई जीवनमा उतार्न सफल र असल व्यक्ति, माछा-मासु, मदिरा, नसालु पदार्थ सेवन नगर्ने, सादा जीवन उच्चविचारले

अभिप्रेरित, शान्तिप्रीय, चरित्रवान्, पवित्रता र अहिँसा परमधर्मलाई अंगिकार गरेको व्यक्ति नै योग गुरू हुनसक्छन् । यस्तै त्यागी, वितरागी, संसारी विषय वासना र इच्छाहरूमा उदासीन व्यक्ति नै योग गुरू हुन सक्छन् ।

**तपाईंका प्रकाशित कृतिहरू "महर्षि विशुद्धदेव एवं दिव्य साधना सूत्र, स्वर्णिम साधना विज्ञान, महासमुद्रका तरङ्गहरू, मुक्त हृदयका आवाज र गुरू गङ्गा आदि कृतिहरूले समग्र मानव समुदायलाई के के सन्देश दिएको छ ?**

– यी कृतिहरू जीवन तपस्याको क्रममा भोगेका, साधनाबाट प्राप्त भएका, अनुभव गरेका, गुरू,शास्त्र, इश्वर र समाज कृपाबाट अनायास प्रकट भएका वर्षाको पानी जस्तै ज्ञान-विज्ञानका रसधारहरू हुन् । उच्चगुणले सम्पन्न त्यागी वैरागी साधुसँगको सत्सङ्ग, त्यस्ता साधुहरूको जीवन चरित्र, योग साधना र ध्यानको महिमा एवं गुरूको महिमाका सन्दर्भमा ज्ञानवर्द्धक सन्देश "महर्षि विशुद्धदेव एवं दिव्य साधनासूत्र" मा दिइएको छ । यस्तै मानव जीवनको लक्ष्य, धर्म, संस्कृति, मानवता, चरित्र र अष्टाङ्ग योगको सचित्र विधि र विज्ञानको विषयमा समाज र मानव जीवनसँग सम्वन्धित उपयोगी ज्ञानका दिव्य सन्देशहरू "स्वर्णिम साधना विज्ञान" मा दिन खोजिएको छ । त्यस्तै ज्ञान र चिन्तनका दृष्टिोणले धर्म, गुरू, शास्त्र, संस्कृति, आत्मा र परमात्मा, योग साधना, स्वतन्त्रता, पवित्रता र पुण्यताको सन्दर्भमा कोही पनि मानिस भ्रमित हुन नपरोस् भन्ने उद्देश्यका साथ "मुक्त हृदयको आवाज" प्रकट भएको छ । "महासमुद्रका तरङ्गहरू र गुरूगङ्गा" पुस्तक कवितात्मक शैलीमा देश, मानवता, प्रकृति, जीव, जगत्, ब्रह्म, गुरू, ऋषिमुनि, आत्मा, परमात्मा, धर्म, संस्कृति, वेद, वेदान्त, प्राणी इत्यादि शिर्षकमा समग्र विवेकपूर्ण ज्ञान र चरित्रको उजागर हुने गरी पस्किएको छ । जुन पुस्तकहरूको गहिराईमा गएर श्रद्धापूवर्क अध्ययन, अध्यापन र चिन्तन गर्न सकेमा कुनै पनि जीवनले आनन्द महशुस गर्नेछ । हुन त यो मैले भन्ने कुरा होइन पाठकहरूले नै पढेर मूल्यांकन गर्ने विषय हो ।

**विगत १७ वर्षदेखि विभिन्न पत्रपत्रिकामा तपाईंका लेख-रचनाहरू प्रकाशित भइरहेका छन्, कसरी प्रेरित भएर लेखिरहनु भएको छ ?**

– म आफू त्यस्तो कुनै विद्वान् त होइन तैपनि तत्वज्ञानी गुरूहरूसँगको सत्सङ्ग, सत्प्रेरणा आशीर्वाद, एवं समाज र इश्वरको कृपाले होला साहित्य लेखनमा मेरो कलमे हात अघि बढी रहन्छ । अर्को कारण विभिन्न पत्रपत्रिकाहरूले आफूले लेखेका कुराहरू निरन्तर प्रकाशित गरिदिएको कारणलेपनि मलाईलेखनी कलामा प्रेरणा जाग्दै गयो । केवल निस्वार्थ भावले गरेको ज्ञानवर्द्धक कर्मले मानवताको कल्याण हुने देखेर लेख रचनाहरू निरन्तर तयार हुन्छन् । आफूले गरेको कर्मबाट देश र समाजलाई पनि फाइदा पुगोस् । अशान्त संसार शान्तिको मार्गतर्फ उन्मुख होस् मानवले शान्तिको श्वास फेर्न पाउन भन्ने उद्देश्यले लेख्ने प्रेरणा स्वतः जाग्दै जान्छ । नेपाली वाङ्मय तथा आध्यात्मिक साहित्य लेखनमा योगदान पुर्‍याए वापत विभिन्न संस्थाहरूले समय समयमा सम्मान पनि गर्दै आएका छन् । नेपाल सरकार, सूचना विभागले मलाई स्वतन्त्र पत्रकार भनि सम्मान पनि गरेको छ । जसले मलाई समाज र मानवताको कल्याणका लागि झन जिम्मेवारी थप भएको महशुस हुन्छ र लेखन कार्य निरन्तर चलिरहन्छ । म विशेषगरि धेरै जसो धार्मिक र आध्यात्मिक लेखहरू लेख्ने गर्दछु । यसको अतिरिक्त आर्थिक, राजनैतिक, सामाजिक, बैंकिङ्, वाणिज्य तथा व्यवसायिक विधामा पनि कलम चल्ने गर्दछ ।

**नेपाल स्काउटमा २ वर्ष र कृषि विकास बैंक लि.मा ३० वर्ष सेवा गरेर अहिले निवृत्त जीवन विताइरहनु भएको छु, राष्ट्र सेवाको अनुभव पनि बताईदिनुहुन्छ कि ?**

– नेपाल स्काउटमा काम गर्नाले मलाई देश, इश्वर र मानवताको सेवामा लाग्नको लागि थप प्रेरणा मिल्न पुग्यो भने कृषि विकास वैंक लि.को लामो समयको सेवाबाट समाज र धेरै जनसमुदायमा भिज्ने मौका मिलेकोले जनताको सेवामा इमान्दारिता, कर्तव्यनिष्ठता तथा जिम्मेवारीता भन्ने कुरा सबैभन्दा महत्वपूर्ण विषय रहेछ भन्ने कुरा मलाई महशुस गराएको छ । जनतासँग भिजेर सरकारी निकायको काम गर्दा प्रचुर मात्रामा आत्मा सन्तुष्टि र आनन्द मिल्दो रहेछ । जागीरले मलाई कर्म गर्न मात्र सिकाएको छैन कि समाज सेवामा लाग्न पनि अभिप्रेरित गरेको छ । ठूलो नेटवर्क भएको बैंकमा काम गर्न पाइएकोले वैंकको नीतिगत कार्यविधिदेखि लिएर वित्तीय व्यवस्थापन, बैंकिंग कार्यालयसंचालन, प्रशासनिक कार्य, योजना, कर्जा लगानी, तालिम, लेखा, लेखा परिक्षण, आर्थिक अनुशासन, आधुनिक कम्प्युटराइज्ड वैंकिंग प्रणाली जस्ता विषयहरूमा गहन अनुभव बटुल्न सफल भएको छु । यसबाट मलाई के अनुभव भईरहेको छ भने कुनै पनि ठूलो वा सानो वैंकिंग व्यवशायको उच्च व्यवस्थापनमा रहेर सहज कार्य गर्न सक्ने क्षमताको विकास आफूमा भएको महशुस गर्दछु । कुनै पनि सरकारी निकायमा काम गरेर पारिश्रमिक पाउनु एउटा पक्ष हो भने अर्को विशेष महत्वपूर्ण पक्ष भनेको कार्यानुभव नै हो । अर्को कुरा बैंकमा लामो समयको कार्यानुभवले मलाई जनशक्ति विकास, प्रेरणा, सांगठनिक व्यवहार, तनाव व्यवस्थापन, प्रबन्धकीय कला, र व्यवसाय संचालन, प्रबर्द्धन तथा अभिवृद्धिजस्ता विषयहरूमा श्रोत व्यक्ति भई काम गर्न सक्षम बनाएको छ ।

**समाज र देशको विषयमा के भन्नु चाहनु हुन्छ र तपाईंको अबको भावी लक्ष्य के छ ?**

– वर्तमान समाज वैज्ञानिक विकासको साधन र श्रोतले भरिपूर्ण भई सुविधा भोगी वन्दै गएको छ । सुख र सुविधाका साधनहरू अकल्पनीय रूपमा देखिँदै आएका छन् । तर मानवीय चेतनाको स्तर भने चरित्रहिनता, अशान्त, द्वन्द्व, पीडा, तनावमा फस्दै गएको छ । जति रोग निको पार्ने वैज्ञानिक उपकरणहरू उत्पादन भएका छन् त्यो भन्दा कैयौं गुणा रोगको मात्रा बढ्दै गएको छ । यसको अर्थ बाहिर संसारमा त विकास भयो तर मनुष्यको अन्तरजगत् विचलित र अस्थिर छ । जसको कारण विश्व विकराल युद्धको चपेटामा पर्न नसक्ला भन्न सकिन्न । त्यसैले समाजमा भौतिक शिक्षाको सँगै आध्यात्मिक शिक्षा, योग, ध्यान र मानव चरित्र निर्माणमा आधारित ज्ञानगुणको चिन्तन समाजले खोजिरहेको छ । यस्तो समाजलाई सत्यको बाटो देखाउने र शान्तिको सन्देश दिनेको कमी छ । आफूले केही गर्छु भनेर आँटे पनि राम्रो काममा विभिन्न वाधा व्यवधानहरू आउँदा रहेछन् । जे जस्तो समस्या आएपनि योग र चरित्र निर्माणको माध्यमबाट मानवता, प्राणीहित र विश्वशान्तिका लागि समर्पित भएर अघि बढ्ने नै मेरो भावी लक्ष्य हो ।

**अन्तमा तपाईं के भन्न चाहनुहुन्छ ?**

– मानव जीवन इश्वरको महान् कृति हो । यसलाई निरर्थक विताउनु दुर्भाग्य हुन्छ । मानवजीवनको रहस्यलाई बुझेर शुद्ध, बुद्ध, मुक्त र आनन्दलाई अनुभूत गरेर मर्न सकियो भने जीवनको सार्थकता झल्किनेछ । त्यसैले गुरू, इश्वर, मन्त्र, देवता, समाज, देश, संस्कृति, मानवता, चरित्रलाई नर्विसौं । मानव चरित्रकै कारण संसारमा युद्ध, अशान्ति, पीडा तथा विध्वंस भएको छ । त्यसकारण मानव चरित्र निर्माणलाई जोड दिनु सज्जनहरूको कर्तव्य हुन्छ । ज्ञान, ध्यान, योग, चिन्तन तथा आत्मा दर्शनले मानिसभित्र सकारात्मक भावको उत्पन्न हुन्छ । त्यही सकारात्मक भाव नै जीव, जगत् र परमार्थको लागि कल्याणकारी हुन्छ । मानिसको लागि भोग नै सबैथोक होइन, योग साधना महत्वपूर्ण छ । शान्ति प्राप्ति र मोक्ष साधना जीवनको उच्च लक्ष्य हुनुपर्छ । त्यसैले जीवन जानेर जिऊँ, उच्चतम् तत्वज्ञानको आफूले अनुभव गरौं र अरूलाई पनि सोही तत्वदर्शनको अनुभव गराएर मात्र मरौं । धन्यवाद ! ००



# सनातन राज्यको आर्थिक कार्यप्रणाली र समाजवादको स्थापनामा वित्तीय प्रणाली

- **परितोष पौड्याल**, वरिष्ठ उपाध्यक्ष (नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.)

समकालीन युगमा राजनीतिक गन्तव्यको रूपमा समाजवादका विभिन्न सम्प्रदायको चर्चा गरिन्छ । पूर्वीय सभ्यतामा भने मानव जीवनका चार लक्ष्य काम, अर्थ, धर्म र मोक्ष्य (चतुरभागा) समष्टिमा पुरुषार्थको रूपमा परिभाषा गरिएको छ । समाज विज्ञानको विकासमा हिन्दू विधिशास्त्रले प्रस्तुत मानव जीवनका आधारभूत लक्ष्य र साधन, स्रोत र सामर्थ्यको सञ्चालन गर्ने समाजका आधारभूत मान्यताका बीचमा अन्तरविरोध हुने गर्दछन् । हिन्दू विधिशास्त्रमा विकास भएको जीवन मार्गदर्शन निर्धारित चार लक्ष्यहरू हाल विकसित समाज विज्ञानसँग अन्तरसम्बन्धित, अन्तरनिर्भर र विश्वव्यापी छन् । हिन्दू विधिशास्त्रले अर्थलाई मानव पुरुषार्थलाई सुख, धर्म, विनय र सेवाको सापेक्षमा परिभाषित गरेको पाइन्छ । कौटिल्यले आफ्नो सूत्रमा भनेका छन्: ***सुखस्य मूलं धर्मः । धर्मस्य मूलं अर्थः । अर्थस्य मूलं राज्यः । राज्यस्य मूलं इन्द्रिय जयः । इन्द्रियाजयस्य मूलं विनयः । विनयस्य मूलं वृद्धोपसेवा ।*** यसरी आधुनिक अवस्थामा विकास भएका सामाजिक न्याय र सकारात्मक विभेद (वृद्धभत्ता, महिलाको अग्राधिकार) को अवधारणाको आधार कौटिल्यमा पुग्छ । मानिस र मानिसको सम्बन्धलाई मार्गदर्शन गर्न हिन्दू दर्शनशास्त्रमा परिभाषित मानव जीवनका लक्ष्यहरूको निर्धारण गरिएको छ ।

१.धर्म : हिन्दू दर्शनशास्त्रअनुसार विकसित भएका विभिन्न सम्प्रदायले धर्मलाई वृहत्तर रूपमा परिभाषित गरेको पाइन्छ । वेद, उपनिषद, पुराण र स्मृतिहरूमा धर्मलाई मानव जीवन पद्धतिको अंशमा वस्तु र घटनाको सम्पूर्ण पक्षसँग सापेक्षित गरेको पाइन्छ । जस्तो अधिकार, चरित्र, प्रथा, परम्परा, रीतिरिवाज, चालचलनका नियम, दायित्व, न्याय, आचरण, नैतिकता, सत्कार्य, गुण, सम्पत्ति अनेकन विषयगत परिभाषामा धर्मको चर्चा गरिन्छ । धर्म यस्तो जीवन पद्धति र चिन्तन पद्धति हो जसले मानव जीवनका समष्टिगत पक्ष वस्तु (प्रकृति, समाज, परिवार, व्यक्ति) र घटना (दायित्व, अधिकार, चरित्र, व्यवसाय, प्रथा, परम्परा, रीतिरिवाज, चालचलन, आकाङ्क्षा, अनुभूति, अवधारणा र दृष्टिकोण) लाई ठिक कार्यसम्पादन, नैतिकता र अध्यात्मिकतामा आधारित दायित्व पूरा गर्ने उचित मार्गदर्शन गर्दछ । जीवनको सिद्धान्त, नैतिकता र अध्याम्मिकताको सिद्धान्त तथा नागरिक दायित्व र कानूनी राज्यको सिद्धान्त नै आधुनिक राज्यको मार्गदर्शन र विधिशास्त्र अर्थात कानूनको स्रोत हुन् । धर्मका १० वटा आधारभूत सिद्धान्तहरू छन : सहिष्णुता, मनमाथिको नियन्त्रण, क्षमा, चोरी नगर्नु, शौच ( चोखोनितो), ज्ञान, इन्द्रियमाथि नियन्त्रण, वुद्धि, सत्य र अहिंसा ।

**२. अर्थ :** गुणस्तरीय जीवनका पक्षहरूलाई उत्पादनका साधन र उत्पादन शक्तिको सम्बन्धले उत्पत्ति हुने धन, पद, क्रियाकलाप जसले मानव जीवनको वित्तीय सुरक्षा र आर्थिक विकासलाई अभिवृद्धि गर्दछ । यो हिन्दू विधिशास्त्रमा मानव जीवन पद्धतिको महत्त्वपूर्ण लक्ष्यको रूपमा लिइन्छ । अर्थ राज्यव्यवस्था प्रणालीका राजनीतिक, सामाजिक, कानूनी, धन सिर्जना तथा धनको सङ्कलन र वितरणसँग सम्बन्धित पक्ष हो । हिन्दूविधिशास्त्रले धनलाई आधुनिक युगमा अर्थको विस्तारित स्वरूपले वित्तीय अवसर, वित्तीय पहुँच र प्रविधिको सहकार्य मार्फत वित्तीय सेवा, वित्तीय बजारमा अवसर र वित्तीय सेवाको पहुँच, वित्तीय साधनको उपयोग र वित्तीय संघसंस्थाले दिने समाधानहरू पर्दछन् भनेर परिकल्पना गर्दछ । आर्थिक जगत्को आधुनिकताले हिन्दू वित्तीय विधिशास्त्रमा समकालीन रूपमा विकास भएका वैदेशिक विनिमय बजार, ऋणपत्र बजार, उपभोग्य बजार, मुद्रा बजार, निष्कर्षण बजार, भविष्य बजार, बीमा बजार, धितोपत्र बजार समेतका विषयलाई सम्बोधन गर्नुपर्दछ ।

**३. काम :** इच्छा, आवश्यकता र चाहना भौतिक सुखको परिपूर्तिसँग सम्बन्धित छ । व्यक्ति, परिवार, समाज र राज्य क्रमिक रूपमा विकसित हुँदै आएको सिर्जना हो । कामले जगत्को सृष्टि, विकासवादी सिद्धान्त, सामाजिकीकरण र मानविकीकरणको प्रक्रियासँग अन्योन्याश्रित सम्बन्ध राख्दछ । हिन्दू विधिशास्त्रअनुसार कामले प्रकृति र पुरुषको सम्बन्धहरूको व्यवस्थापन, सञ्चालन र विकास गर्न आवश्यकता र अन्तर आकर्षणलाई कार्यसम्पादनमा लगेर जोडेको छ । हिन्दूले जगत्को उत्पत्ति, सृष्टि, विकास र सञ्चालनको नियमले मानिसमा शान्ति, श्रम, स्वतन्त्रता, बन्धुत्व र सुखप्रतिको चाह तथा एउटा मनोविज्ञान विकास गराएको हुन्छ । यसले मानिसमा इन्द्रियहरूको विकासको क्रममा उत्पन्न हुने आशक्ति, यौन, खाना, मनोरन्जन, अनुभूति, ज्ञान, कला र साहित्य तथा आवश्यक पर्ने सिप र प्रवीणतालाई मानव जीवनको पुरुषार्थसँग जोडेको छ ।

समाजका आधारभूत मान्यताहरू हुन्छन् र मानव जीवनको प्रमुख लक्ष्य पुरुषार्थको बीचमा सङ्घर्ष हुन्छन् । सङ्घर्षलाई व्यवसायिकता, निर्दिष्ट आचरण, विचार, नैतिकता, अनुशासन, अवधारणा, दृष्टिकोणले पद्धतिलाई मार्गदर्शन गर्दछन भने आधुनिक यूगमा यो मान्यतालाई कानूनी शासनको आधारमा निर्धारण गरिन्छ । समकालिन समाजमा कामलाई आर्थिक विकासको पूर्वाधारमा जोड्न सकिन्छ ।

**४.मोक्ष :** मोक्षलाई मानव जीवन पद्धति र चिन्तन पद्धतिको आत्मको जागृतिको आधार बनाइएको पाइन्छ । मानव जीवनका यिनै लक्ष्यलाई व्यवस्थित गर्न मानिसका अधिकार र कर्तव्यमुखी अवधारणा र राज्य व्यवस्था प्रणालीको विकास भएको छ । शास्त्रपिच्छे ज्ञानमार्ग र भक्तिमार्गमा मुक्ति वा मोक्षको धारणा फरक फरक छन् । मानव जीवनको लक्ष्य धर्मलाई संस्थागत गर्न हिन्दू विधिशास्त्रको विकास गरियो । यसले क्रमिक रूपमा कानूनी संहिताको रूप लिंदै कानूनी प्रणालीको विकास भएको पाइन्छ । मानिसको जीवन पद्धतिमा मोक्षका दुई चरणमा परिभाषित गरिएको पाइन्छ । पहिलो चरण : गृहस्थ धर्मको पालना, कर्मको पालना, संसार छोड्ने होइन अज्ञान छोड्ने दु:खबाट मुक्त हुने पहिलो चरण हो भने दोस्रो चरणमा अत्यन्तिक मोक्ष अनन्तकालीन समयसम्म मृत्युलोकबाट मुक्त अर्थात पुनर्जन्म र मृत्युबाट मुक्तिलाई मोक्ष भनिन्छ । हिन्दूविधिशास्त्रमा मोक्ष प्राप्तिको एउटै मात्र मार्ग छ, त्यो ब्रह्मलीनको अवस्था हो । यस्तो अवस्थामा आत्मा परमात्मासँग समाहित हुने विश्वास गरिन्छ । पुरुषार्थ यस्तो विषय हो जुन हिन्दूधर्मावलम्बीको जीवनपद्धतिको एकमात्र अनिवार्य तथा महत्त्वपूर्ण सर्त हो । यो पद्धतिले जीवात्मालाई महालोक, जन्मलोक, तपलोक, ब्रम्हपुरी, विष्णुपुरी, शिवपुरी हुँदै अन्त्यमा निराकार स्वरूपमा पुर्‍याउँदछ । मोक्षप्राप्तिको अत्यन्त कठिन व्याख्या हिन्दू विधिशास्त्रमा गरिएको छ ।

**सनातन हिन्दूराज्यको आर्थिक कार्यप्रणाली**

हिन्दू वित्तीय विधिशास्त्रमा आर्थिक विधालाई मानव जीवनको लक्ष्यको सापेक्षतामा परिभाषा गरिएको पाइन्छ । मानव जीवनको लक्ष्यसँग राज्यव्यवस्था प्रणालीको सापेक्षित सम्बन्ध हुन्छ । हिन्दूविधिशास्त्र विकसित र परिस्कृत हुँदै गएको पाइन्छ । वेदबाट उपनिषद, पुराण र स्मृतिसम्म आउँदा हिन्दू विधिशास्त्र क्रमिक रूपमा पतनउन्मूख रहे तापनि यो समयक्रममा फेरि अभ्यासबाट विकसित र परिस्कृत हुँदै आएको पाइन्छ । हिन्दू विधिशास्त्रलाई कानूनको स्रोत मान्दै समाज विज्ञानमा विकसित भएका नयाँ उपागमहरू जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता,

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने विषय आधुनिक जीवनमा मानवको पुरुषार्थसँग जोडिएको पाइन्छ । हिन्दू विधिशास्त्रमा अर्थलाई पुरुषार्थसँग जोडेर विश्लेषण गरिन्छ । पुरुषार्थमा धर्म पहिला आउँछ र अर्थलाई धर्मसँगको सापेक्षतामा वर्णन गरिन्छ । सांसारिक मार्ग अर्थात् गृहस्थ धर्ममा अर्थको श्रीवृद्धिको महत्त्व सुखसँग जोडिएको छ । सुखको आधार समृद्धि हो । हिन्दू दर्शनमा समृद्धिलाई आर्थिक वृद्धिमा रूपान्तरण गर्न चार पक्षहरू ज्ञान, स्वास्थ्य, सुख र अर्थलाई आधार मानिएको छ ।

**सनातन हिन्दू विधिशास्त्र र आधुनिक राज्यव्यवस्था प्रणालीको दिशानिर्देश**

समाज विज्ञान निम्न अवस्थाबाट उच्च अवस्थातर्फ र सरलताबाट जटिलतातर्फ यात्रारत हुन्छ । नेपालको सनातन व्यवस्था पनि हिन्दू विधि, प्रथा र परम्परालाई कानूनी संहिताको अतिरिक्त विश्वका आधुनिक विकासका आधारभूत मान्यता र व्यवस्थालाई स्रोत मान्दै विकासको आयाममा अघि बढेको पाइन्छ । नेपालको कानून निर्माणमा हिन्दू विधिशास्त्रको प्रभावकारी भूमिका रहेको छ । हिन्दूराज्यसँग र राजासँग जोडिएको नेपालको अर्थतन्त्रमा २०४७ सम्म आर्थिक कार्यप्रणालीमा राजकाजको भूमिका निर्णायक थियो । वि सं. १९९५ देखि २००१ सम्म दोस्रो विश्व युद्ध चल्यो । यो मानवजातिको बीचमा समानता र न्यायको लागि गरिएको युद्ध थियो । युद्धको समाप्ति पछि वि.सं. २००२ आषाढ १३ गते यू. एन. चार्टरमा हस्ताक्षर भयो । चार्टरका मुख्य पक्षहरू न्याय र समानता थिए । न्यायिक र समतामूलक समाजको स्थापनाको लागि वि.सं. २००५ को मंसिरमा मावन अधिकारको विश्वव्यापी घोषणापत्र जारी भयो । नेपाली नागरिकहरूमा मानवअधिकारको चर्चा र प्राप्तिको लागि पहलकदमी, जागरण र विद्रोह देखेपछि भारतीय सल्लाहकार समेत राखेर तत्कालीन राणा शासकहरूले पहिलो सर्वोच्च कानूनको रूपमा **"अन्तरिम शासन विधान २००४"** जारी गरे । यो विधान जारी गर्दा हिन्दू विधिशास्त्रलाई आधारभूत स्रोतको रुपमा लिइएको थियो । जहाँ मानिसका आधारभूत अधिकार र राज्यको संरचनाको विषयहरू ७३ वटा धारामा उल्लेख गरिएका थिए । तत्कालीन समाजमा व्याप्त शोषण र आर्थिक प्रणाली संस्थागत नभएकोले राणाकालीन समयमा नेपालीहरू आम रूपमा दरिद्र, रुढीवादी, र अशिक्षित थिए । त्यस समयमा परम्परागत कृषि प्रणाली र केही मात्रामा ठुला उद्योगहरू भए पनि जिम्वाल, मुखिया, तालुकदार, द्वारे, अम्लाइ, राजपुत, विर्तावाल र किपट जग्गा भएका मानिसहरूको माध्यमबाट आम नागरिक र ग्रामीण तहमा शोषणको पराकाष्ठा थियो । यसलाई टेकेर राजनीतिक क्रियाकलापहरू हुन थाले र वि.स. २००७ फागुन १६ गते नेपाल र भारतबीच शान्ति र मित्रता सम्बन्धी सन्धि सम्पन भयो । आंशिक रुपमा राजनीतिक विषयको सम्बोधन र अन्तर्राष्ट्रिय सम्बन्धको विस्तारले नेपाली नागरिकहरू सचेत हुँदै गर्दा समानता र न्यायको अतिरिक्त समृद्धिको लागि राज्यव्यवस्थाको संरचना बाधक भएपछि दिल्ली सम्झौता र जनआन्दोलनको प्रभावले वि सं. २००७ चैत्र २९ गते **"अन्तरिम संविधान २००७"** को घोषणा भयो । यसपछि देशमा आर्थिक विकासका क्रियाकलापहरू बढाउने उद्देश्यले वि.सं. २०१० मा सहकारी विभागको स्थापना भएको पाइन्छ । यति हुँदाहुँदै पनि आर्थिक क्षेत्र राज्यनिर्देशित, नियन्त्रित र केन्द्रीकृत प्रणालीमा स्थापित थियो । प्रजातन्त्रको प्राप्ति पछि २०१५ सम्म अर्थव्यवस्था र समाजिक प्रणालीको विषयमा विरोधाभाष चलिरहयो । राजा महेन्द्रले निर्वाचन अगाडि दलीय व्यवस्थाको सम्बोधन गर्दै निर्देशित आर्थिक प्रणालीमा आधारित **"नेपाल अधिराज्यको संविधान २०१५"** जारी गरे । यो संविधान लगत्तै सहकारी संस्था ऐन, २०१६ जारी गरियो । २०१९मा दललाई प्रतिबन्धित गर्दै **"नेपालको संविधान २०१९"** घोषणा गरी राजा महेन्द्रले जनतामा रहेको नागरिक र राजनीतिक अधिकारको समाप्ति गर्दै निर्दलीय निरंकुश पञ्चायती व्यवस्थामा आर्थिक कार्यप्रणालीलाई अझै निर्देशित र नियन्त्रित बनाए । यो राज्य निर्देशित र योजनाबद्ध थियो । पञ्चायती व्यवस्थाले तोकेको क्षेत्रमा उद्योग व्यवसाय र प्रतिष्ठानहरूको गठन गर्न दिने गरी राज्यको कानूनी संरचनाको निर्माण गर्‍यो । पटक पटकका संघर्ष, सत्याग्रह, आन्दोलन, जनमतसंग्रह जस्ताअनेकौ प्रयत्नमा २०४६ सालको जनआन्दोलन पछि २०४७ सालमा संसदीय शासन प्रणाली सहितको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र उल्लेख भएको **"नेपाल अधिराज्यको संविधान २०४७"** जारी भयो । यो संविधानले मानिसका आधारभूत अधिकारहरू उल्लेख गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको स्थापना गर्ने लक्ष्य राखेको पाइन्छ । २०४७ सालको संविधानले मानिसका आधारभूत अधिकारहरू उल्लेख गरी राज्यको निर्देशक सिद्धान्तको धारा २५ को १ मा खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको स्थापना गर्ने लक्ष्य राखेको थियो । उपधारा २ मा "देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी **स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता** र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।" भन्ने उल्लेख गर्‍यो । दोस्रो जनआन्दोलन पछि "**नेपालको अन्तरिम संविधान २०६३**" जारी भयो । यस संविधानको धारा ३५ (२) मा "सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।" भन्दै २०६३ सम्म पुग्दा तीन स्तम्भे अर्थनीतिको विषयले संवैधानिक मान्यता प्राप्त गरेको पाइन्छ । अन्तरिम संविधान २०६३ले तीन खम्वे अर्धव्यवस्था प्रणालीको संवोधन गरेको थियो भने २०७२ मा पुग्दा प्रश्तुत तीन खम्वे अर्थनीतिमा टेकेर समाजवादको स्थापना गर्ने रणनीतिक महत्वको विषयलाई संवोधन गरेको छ । **नेपालको संविधान २०७२ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा** ५० मा निर्देशक सिद्धान्तहरू : (३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनिएको छ । त्यसैगरी **अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा धारा** ५१.(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र ५१(३) मा सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने, राज्यका नीतिहरू हुने विषय उल्लेख गरिएको छ । यो समाजवादको शाब्दिक विषय नभएपनि भावात्मक विषय : शान्ति मन्त्र मार्फत वेदमा ***ॐ सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःखभाग्भवेत् । ॐ शान्तिः शान्तिः शान्तिः ॥*** ऋचासँग मेल खान्छ । यसरी समाजवादको भावात्मक परिकल्पना वेद कालमै गरिएको छ । आधुनिक राज्यमा हिन्दू विधिशास्त्रको जगमा समृद्धिको यात्रा तय गर्नु छ । समृद्धिको यात्राका दुई पक्ष छन्, ती हुन् : राज्य व्यवस्था प्रणालीमा पूर्वाधारको विकास र मानिसको गुणस्तरीय जीवनको व्यवस्थापन ।

**राज्य व्यवस्था प्रणालीमा पूर्वाधारको विकास**

**१. राजनीतिक प्रणाली :** राज्यव्यवस्था प्रणालीलाई निर्देशित गर्ने विधिशास्त्र, वित्तशास्त्र, समाजशास्त्र र सांस्कृतिक लगायतका विकसित भएका बाह्य रूपमा साधारण देखिने आन्तरिक रूपमा जटिल प्रणाली हो । अर्थव्यवस्था र सामाजिक प्रणाली, राजनीतिक विचारधारा र सांस्कृतिक प्रणालीको आधारमा राज्यको संरचना र जनमाथिको घोषित मार्गदर्शनको आधारमा राज्य व्यवस्थालाई शासन, निर्देशन, सञ्चालन, व्यवस्थापन र विकास गर्ने प्रणालीको रूपमा राजनीतिक प्रणालीलाई लिइन्छ । राजनीतिक प्रणाली स्थिर प्रकृतिको व्यवस्था होइन यो त क्रमिक रूपमा विकास हुने तथा परिवर्तित हुने विज्ञान हो । राज्यव्यवस्था प्रणाली, विचार सम्प्रदाय र संस्कृतिमा देखापरेको परिवर्तनसँगै मानिसको जीवन पद्धतिभित्र शक्ति, हित र ज्ञानलाई मार्गदर्शन गर्न विकास हुन्छ । राजनीतिशास्त्र कालान्तरको विश्लेषण, वस्तु र घटनाको कल्पना एवम् यसको सिर्जनात्मक प्रयोगको माध्यमबाट सामाज विज्ञानका पक्षहरूको रूपान्तरण र परिवर्तनको लागि उत्पादन शक्ति र उत्पादनका साधनको सम्बन्ध व्यवस्थापन गर्न मानिसको

परिकल्पनाबाट सिर्जित विधि, वित्त, समाज र संस्कृतिको नियन्त्रण, निर्देशन, सञ्चालन र व्यवस्थापन गर्ने प्रणाली हो ।

यसरी हेर्दा एकै व्यक्तिको शासन : राजतन्त्र, केही सम्भ्रान्त, धनाढ्य व्यक्तिहरूको शासन : ओलिगार्की, बहुमतको शासन : लोकतन्त्र, कानूनको शासन : गणतन्त्र, कुनै व्यक्ति व्यवस्थाको प्रत्यक्ष शासन नरहने : अराजकता, संसदीय शासन : संसदले प्रधानमन्त्रीको छनौट गर्ने र संसदप्रति उत्तरदायी प्रधानमन्त्री चुन्ने प्रक्रिया आदि राजनीतिक प्रणालीअन्तर्गत पर्दछन् ।

**२. सामाजिक प्रणाली :** हिन्दू दर्शनको आधारको रूपमा वेदहरू पर्दछन् । वेदले समाज विकास र विन्यासको विषयमा यथेष्ट परिभाषा गरेको पाइदैन । उपनिषद् र पुराणसम्म पनि समाजको वर्गीकरणको ठोस व्यवस्था देखिँदैन । स्मृति र सुत्रहरूको विकाससँगै हिन्दू वर्णाश्रम धर्मको व्याख्या भएको पाइन्छ । ब्राह्मण : विद्या र वृद्धिको काम गर्ने, क्षेत्रीय : देशको रक्षा गर्ने र योद्धा, वैश्य : पेशा र व्यवसायीक तथा शुद्र : श्रमिक र सेवा गर्ने गरी वर्णाश्रम धर्मको व्यवस्था गर्ने यो निर्मित विषय थियो । वैदिक समाजको व्याख्या र अभ्यासले यो परम्परा र प्रथा, रीतिरिवाज र चालचलनको रूप लिँदै समाजको अभिन्न अङ्ग बन्न पुग्यो ।

**३. कानूनी प्रणाली :** समयको क्रमसँगै विकास हुँदै विभिन्न कानूनी सप्रदायहरू कमन कानून, सिभिल कानून, समाजवादी कानून, क्यानन कानून, जुइस कानून, स्लामिक कानून, हिन्दू कानून, चिनीयाँ कानून लगायतका कानूनी प्रणालीहरूको विकास गरिएको छ । नेपालको परिपेक्षमा हिन्दू कानूनको नेतृत्वमा हाम्रा मानिसका आधारभूत मान्यताहरू विकसित हुँदै र स्थापित हुँदै आएका अन्तर्राष्ट्रियकरण, विधि, प्रविधि र पुँजीको स्वतन्त्र विश्वव्यपकतावाद तथा समावेशी लोकतन्त्रको अवधारणाले कानूनको सम्प्रदायमा छुट्टै माग गरेको थियो । आर्थिक कार्य प्रणालीले नेपालमा पृथक विधिशास्त्रको विकास गरिरहँदा नेपालको संविधान २०७२ ले विश्वमै पहिलोपटक वित्तीय विधिशास्त्रमा सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रलाई आधार बनाएर न्याय र समानता प्राप्ति गर्ने दार्शनिक अवधारणालाई सर्वोच्च कानून संविधानमा उल्लेख गरेको छ ।

### ४. आर्थिक प्रणाली (Economic System)

**आर्थिक विकास (Economic Growth):** नागरिकहरूसँगको समृद्धि, विकास तथा समानताको अधिकारलाई निष्कर्षमा पुऱ्याउन नेपालको संविधान २०७२ ले आर्थिक कार्यप्रणालीको तीन आयाम सरकारी, निजी र सहकारीलाई संस्थागत गरेको छ । वित्तीय सहकारीको माध्यमबाट आवधिक मापनका आधारमा आर्थिक कार्यप्रणालीमा योगदान पुऱ्याउन आर्थिक विकासले सम्बोधन गर्नुपर्ने विषयहरूमा : मुद्रास्फिति, उत्पादन र सेवाको गुणस्तर तथा वित्तीय सेवाको मुल्यनिर्धारण, नागरिकको वित्तीय पहुँच, व्यावसायिक क्रियाकलाप, संयुक्त पुँजीको लगानी ( समुदायमा आधारित उद्यमशीलता) मार्फत मानिसको जीवनस्तर सुधार, कुल ग्राहस्थ उत्पादनमा वृद्धि लगायताका विषयहरू पर्दछन । वित्तीय सहकारीको वृद्धिलाई आर्थिक विकासको कार्यान्वयनसँग अनिवार्य सम्बन्ध राख्ने आधारभूत र महत्वपूर्ण विषयहरू निम्नबमोजिम छन् ।

**१. आर्थिक तथा वित्तीय पूर्वाधारको विकास :** वित्तीय सहकारीको वृद्धि र विकासको लागि धन सिर्जना गर्न सक्ने सुदृढ अर्थव्यवस्था प्रणाली : वित्तीय मध्यस्तता गर्ने संयन्त्र, वित्तिय पहुँच, वित्त विकास, संस्था सञ्चालन र प्रयोगको लागि वित्तीय संहिताको निर्माण, प्रभावकारी सञ्चालनको लागि वित्तीय पारदर्शिता र सुशासनको प्रबन्ध, तरलता व्यवस्थापन, मानवसंसाधन व्यवस्थापन तथा अनुसन्धान र विकास मार्फत भौतिक पुर्वाधारको विकास मार्फत जीविकाको स्तरोन्नतिमा सहयोग पुऱ्याउनु पर्दछ । जीवनस्तर बदल्नको लागि समुदायमा आधारित साकोसको स्वामित्व र नियन्त्रण र फाइदालाई सदस्य केन्द्रित बनाउनु पर्दछ । सम्पूर्ण वित्तीय समाधान सहितको साकोसको स्थापना र साकोसहरूको स्तारोन्नतिको लागि स्रोतकेन्द्रको रूपमा नेफस्कूनलाई संस्थागत गर्न राष्ट्रबैंकबाट स्वीकृति प्राप्त साकोस बैंकको स्थापना, संस्थाको वित्तीय सुरक्षा तथा सदस्यको जीवन र गैर जीवनको सुरक्षणको लागि विमाको नियामक निकायको स्वीकृतिमा साकोस विमा संस्थाको स्थापना, साकोस विप्रेषणको लागि व्यवसायिक संयन्त्र, साकोसमा वित्तीय कारोवारको लागि विद्युतीय समाधान, संस्थाहरूको स्थायित्व र सुरक्षाको लागि स्थिरीकरण कोष, सञ्जाललाई व्यवस्थापन गर्न साकोसको एकरूपता प्रणाली, साझेदार निकायसँगको सहकार्यको लागि साकोस प्रतिष्ठान, वित्तीय सहकारीका उत्तम अभ्यासहरूको आन्तरिकीकरण र हस्तान्तरणका अन्तर्राष्ट्रिय साझेदारी नेफ्स्कुनलाई दिशानिर्देश गर्ने **आर्थिक तथा वित्तीय पूर्वाधारका** आधारहरू हुन् । आर्थिक तथा वित्तीय पूर्वाधारका लागि वित्तीय क्षेत्रको जिम्मेवारी नेफ्स्कूनको कार्यदिशा हुनु पर्दछ । यसो गर्दा आर्थिक तथा वित्तीय पूर्वाधारको विकास हुने देखिन्छ ।

**२. उद्यमशिलता, नवप्रर्वतन र आविस्कार :** व्यावसायिक विविधता, प्राविधिक विविधता र सेवाको विविधतामा आधारित भई स्रोत र साधनमा अवसर र पहुँचको उपयोग गरी आयआर्जन गर्न र पुँजीवृद्धि गर्न हरेक व्यक्ति संलग्न हुनु पर्दछ । यसको लागि हरेक मानिसले नयाँ उद्यमशिलताको सोच, नयाँ औद्योगिक आयाम र व्यवसायीक समाधानको खोज गर्नु पर्दछ । नवप्रर्वतन नै विचार, पद्धति र प्रविधिको माध्यमले नयाँ धन सिर्जना, प्रविधि, स्रोत र साधनको खोज, सम्भावनाको प्राप्तिको औजार हो । अनुशासन, सिकाइ, र अभ्यासको माध्यममा नागरिकलाई जागृत गर्नु पर्दछ । नवप्रर्वतन, विचारलाई योजना बनाउने मार्गदर्शन र सन्देशलाई अभ्यासमा ल्याउने माध्यम हो । आविष्कारले हाम्रो जीवनपद्धतिलाई सहज र सवल बनाउन मद्दत गर्दछ । आविष्कारले सोचलाई उपयोगितामा ल्याउँछ उत्पादन र सेवालाई प्रभावकारी बनाउन सघाउँछ । मानिसहरूको आदर्श इच्छा, आवस्यकता र चाहनालाई वास्तविकताको परिपूर्तिमा सहयोग पुऱ्याउँछ ।

**३. शिक्षा र तालिम :** मानव विकासलाई प्रवर्द्धन गर्ने पहुँचयोग्य उच्च गुणस्तरीय शिक्षा प्रणालीमा आम नागरिकको पहुँच पुग्नु पर्दछ । मानव जीवनका सम्पूर्ण पक्षमा पोख्त पार्न वित्तीय शिक्षा, व्यवसायिक शिक्षा र नागरिक शिक्षा सहितको नवमानवको विकासले मात्र राष्ट्रिय समृद्धिको प्राप्ति सम्भव हुन्छ । मानव विकास र राष्ट्र विकासको लागि गुण र क्षमतामा आधारित नागरिक समुहको निर्माण गर्नु पर्दछ । जहाँबाट समृद्ध सभ्यताको आरम्भ गर्न सकियोस् । गुणस्तरीय नव मानवको विकासले मात्रै समुदायमा साधन र स्रोतको किफायती प्रयोग र उत्पादकत्वको विकासमा आधारित आर्थिक तथा सामाजिक प्रणालीको स्थापना गर्न सम्भव हुन्छ । उच्च गुणस्तरीय मानवको विकासका लागि वित्तीय संस्थाले सदस्यहरूमा शिक्षा, तालिम र सुचनालाई आधार बनाई समृद्ध गुणस्तरीय नयाँ जीवनको सर्वाङ्गीण विधामा पोख्त सदस्यको निर्माण गर्दै राष्ट्रिय समृद्धिको यात्रामा सहयोग पुऱ्याउनु पर्दछ । वित्तीय क्षेत्रलाई सशक्तिकरण, विद्युतीय समाधान, व्यावसायिक समाधान तथा वित्तीय संस्थाको विकास र अनुसन्धानको लागि व्यवसायिक प्रादेशिक **तालिम केन्द्र**को प्रभावकारी सञ्चालन गर्नु पर्दछ । मानिसको भावना र मनोवृतिको सकारात्मक सुधार मात्र होइन उनीहरूमा समृद्ध मुलुकको लागि आवश्यक क्षमता र सामर्थ्यको विकास गरी मानिसका कार्यशैली र प्रभावकारितामा बदलाव ल्याउनु पर्दछ ।

**४.लोकतान्त्रिक संस्थाको विकास :** लोकतन्त्र संस्थाको नीतिमा प्रतिबिम्बित हुन्छ । नेतृत्व र विधि निर्माणमा लोकसम्मति भएजस्तै वित्तीय संस्थाको सञ्चालन विकास र व्यवस्थापनको लागि नीति, आर्थिक वृद्धिमा आधारित पारदर्शी र जवाफदेही शासन र प्रशासनमा सदस्यको सहभागितालाई जोड दिनु पर्दछ । सहकारीमा शेयर लगानी मार्फत संस्थामा सदस्यको आर्थिक सहभागिता हुन्छ । बचत ऋण अभियानमा यो आर्थिक सहभागिता भनेको बचतमा पनि अनिवार्य सहभागिताको अवधारणा हो । सदस्यहरूको स्वामित्व, एक व्यक्ति एक मतको समतावादी अवधारणामा आधारित नियन्त्रण प्रणाली लोकतन्त्रको मर्म हो । सहकारीमा आम्दानीको ठूलो हिस्सा संस्थागत विकासमा लगानी गर्ने संस्था विकास गर्ने गरिन्छ । संस्थाको फाइदाको (उत्पादन र सेवामा) सक्रियताको आधारमा एउटा हिस्सा शेयरको अनुपातमा लाभांश र अर्को हिस्सा कारोवारमा संलग्नता (वितरणमुखी न्याय) आधारमा सदस्यहरूलाई लाभ पुऱ्याउने प्रणाली अवलम्बन गरेकाले सहकारी क्षेत्रलाई लोकतन्त्रको प्राथमिक पाठशाला पनि भनिन्छ । वित्तीय पहुँच र वित्तीय लोकतान्त्रिकरणको लागि लोकतान्त्रिक केन्द्रियताको आधारमा अभियानका स्वयंसेवकलाई संगठित गर्न वित्तीय अभियानको स्वयंसेवकबाट सञ्चालित **स्थानीय तह**को संस्थागत विकास गर्नु पर्दछ । व्यवसाय, संगठन र नेतृत्व समृद्धिको धरातल भएकाले स्वयंसेवकको क्षमता अभिवृद्धि, निरन्तर शिक्षा र परिवर्तनको लागि परिचालन लोकतन्त्रको आधार स्तम्भ हो । हरेक पालिकामा वित्तीय समाधानको स्रोतकेन्द्रको रूपमा रहनु पर्दछ । वित्तीय क्षेत्रको संस्थागत स्थायित्व, सुरक्षा र विकासको लागि आधारभूत विषयहरू बचत सुरक्षण कोष, व्यवसाय विकास केन्द्र, स्थिरीकरण

कोष, वित्त प्रणाली (लघुवित्त, हरित वित्त, कृषि वित्त लगायत) जोखिम न्यूनीकरण, स्तरीकरण, गुणस्तर सुनिश्चितता, लगायतका वित्तीय कार्यको क्षेत्रमा विकास र आविष्कार भएका समाधानहरूको क्रमिक विकास र उपयोगको रणनीतिको लागि योजना र कार्यान्वयन गर्नु पर्दछ ।

**५ जीवनको गुणस्तर (Quality of life (QOL):** सदस्यहरूको गुणस्तर मापन गर्ने विषय वृहत्तर रूपमा सदस्यको जीवन पद्धति भित्रको विविध वित्तीय निर्णयसँग जोडिन्छ । नागरिकहरूको वित्तीय क्रियाकलाप र व्यक्तिगत कार्यसम्पादन सापेक्षित रूपमा सम्बन्धित पक्षहरू हुन् । जीवनको गुणस्तरमा निर्धारण गर्ने विषयले वित्तीय सुरक्षा, वैयक्तिक स्वतन्त्रता, उचित वातावरण, रोजगारको सुरक्षा, पारिवारिक जीवन, शिक्षा, स्वास्थ्य तथा सुरक्षा र सामाजिक पुँजीसँग सापेक्ष सम्बन्ध राख्दछ । गुणस्तरीय जीवनले बचतलाई घटाउँछ अथवा गुणस्तरीय जीवनले खर्च वृद्धि गर्दछ । वित्तीय समावेशीकरण अभियानको लक्ष्य बचत वृद्धि गर्नुमात्र होइन उसको आयआर्जनको नयाँ खोज र त्यसलाई आवश्यक पर्ने सहयोग, शिक्षा, तालिम र सुचनाको माध्यमले ज्ञान, सिप र क्षमताको अभिवृद्धि गर्नु पनि हो । त्यसैले **सदस्यहरूको जीवन स्तर बदल्नको लागि वित्तीय समावेशीकरण र पहुँच निर्माण** भन्ने नारालाई प्राथमिकताका साथ स्थानीय पालिकाको विषय बनाउनु पर्दछ । गुणस्तरीय जीवनको लागि वित्तीय समावेशीकरण र पहुँचका लागि परिभाषित उत्तरदायित्वहरू :

**(क) सुशासन :** साकोसको आन्तरिक प्रशासन, बजार, सरोकारवाला, संस्था र सदस्य वीचको सम्बन्ध, संस्था र समाजसँगको सम्बन्ध  सञ्चालन गर्न सकोसको मुल्य अनुसारको अन्तरक्रिया र निर्णय प्रक्रियामा साझेदारीमा साझा समस्यको समाधान गर्नु सुशासन हो । सुशासनले नवप्रर्वतन, पुनःसशक्तिकरण, उत्पादन र सेवाको प्रभावकारी सञ्चालन, व्यवस्थापकीय कुशलता, लोकतान्त्रिक पद्धति मार्फत सञ्चालित हुने प्रक्रिया सुशासन हो । सुशासनको प्रत्याभूतिको लागि साकोसका हरेक सदस्य संस्थाको विधि, नीति र प्रविधिको उपयोगमा उत्तरदायित्वपूर्ण जिम्मेवार हुन आवश्यक हुन्छ । सुशासनको लागि संस्थाको आन्तरिक प्रणलीमा नीतिको नियन्त्रण, संस्थाको बाह्य प्रणालीमा कानूनी संहिताको पालना र सदस्यको वैयक्तिक सुशासनको प्रणालीसँग सम्बन्धित हुन्छ ।

**(ख) स्वास्थ्य :** मानिसको गुणस्तरीय जीवन प्रभावकारी शारिरीक, मानसिक र सामाजिक परिवर्तनको लागि आवस्यक पर्ने सामर्थ र तन्दुरुष्टी हो । यो शारीरिक अशक्तता र रोगको अनुपस्थिति मात्र होइन रोगको गुणस्तरीय उपचारको निम्ति पहुँच र अवसर पनि हो । नेपालमा जनसंख्याको बहुमतमा विकलाङ्ग छ । यो राष्ट्रनिर्माणको लागि भयाभह अवस्था हो यसलाई सहकारीको एउटा विषय बनाउन जरुरी छ । सन्तुलित स्वास्थ्यको लागि साकोसले योजना बनाउनु पर्दछ । जनसंख्या जीवनको गुणस्तरको लागि स्वास्थ्य विमासँग यो विषय जोडिनु पर्दछ ।

**(ग) वैयक्तिक स्वतन्त्रता :** मानिस जन्मको आधारमा स्वतन्त्र हुन्छ । जन्मको आधारमा हरेक मानिसमा आधारभूत रूपमा जीवन, स्वतन्त्रता, आधारभूत हक र आत्मसम्मानयुक्त जीवनको अधिकार निहित रहन्छ । यस्ता अधिकारहरू हरेक मानिसले उपयोग गरे जस्तै वित्तीय क्षेत्रको सदस्यले पनि वैयक्तिक स्वतन्त्रतामा अधारित जीवन पद्धति र चिन्तन पद्धतिको स्वतन्त्रता प्राप्त गर्नु पर्दछ । अधिकार र लोकतान्त्रिक पद्धति मार्फत नागरिकको वैयक्तिक स्वतन्त्रतालाई सम्मान, सुरक्षा र परिपूर्ति गर्नु पर्दछ ।

**(घ) सुरक्षा :** सुरक्षा भनेको मानिसलाई हानी हुने विषयवाट मुक्त रहने प्रत्याभूति हो । यो भित्र जीवन, सम्पत्ति, व्यक्तित्व, आत्मसम्मान मानिसका आधारभूत मानव अधिकार र राज्यको कानूनले सिर्जना गरेको अधिकारलाई बिना रोकतोक सञ्चालन र व्यवस्थापन गर्ने सामर्थ्य पर्दछन् । साकोसले यो सुरक्षाको सन्दर्भमा हरेक मानिसलाई मुख्यतः सदस्यलाई जागरण र सशक्तिकरण गर्नु पर्दछ । सदस्यको सुरक्षाको अतिरिक्त संस्थाको सुरक्षाको लागि सभ्यताको विकास गर्ने र सुन्दर संसारको निर्माण गर्नु पर्दछ ।

**(ङ) सामाजिक पुँजी :** वित्तीय सहकारीले सहकार्य, भरपर्दो र विश्वासिलो समुदाय जसले मानिसका आधारभूत आवश्यकताको परिपूर्तिका लागि सेवा र उत्पादनको उपलब्धतामा भूमिका निर्वाह गर्न सकून् । अवको युग समृद्धिको युग, उपभोक्तावादी युग हो । हरेक मानिस आर्थिक रूपमा स्वाधिन र आयआर्जनसँग जोडिनु पर्दछ । उत्पादन र सेवाका आधारमा औद्योगिकीरण, प्राविधिकीकरण र व्यवसायीकीकरणलाई आधार वनाई ठुलो सामाजिक पुँजीको निर्माण गरी राष्ट्रिय पुँजीको निर्माण गर्नु र संयुक्त पुँजी मार्फत राष्ट्रि गौरवका कार्यक्रमहरूमा योगदान पुऱ्याउन साकोस अभियन्ताको चाख र अभिरुचि आवश्यक रहन्छ । संगठित पुँजीको सन्चालनको लागि विशिष्ट योजना बनाई समृद्धिको यात्रामा सामाजिक पुँजीको प्रयोगलाई व्यवसाय विकास केन्द्रहरूलाई सामाजिक पुँजी प्रयोग गर्ने आधार बनाउनु पर्दछ ।

**(च) आधारभूत आवश्यकता :** आधुनिक युगमा मानिसको विकासका अधिकारको परिभाषित हुँदैछ । मानिसका आधारभूत समृद्धिको यात्रामा विज्ञानको पछिल्ला उपलब्धिको प्रयोग तथा आवश्यकता अनिवार्य र मुख्य विषय बन्दैछन् । यस्ता आवश्यकताहरू विकसित हुँदै आउने मानव चेतना र संस्कृति असीमित र गतिशिल हुन्छन । आधारभूत आवश्यकताहरू मानिसका आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय अधिकारसँग अन्तरसम्बन्धित, अन्तरनिर्भर र अन्तरक्रियात्मक हुन्छन् । यी विषयहरू स्वस्थ्य पानी र हावा, प्राकृतिक गुणस्तरीय खाद्य, सुरक्षित आवास, बाल्यकालको विकास र सुरक्षा, शारीरिक सुरक्षा, अनुकूल भौतिक वातावरण, अनुकूल कार्यस्थल, स्वास्थ्य सुविधा, आर्थिक सुरक्षा, पारिवारिक जीवन, आधारभूत शिक्षा लगायत छन् । यस्ता आधारभूत आवश्यकताका परिपूर्तिबाटै समृद्धिको मापन गर्ने भएकाले यस्ता विषयमा आर्थिक क्षेत्रले विचार मन्थन, उत्पादन र सेवाको आविष्कार व्यवस्थाको लागि राज्य व्यवस्था प्रणालीले प्रेरणा दिनु पर्दछ ।

यसरी सनातन हिन्दू विधिशास्त्रहरूको मार्गलाई पछ्याउँदै आधुनिक राज्यव्यवस्था प्रणालीलाई समयसापेक्ष दिशानिर्देश गर्ने काम राज्यले गर्दछ । विधिको विधान र आर्थिक कार्यप्रणालीको समयसापेक्ष परिमार्जन गर्न सनातन हिन्दू विधिशास्त्रकै उपयोग पहिले पनि, अहिले पनि र भोलि पनि भइरहेको वा भइरहने देखिन्छ । समग्रमा सनातन हिन्दू विधिशास्त्रले आधुनिक राज्यव्यवस्था प्रणालीको पृष्ठपोषण गरिरहेको तथ्यले सनातन परम्परा र विधिशास्त्रको लोकप्रियता निरन्तर बढिरहेको देखिन्छ । यी कार्यदिशामा आधारित भएर आर्थिक कार्यप्रणालीको आधारमा राज्य सञ्चालनको प्रतिबद्धता र सनातन विधिको ऐक्यवद्धता प्राप्त गर्न सकियो भने मुलुकको समृद्धिको यात्राले सार्थकता पाउनेछ । यसले तीन खम्बामा आधारित आर्थिक कार्यप्रणाली गौरवशाली हुन्छ । जब स्थानीय तहका नागरिकहरु गौरवशाली हुन्छन् त्यतिबेला  राष्ट्र गौरवशाली हुन्छ । यो गौरवपूर्ण यात्राले समृद्ध नागरिक र समुन्नत नेपालको निर्माण हुनेछ । सनातन हिन्दु विधिशास्त्रमा वित्तीय सम्प्रदायको सापेक्षित विकास आजको अपरिहार्यता भएको तथ्यलाई हृदयङ्गम गर्दै राष्ट्रिय समृद्धिको यात्रामा सनातन धर्मले सापेक्षित योगदान पुऱ्याउनु पर्ने आवश्यकता छ  ।

**सन्दर्भ सामग्री**


अर्याल मदनप्रसाद,संकलक(२०७३) नीति(विदुर, चाणक्य र मर्तृहरि) काठमाण्डौः श्रीमती रमादेवी अर्याल ।

पौड्याल, परितोष, (२०७३) *वित्तीय सहकारीको विधिशास्त्र (नीति, प्रविधि र कार्यविधि),* काठमाण्डौं : विष्णु प्रसाद पौड्याल ।

लुइटेल तिलकप्रसाद, अनुवादक(२०६३)। अथर्ववेद(नेपालीमा) काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

**"अन्तरिम शासन विधान २००४"**

**"अन्तरिम संविधान २००७"**

**"नेपाल अधिराज्यको संविधान २०१५"**

**"नेपालको संविधान २०१९"**

**"नेपाल अधिराज्यको संविधान २०४७"**

**"नेपालको अन्तरिम संविधान २०६३"**

**नेपालको संविधान २०७२**

https://en.wikipedia.org/wiki/Sanskrit

http://www.freepatentsonline.com/article/Journal-Social-Economic-Development/253535288.html

http://www.mvnadkarni.com/files/Hindu%20Eco%20Philosophy.pdf

Gupta O P(4th Dd.).(2003). *An Introduction to Political Theory,* New Delhi: Macmillan India Ltd.

H.Luc, S.mark, Editors (2008) *Traditional Justice and Reconciliation after Biolent Conflict*, International institute for Democracy and Electoral Assistance

International institute for Democracy and Electoral Assistance (2006). *democratic Dialogue-A Handbook for Practitioners*. Sweden: Trydells Tryckeri AB.

Paul Ron(2008), Pillers of Prosperity, Auburn, Alabama: Ludwig von Mises Institute.



निबन्ध/साहित्य - विनयकुमार शर्मा नेपाल

# क्रय विक्रय

**_कोही शरीर बेचिरहेछन्, कोही समय बेचिरहेछन्। कोही बोलि बेचिरहेछन्, कोही सीप बेचिरहेछन्। कोही माया बेचिरहेछन्, कोही उपकार बेचिरहेछन् भने कोही आफ्ना भाव, सोच र विचार बेचिरहेछन्। प्रेम वा विवाह पनि एक किसिमको खरिद तथा विक्री नै हो।_**

क्रय किन्नु हो, खरिद गर्नु हो, मूल्य तिरेर वस्तु, भाव वा समयलाई आफ्नो बनाउनु हो। विक्रय बेच्नु हो, विक्री गर्नु हो, बेचविखन गर्नु हो, पैसा वा कुनै वस्तु लिएर आफ्नो अधिकारमा रहेको वस्तु, भाव वा समय अर्कोको अधिकारमा दिनु हो, तर क्रय विक्रयले खरिद विक्री वा किनबेचलाई मात्र बुझाउँदैन। तलमाथि, यताउता, हानि-नोक्सानी, पीरमर्का, न्याय-अन्याय र के गर्नु कसो गर्नु वा मनको ठूलो अत्यास लाग्दो द्वन्द्वपन वा समस्यालाई समेत उजागर गर्दछ।

किन्नु भनेको वस्तु मात्र होइन, सट्टा दिएर जे पनि किन्न सकिएला तर मनको भाव, सोच र विचार अनि मनका भाव जन्य ज्ञान, बुद्धि, विवेक, उत्साह, प्रेरणा, जागरण, श्रम वा सीप जस्तो कुराहरू जुन हामीलाई कुनै हालतमा किनबेच हुन सक्दैन जस्तो लाग्दछ तर यथार्थमा त्यो भ्रम मात्र हो। मान्छे स्वभावैले स्वार्थमात्र हेर्ने प्राणी हो, मान्छे स्वभावैले फायदा मात्र हेर्ने जन्तु हो। मान्छेले भावजन्य जुनसुकै कुरो प्रत्यक्षमा वस्तुसँग विनिमय नगरे पनि कुनै न कुनै भावजन्य, ज्ञानप्रद, बुद्धियोग्य वस्तु प्राप्त गर्छ नै। अर्कोलाई ज्ञान वा बुद्धि बाँड्दा वा उत्साह वा प्रेरणा जगाउँदा पनि मान्छेले अनुभवको साथसाथै तिनै ज्ञान, बुद्धि, विवेक, उत्साह, प्रेरणा, अभ्यास आदि अप्रत्यक्षमै प्राप्त गरिरहेकै हुन्छ। कुनै कुरोको प्राप्ति नभए पनि मान्छे स्वयंको चेतनाको द्वार, विचारको फैलावटमा अभ्यासित हुँदै खारिँदै त जान्छ जान्छ। कुरो प्रत्यक्ष र अप्रत्यक्ष भन्नेसम्म मात्र हो।

मजदुर वा जागिरदारले पैसाको लागि श्रम बेचिरहेका छन्। श्रमको साथसाथै आफ्नो शरीर र शरीरको यावत भावना विक्री गरिरहेका छन्। उनीहरू आफ्नो समय बेचेर पैसा बटुलिरहेछन् अनि त्यही पैसा बेचेर आफ्नो र आफ्नाको पेट भरिरहेछन्। आवश्यक वस्तु मात्र होइन, भावजन्य कुरा पनि खरिददारी गरिरहेका छन्। त्यही समय, श्रम, ज्ञान, अनुभव आदि बेचेर कमाएको पैसाले वास्तवमा अर्कोको ज्ञान, बुद्धि, श्रम, शरीर र समय किनिरहेका पनि छन्।

गुमाउनु वा खर्च गर्नु पनि अर्को हिसाबमा प्राप्ति नै हो। जब मान्छे केही गुमाउँछ अर्को केही स्वतः प्राप्त गर्दछ। खर्च नगरी प्राप्तिको सम्भावना पटक्कै छैन। पहिले खर्च अनि आर्जन यो सृष्टिको विधि हो। तपाईंले माने पनि नमाने पनि हुने कुरो यही हो। तपाईंले सुका खर्च नगरी कुनै गुरु पाए पनि पहिले आफ्नो समय, मन, भावना र श्रम खर्च गर्नै पर्दछ तब मात्र प्राप्ति हुन्छ। त्यसैले यदि तपाईं केही नगुमाई केही पाउँछु भनेर सोच्नुहुन्छ भने त्यो मूर्खता मात्र साबित हुनेछ वा तपाईंले आफू भ्रममा छु भनेर बुझ्ने हुन्छ। म निस्वार्थी छु, धार्मिक छु भनेर ईश्वरको वा परमात्माको उपासना गर्ने मान्छेसम्मले पनि कममा कम मन, भाव र समय त खर्च गर्नै पर्दछ। त्यसैले पहिले लगानी गर्नुहोस् प्राप्ति आफै हुन्छ। लगानी के, कसो र कति गर्ने, कुन चीजमा गर्ने भन्ने कुरा सोचेर, जानेर गरे वेश। अन्धकारमा वा हाहामा लागेर गरेको लगानी वा कार्यको फल प्राप्ति तपाईंले खोजेजस्तो वा सोचे जति नहुन सक्छ।

किन्नु एउटा पाटो, बेच्नु अर्को पाटो। क्रय एउटा बाटो, विक्रय अर्को बाटो। दुवैको सीमा वा तारो एकै। त्यसैले क्रय र विक्रयलाई जोडेर क्रयविक्रय अर्थात् किनबेच शब्दलाई सायद हाम्रा पुर्खाले हेरे, बुझे तर हामीले के कति बुझ्यौं ?

किनबेच, क्रयविक्रय हरेक कुराको हुन्छ। माताको वात्सल्यमा पनि खरिदविक्री छ। बच्चा हुर्काउनमा पनि खरिदविक्री छ। पुर्खाको कारण जोडियोस् वा भविष्यको सुरक्षा वा सन्तानले दिने सुख जोडियोस् बाबुको मायामा पनि खरिदविक्री छ। गुरुको ज्ञानमा पनि खरिदविक्री छ। पति वा पत्नीको प्रेममा पनि खरिदविक्री छ। तपाईं पति वा पत्नी जे भए पनि आफ्नो मायालुको आवश्यकता पूरा गर्न असमर्थ हुनुहुन्छ भने त्यो प्रेम सदा रहन सक्दैन। विश्वास नलागे प्रयोग गरेर हेर्नुहोस् न। त्यसैले संसारका यावत सम्बन्ध मात्र किनबेच वा सट्टापट्टामा जोडिएको छ। किन्ने वा बेच्ने कुरा के, कति, कस्तो र कसरी त्यसमा व्यक्ति व्यक्तिको आफ्ना आवश्यकता र मापदण्डका स्वतन्त्र कुरा हुन्।

वास्तवमै हामी मान्छेका सम्पूर्ण जीवन नै किनबेच र सट्टापट्टामा अलमलिएको छ। दानमा पनि किनबेच हुन्छ, मायादयामा पनि किनबेच हुन्छ, प्रेममा पनि किनबेच हुन्छ, त्यागमा पनि किनबेच हुन्छ, सेवा र उपकारमा पनि किनबेच हुन्छ, उपासना र भक्तिमा पनि किनबेच हुन्छ। मान्छेको जायजन्मदेखि मृत्यसम्म, कर्मदेखि धर्मसम्म तथा मान्छेले गर्ने कार्यदेखि गराउने जुनसुकै कामसम्म हरेक कृत्यमा किनबेच हुन्छ, हुन्छ। विना क्रयविक्रय मान्छे न उठ्छ, न बस्छ, न हिँड्छ, न सुत्छ।


किन्नु वा बेच्नु मान्छेको जन्मजात कर्म र धर्म दुवै हो। कोही ज्ञान बेचिरहेछन्, कोही बुद्धि बेचिरहेछन्। कोही शिक्षा बेचिरहेछन्, कोही श्रम बेचिरहेछन्। कोही शरीर बेचिरहेछन्, कोही समय बेचिरहेछन्। कोही बोलि बेचिरहेछन्, कोही सीप बेचिरहेछन्। कोही माया बेचिरहेछन्, कोही उपकार बेचिरहेछन् भने कोही आफ्ना भाव, सोच र विचार बेचिरहेछन्। प्रेम वा विवाह पनि एक किसिमको खरिद तथा विक्री नै हो। तपाईं जुनसुकै कृत्य गर्नुहोस् त्यो स्वतः खरिद वा विक्री बन्दछ। मान्छे चाहे जे गरोस्, त्यो उसकै शरीरबाट निर्मित वस्तु वा भावजन्य कुरा हुन्। जानेर गर्नोस् वा नजानेर, जानेर बेच्नोस् वा नजानेर, बुझेर किन्नुहोस् वा नबुझेर तपाईंका जुनसुकै कार्य वा कृत्य तपाईं बेचिरहनुभएको छ र अर्को कसैले किनिरहेको छ। अर्को कसैले बेचिरहेको छ र तपाईंले किनिरहनुभएको छ। केही बेच्नासाथ अर्को केही किन्न हतारिन्छ मान्छे, केही किन्नासाथ अर्को केही बेच्न

हतारिन्छ मान्छे । यो क्रयविक्रयबाट कुनै मान्छे बच्न सक्दैन ।

क्रयविक्रयको साङ्केतिक वा लाक्षणिक अर्थ वा भाव द्वन्द्व वा समस्या हो । के गरौं कसो गरौंको अत्यमसलाग्दो समस्यामा अर्थात् किनुँ कि बेचुँ, निलुँ कि ओकलुँको अवस्थामा रहेको मान्छेको हालतलाई पनि हामी क्रयविक्रयसँग जोड्न सक्छौं ।

तुलनाका हिसाबमा तलमाथि पर्नु, यताउति पर्नु, न्यायअन्यायको बीचको द्वन्द्वको अवस्थालाई पनि क्रयविक्रय शब्दले बुझाइरहेको छ भने अर्कोतर्फ हानिनोक्सानी वा पीरमर्कालाई पनि यस शब्दले वा यसको अर्थले दृष्टि दिइराखेको म देख्छु । समस्या भन्नु जुन र जस्तो होस् । एउटै समस्या पनि मान्छेको मनस्थिति-मनोभाव-मनोस्वभाव अनुसार मान्छे पिच्छे फरक फरक बन्ने गर्दछ वा लाग्दछ । कोही त्यही र त्यस्तै समस्या पनि हाँसेर गुजारिरहेका हुन्छन् भने कोही त्यही र त्यस्तै समस्यामा हायतौवा मच्चाउँछन् । कोही भित्रभित्रै पाकेर हीनताबोधको शिकार पनि बनिरहेकै हुन्छन् भने कोही सिरकले मुख छोपेर समस्याबाट बचिन्छ कि भन्ने सोचेर निष्फिक्री सुतिराखेका पनि हुन्छन् । समस्या वास्तवमा मान्छेका लागि अन्योलग्रस्त बनेको हुन्छ र त्यस्तो अन्योलग्रस्त अवस्था नै मान्छेको क्रयविक्रयको अवस्था पनि हो ।

प्रत्येक मान्छे चाहेर नचाहेर क्रयविक्रयको खेलमा होमिइरहेकै हुन्छ । केही न केही खरिदविक्री गरिरहेकै हुन्छ । श्वास तान्नु र श्वास फाल्नुलाई पनि तपाईंले किनबेच वा क्रयविक्रय ठानें के फरक पर्छ र ? तपाईंले पाउन मात्र खोज्नुभयो भने यो संसारमा तपाईंभन्दा मूर्ख अर्को कोही छैन भनेर बुझे हुन्छ अर्को मान्छेले । यसरी नै बेच्न मात्र खोज्ने वा गुमाउन मात्र खोज्ने अर्थात् निस्वार्थ वा सित्तैं परोपकार गरें भनेर भन्ने मान्छे पनि मूर्ख नै साबित हुन्छ । वास्तवमा मान्छेको सम्पूर्ण जीवन नै मध्यमा छ, क्रयविक्रयको बीचमा छ । यसलाई बुझेर जसले जीवन बाँच्न जान्दछ ऊ निश्चय नै जीवनमा आउने वाधा, व्यवधान, अड्चन, दोष, दाग, कलङ्क, आरोपजस्ता समस्यालाई सहज बनेर सरलतासँग स्वीकार गर्न सक्दछ र आउने प्रत्येक घटना दुर्घटनालाई स्वभाविक ठानेर कुण्ठा, हीनता र आत्मभिमानीपनबाट बचेर बाँच्न जान्दछ । मेरो दृष्टिमा क्रयविक्रय यही हो, तपाईंको दृष्टिमा नि ? *चाबेल, काठमाडौं ।*


**सुशासन कायम गर्नको लागि आह्वान**

- प्रत्येक सचेत नागरिक राष्ट्रको सच्चा पहरेदार हो, भ्रष्ट व्यक्ति राष्ट्र, समाज र परिवारको कलंक हो ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।
- इमान्दार राष्ट्रसेवकले समाज सामु कहिल्यै शिर झुकाउनु पर्दैन ।
- सार्वजनिक सम्पत्ति प्रत्येक नागरिकको साझा सम्पत्ति हो, यसको दुरुपयोग हुन नदिऔं ।
- घुस लिने र दिने दुवै महाअपराधी हुन् ।

तसर्थ सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने काममा भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा पाउनु भएमा सोको विवरण खुलाई राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिई मुलुकमा सुशासन कायम राख्ने कार्यमा सहयोग गरी जिम्मेवार नागरिकको कर्तव्य पूरा गर्न अनुरोध गरिन्छ ।


फोन नं. : ०१-४२००३४५
फ्याक्स नं. : ०१-४२००४००

**नेपाल सरकार**
**राष्ट्रिय सतर्कता केन्द्र**
**सिंहदरवार, काठमाडौं ।**

इमेल : navic@nvc.gov.np
वेवसाइट: www.nvc.gov.np

# SHIVAPURI BABA'S PERSONAL LIFE





Dr. YB Shrestha Malla

**SB:** I have been living my lives consciously as a Realised soul. *My Mind remains higher than Jagrat, Swapna & Sushupti -- the 3 states of our Consciousness -- "Purusha sob dekhte rahataa"*. I have practised many sadhanaas previously. For example, in one of my life I was trying to throw myself down a precipice 2 miles deep, for 40 years. Finally I could dive into the bottom of the "seven seas" and got the 3 needles. Now they are for you." **Duty, Devotion & Knowledge (Karma, Bhakti, Gyana)** -- all good but not true. After practising them I went to my Master, who said, "Now you will not be tempted."

Unless God is realised, complete abolishment of trouble is not possible. Even your getting World Emperorship is like living in a palace within a prison! Mind you, Worldly Life is a prison; you should get out of it as soon as possible!

You people are just like worms! If a little disturbance comes, you are gone! Have **Faith** on God; He will give you whatever you need!

**Q: It is said that there was a glowing at the moment of Ramana Maharshi's death.**

A: That means he saw God then...RM's going to Realised saints to pay his respects during that time is very significant. In this state, he could see where all saints were living. His visiting them and going round them is proof of his Realisation. Such Parikramaas or visits do help, you know! "Give respects to all and everybody! (**Sarvadeva Namaskaara.**)"

**Q: What about the famous Gopal Baba? He died doing Kirtan; didn't he? It is great! Isn't so?**

A: You told me once that he knew beforehand, for example, when certain Rana Generals and other important people would come to visit him, didn't you? But, sorry to say, he didn't know when **Yamaraj** (Death) was coming to him!

**Q: You said once that Krishna helped some house-holder devotees but not the Sanyasi, Why?**

A: Because, according to the Rules, a Sanyasi should not defend himself; he must leave everything to God. For house-holders, however, self-defence is allowed.

**Q: But Baba, you too are a Sanyasi; why do you defend yourself?**

A: No. I am not a Sanyasi! Nor am I a Householder! I am **RL** Man! This is the beauty of **RL**! ---it is neither Sannyas nor it is Grihastha! It is beyond them! It has no like!

Life is painful, yes. But for me it is as enjoyable as the cinema to you. All these sufferings come to me because of my wrong life in the past -- but I can now enjoy them so deeply.

**Q: Please tell us about your travels etc.**

A: I have travelled the whole world twice and visited each and every prominent place. I saw only about 1 person in 1 crore, in the whole world living **RL**, even as a junior student. I also came to know only 10-12 persons who have fully realised the Truth, some Kings & Queens & Heads of States, few Scientists, Poets and celebrated Writers and Wits and some seekers of Truth. During my wanderings I have influenced about 100 people only, who have influenced millions.

Sometimes I used to speak in the private gatherings of students, University Professors and held them spellbound so that they even forgot to eat! Once in Europe I spoke

about Aristotle. A Professor of Greek Philosophy (Bonn University) came to me and said that he had been teaching for 35 years; but did not understand Aristotle till he heard my speech!

**But remember:**

Ego (Ahamkaar) is the biggest disease. I had my pride--and I had my fall!

**Q; But those who have realised do not fall, they say.** Is it possible?

A: Yes, it is possible. But listen to the Gita: it says, "My Maya can drag the Realised too!' "The **Shivapuri Thunderbolt Episode** was due to my mistake. My second mistake was **not making any disciple:** this has caused me great trouble, viz. no food/ no basic things in the Ashram in my old age! I have to bear so much trouble! I had thought that I will manage them when the appropriate time comes! -- My mistake. The third mistake was **when I took the forest guard to task!** But I should not have allowed my people cutting firewood in the forest." "Now at last I live in Prarabdha. I simply exist; I do not really live! Sometimes, somebody comes to me, says something and I respond. If he asks some questions, I reply!"

**Q: What is Freedom?**

A: The freedom I know is

1. *Physical* (free from Pains & Diseases)

2. *Intellectual* (free from Doubts and Failures)

3. *Mental* (free from Worries and Anxieties) and

4. *Spiritual* (free from Fears & Ignorance).

In 1948 when India got Independence from Britain someone came to me rushing with delight and said, "How nice!"

I said," Formerly I had to salute Britons, now I have to salute Nehrus and Gandhis. Is that freedom? God-Realisation is the real freedom -- Intermediate experiences -- are just bondage-creating". Actually only God and Oneself (*Purusha*) there are.

**Q: Tell me in the simplest and shortest language what is God-realisation and how to get IT!**

A: At present we are living in **total darkness:** We see the root of a tree as a snake and experience fear!

We are living in this world of Maya, in illusion. As said already, we all are also living on our supposition or hypothesis.

Now, suppose we meet a person who has a particular nature. We give it a name and work accordingly. But till we see God, it can never be completely correct. We may be partially correct like the 4 blind men who describe an elephant in their own ways. Even if we put all their suppositions together, it does not give us the full truth... Only when we know God, we know the full Truth.

Know that the **question** "What is God?" done anxiously is to go towards Him at 100 miles' speed ?"

**Scripture** reading is also meditation; it is like second or third fortifications.

Having **God-feeling** everywhere, in everything and everybody is just like surrounding the enemy with a large army.

If your mind is not strong enough -- do Worship, Pray, Kirtan etc.

The more intense your **cry for God** the sooner you realise It. The most important prerequisite is that you must have hunger and extreme agitation for God.

**Complete stillness of mind,** making it void, is not only useless but may also make us mad!

2 years before you go into complete meditation and contemplation, you should gradually **reduce association** with other people including your children, wife and so on.

**Duties** are like dish and **meditation** like meals. Without doing duties, meditation is not possible. Actually both are necessary.

"**Dharana** is like cultivation; **Dhyana** is like cooking; Inquiry is like eating." Inquiry is *"Where are you, 0 God? Please reveal yourself."* and so on.

As you go on living **RL,** there will be natural remembrance of God, not even anxiety because He has not come.... Sorrow of separation from God is not really sorrow.

Moral, Spiritual and Intellectual laws govern the universe and their affairs always and universally. When you come to know this, you are in **RL** or Swadharma.

Harming others, except in self-defence, is Violence.

**Nothing** is yours; everything is God's!


**Lower duties** consist of our duties towards our body, family and society; **higher duties** consist of meditation, study and others pertaining to God-worship.

Unless our Intelligence, Mind and Senses are liberated, we'cannot be liberated.

Best thing to do is to increase your power of endurance, which is to restrain (*Sahansheelataa*) yourself, to resist hard (*Titiksya*) and finally (*Ksyamaa*) to forgive. However don't forget to develop other 26 Virtues -- this is a **must**, you know!

**RL** is the real seclusion.

SB = Shivapuri Baba
RL = Right Life





# कठरूद्रोपनिषत् - २३

*परिव्रज्याधर्मपूगालङ्कारा यत्पदं ययुः ।*
*तदहं कठविद्यार्थं रामचन्द्रपदं भजे ।१।*
*ॐ स ह नाववत्विति शान्तिः ।*

*हरिः ॐ । देवा ह वै भगवन्तमब्रुवन्नधीहि भगवन्ब्रह्मविद्याम् । स प्रजापतिरब्रवीत्सशिखान्केशान्निष्कृष्य विसृज्य यज्ञोपवीतं निष्कृष्य पुत्रं दृष्ट्वा त्वं ब्रह्मा त्वं यज्ञस्त्वं वषट्कारस्त्वमोंकारस्त्वं स्वाहा त्वं स्वधा त्वं धाता त्वं विधाता त्वं प्रतिष्ठाऽसीति वदेत् । अथ पुत्रो वदत्यहं ब्रह्माहं यज्ञोऽहं वषट्कारोऽ-हमोंकारोऽहं स्वाहाहं स्वधाहं धाताहं विधाताहं त्वष्टाहं प्रतिष्ठास्मीति । तान्येतान्यनु-व्रजन्नाश्रुमापातयेत् । यदश्रुमापातयेत्प्रजां विच्छिन्द्यात् । प्रदक्षिणमावृत्त्यैतच्चै-तच्चानवेक्षमाणाः प्रत्यायन्ति । स स्वर्ग्यो भवति ब्रह्माचारी वेदमधीत्य वेदोक्ताचरित-ब्रह्मचर्यो दारानाहृत्य पुत्रानुत्पाद्यताननुपाधिभिर्वितत्येष्ट्वा च शक्तितो यज्ञैः । तस्य सन्न्यासो गुरुभिरनुज्ञातस्य बान्धवैश्च । सोऽरण्यं परेत्य द्वादशरात्रं पयसाग्नि-होत्रं जुहुयात् । द्वादशरात्रं पयोभक्षा स्यात् । द्वादशरात्रस्यान्ते अग्नये वैश्वानराय प्रजापतये च प्राजापत्यं चरुं वैष्णवं त्रिकपालमग्निं संस्थितानि पूर्वाणि दारूपात्राण्यग्नौ जुहुयात् । मृण्मयान्यप्सु जुहुयात् । तैजसानि गुरवे दद्यात् । मा त्वं मामपहाय परागाः । नाहं त्वामपहाय परागामिति । गार्हपत्यदक्षिणभ्याहवनीयेष्वरणिदेशाद्भस्ममुष्टिं पिवेदित्येके । सशिखान्केशान्निष्कृष्य विसृज्य यज्ञोपवीतं भूःस्वाहेत्यप्सु जुहुयात् । अत ऊर्ध्वमनशनमपां प्रवेशमग्निप्रवेशं वीराध्वानं महाप्रस्थानं बृद्धाश्रमं वा गच्छेत् । पयसा यं प्राश्नीयात्सोऽस्य सायंहोमः । यत्प्रातः सोऽयं प्रातः । यद्दर्शे तद्दर्शनम् । यत्पौर्णमास्ये तत्पौर्णमास्यम् । यद्वसन्ते केशश्मश्रुलोमनखानि वापयेत्सोऽस्याग्निष्टोमः । स्वस्ति सर्वजीवेभ्य इत्युक्त्वाऽऽत्मानमनन्यं ध्यायन् तदूर्ध्वबाहुर्विमुक्तमार्गो भवेत् । अनिकेतश्चरेत् । भिक्षाशी यत्किंचिन्नाद्यात् । लवैकं न धावयेज्जन्तुसंरक्षणार्थं वर्षवर्जमिति । तदपि श्लोका भवन्तिकुण्डिकां चमसं शिक्यं त्रिविष्टपमुपानहौ । शीतोपघातिनी कन्थां कौपीनाच्छादनं तथा ।१। पवित्रं स्नानशाटी च उत्तरासङ्गमेव च । यज्ञोपवीतं वेदाश्चं सर्वं तद्वर्जयेद्यतिः ।२। स्नानं पानं तथा शौचमद्भिः पूता-भिराचरेत् । नदीपुलिनशायी स्याद्देवागारेषु वा स्वपेत् ।३। नात्यर्थं सुखदुःखाभ्यां शरीरमुपतापयेत् । स्तूयमानो न तुष्येत निन्दितो न शपेत्परान् ।४। ब्रह्मचर्येण संतिष्ठे-दप्रमादेन मस्करी । दर्शनं स्पर्शनं केलिः कीर्तनं गुह्यभाषणम् ।५। सङ्कल्पोऽ ध्यवसायश्च क्रियानिर्वृत्तिरेव च । एतन्मैथुनमष्टाङ्गं प्रवदन्ति मनीषिणः ।६।*

*ॐ सहनाववतु शान्तिः ! हरिः ॐ !* सबै देवताहरू एकत्रित भई भगवान्सँग भने - 'भगवन्, ब्रह्मविद्या हामीलाई सिकाइदिनुहवस्न !' अनि प्रजापति भगवान्ले भन्नुभयो - शिखासमेतको केशलाई काटी सेलाएर, जनै सेलाएर छोराको मुख हेरी' तिमी ब्रह्मा, तिमी यज्ञ, तिमी वषट्कार, तिमी ॐ कार, तिमी स्वाहा, तिमी स्वधा, तिमी धाता, तिमी विधाता र तिमी नै प्रतिष्ठा थियौ' यति भनोस् ! अनि छोरा पनि 'म ब्रह्मा हुँ, म यज्ञ हुँ.......' उही वाक्यांशहरू धैर्यसाथ पढ्नेछ । यसरी जाँदा आँसु झार्नुहुन्न । यदि आँसु झरेछ भने प्रजा (सन्तान) नाश पार्नेछ । त्रि-प्रदक्षिणा गरी संतान र आफूलाई बेवास्ता गरी प्रव्रजन गर्दछन् । ब्रह्मचारीले वेद पढिसकेर स्नातक भएपछि घरबार-सन्तान जन्माई पढाई लेखाई हुर्काएर, यज्ञयागहरू सक्दो गरी प्रकाशन (गमन-घोषणा) गर्ने त्यो व्यक्ति स्वर्गगामी हुन्छ । त्यस्ताको सन्न्यास गुरु-मान्यहरू र बन्धुहरूले समर्थन गर्नेपर्छ । त्यो सन्न्यासी वनवास लागेर बाह्र-रातको अन्तमा वैश्वानर र प्रजापतिलाई प्राजापत्य चरू, वैष्णवलाई त्रिकपाल, अग्निहोत्रमा रहेका पहिलेका दाउरा र भाँडाकुँडा आगोमै होमिदेओस् ! माटाका भाँडाकुँडा पानीमा सेलाइदेओस् ! तैजस चीज गुरुलाई समर्पण गरोस् ! 'तिमी मलाई छाडेर पर नजाऊ !' 'अहँ, म तपाईलाई छाडेर परतिर जानेछैन !' यसो भनोस् ! गार्हस्थ्य-दक्षिण-आहवनीय अग्निको दाउरैमा टाँसिएको खरानीको मुठी (यज्ञीयभस्म मात्र) एक दिन खाओस् ! शिखा केश खौरेर फालेर भूःस्वाहा भन्दै जनै चाहिँ पानीमा सेलाइदेओस् ! त्यसभन्दा माथि अनशन वा जलप्रवेश वा अग्निप्रवेश वा वीरमार्ग (हिंस्रक जन्तु हुने घोर जङ्गल) वा महाप्रस्थान (गाहो निर्जन पहाडपर्वतमा घुस्तै नर्फकने गरी जाने याात्रा) वा वृद्धाश्रम गरोस् ! दूध वा पानीले जो खुवाउला त्यो सन्न्यासीको सांझको हवन हो । जो बिहान खाइन्छ त्यो बिहानी यज्ञ हवन हो । औंसीमा जो गरिन्छ त्यो अमाहवन र पूर्णिमामा जो गरिन्छ त्यो पूर्ण हवन हो । जो वसन्तमा कपाल-दाह्री-जुँघा-नङ-रौं-काटिन्छ त्यो सन्न्यास लिइसकेर अग्निलाई फेरि नफर्काओस् ! मृत्युलाई जय गर्दछु ( मृत्युर्जयमावहम्) भन्ने अध्यात्ममन्त्रहरू पढोस् !

'सम्पूर्ण जीवको कल्याण हवस् !' आफूलाई आफैमात्र सोचेर दुवै हात आकाशतिर उठाई जता पायो उतै हिंडोस् ! घर न बार बनी (घरभित्र नपस्ने नियमले) दिन काटोस् ! भिक्षाशी बनेर पनि जे भेटिन्छ त्यो नखाओस् ! एक पाइलै पनि वर्षाबाहेक नदुगुरोस् ! त्यसबाट जन्तुको संरक्षण हुन्छ । यसको बारे उल्लेख छः कमण्डलु, कठौतो, ठेको, त्रिविष्टप, जुत्ता, ( खराउ, चट्टी) चीसो र कष्ट हटाउने थाङ्ना, कौपीन, ओढ्ने, पवित्र, नुहाउने धोती, उपर्ना, जनै वेदपुस्तकहरू सब थोक त्यागिदेओस्, त्यो यति हो । स्नान, पान, शौच चाहिँ पानीले गरोस् ! सुत्न चाहिँ नदीका बगर देवस्थलहरू प्रयोग गरोस् ! जीउलाई बढी दुःख वा सुखले नबिगारोस् ! प्रशंसामा खुसी र निन्दामा दिक्क नबनोस् ! ब्रह्मचर्यमा रहोस् ! यतिको निम्ति दर्शन, स्पर्शन, केलि-कीर्तन, सरसल्लाह, कल्पना, व्यवसाय, क्रियानिवृत्ति यी सब चीजलाई विद्वान्हरूले मैथुन मानेका छन् । अष्टमैथुन भन्नु नै यिनै हुन् भन्ने बुझ ! ।६।

विपरीतं ब्रह्मचर्यमनुष्टेयं मुमुक्षुभिः । यज्जगद्भासकं भानं नित्यं भाति स्वतःस्फुरत् ।७। स एव जगतः साक्षी सर्वात्मा विमलाकृतिः । प्रतिष्ठा सर्वभूतानां प्रज्ञानघनलक्षणः ।८। न कर्मणा न प्रजया न चान्येनापि केनचित् । ब्रह्मवेदनमात्रेण ब्रह्माप्नोत्येव मानवः ।९। तद्विद्याविषयं ब्रह्म सत्यज्ञानसुखद्वयम् । संसारे च गुहावाच्ये मायाज्ञानादिसंज्ञके ।१०। निहितं ब्रह्म यो वेद परें व्योम्नि सज्ञिते । सोऽश्नुते सकलान्कामान्क्रमेणैव द्विजोत्तमः ।११। प्रत्यगात्मानमज्ञानमायाशक्तेश्च साक्षिणम् । एकं ब्रह्माहमस्मीति ब्रह्मैव भवति स्वयम् ।१२। ब्रह्मभूतात्मनस्तस्मा-देतस्माच्छक्तिमिश्रितात् । अपञ्चीकृत आकाशसंभूतो रज्जुसर्पवत् ।१३। आकाशाद्वायुसंज्ञस्तु स्पर्शोऽपञ्चीकृतः पुनः । वायोरग्निस्तथा चाग्नेराप अभ्द्यो वसुन्धरा ।१४।

मुमुक्षुहरूले विपरीत ब्रह्मचर्य गर्नुपर्छ, जो झल्कदै सब संसारलाई प्रकाशित पारेर आफै प्रकाश हुन्छ । त्यही नै त हो नि निर्मल आकारको जगत्को साछी सर्वात्मा । जो समग्र प्राणीको प्रतिष्ठा र प्रज्ञान-घनको लक्षण हो । मानिसकले ब्रह्मवेदन गर्नाले मात्र पाइने ब्रह्मज्ञान त कर्मले सन्तान हुनाले वा अन्य कौनै युक्तिले पनि पाउन सक्दैन । त्यस्तो विद्याको विषयभूत ब्रह्म अद्वय सत्यज्ञानको सुख हो । गुहा भनिने संसारमा मायाज्ञान आदि नाममा राखिएको परमाकाशमा रहने ब्रह्मलाई जो बुझ्न जान्न सक्छन्, ती द्विजोत्तम क्रमैसँग भएभरका भावनाहरू साछी, एउटै ब्रह्म छ र, त्यो मै हुँ मान्ने सन्न्यासी स्वतः ब्रह्म बन्छ, ब्रह्ममा मिल्दछ । ब्रह्म बनिसकेको

त्यस्तो आत्माबाट निस्केर मिसिएको शक्तिबाट अपञ्चीकृत स्पर्शवाला वायु उब्जन्छ। त्यस्तै वायुबाट अग्नि, अग्निबाट आप (जल) र त्यस आपबाट बसुन्धरा जन्मन्छ।१४।

*तानि भूतानि सूक्ष्माणि पञ्चीकृत्येश्वरस्तदा। तेभ्य एव विसृष्टं तब्रह्माण्डादि शिवेन ह।१५। ब्रह्माण्डस्योदरे देवा दानवा यक्षकिन्नराः। मनुष्याः पशुपक्ष्याद्यास्तत्तत्कर्मानुसारतः।१६। अस्थिस्नाय्वादिरूपोऽयं शरीरं भाति देहिनाम्। योऽयमन्नमयो ह्यात्मा भाति सर्वशरीरिणः।१७। ततः प्राणमयो ह्यात्मा विभिन्न-श्चान्तरस्थितः। ततो विज्ञान आत्मा तु ततोऽन्यश्चान्तरःस्वतः।१८। आनन्दमय आत्मा तु ततोऽन्यश्चान्तरस्थितः। योऽयमन्नमयः सोऽयं पूर्णः प्राणमयेन तु।१९। मनोमयेन प्राणेऽपि तथा पूर्णः स्वभावतः। तथा मनोमयो ह्यात्मा पूर्णो ज्ञानमयेन तु।२०। आनन्देन सदा पूर्णःसदा ज्ञानमयः सुखम्। तथानन्दमयश्चापि ब्रह्मणोऽन्येन साक्षिणा।२१।*

ईश्वरले ती सूक्ष्म भूतहरूलाई त्यसै बेला पञ्चीकृत गरे र ब्रह्माण्ड आदिको सिर्जना गरे। त्यो सृष्टिकर्ता ईश्वर शिव हुन्। त्यसै ब्रह्माण्डका उदर (पेट, गर्भ) मा देवता, दानव, यक्ष, किन्नर, मनुष्य, पशुपन्छी आदि आ-आफ्ना कर्मअनुसारले सिर्जित भए। यो शुद्ध नसाथेको प्राणको शरीर राम्रै देखिन्छ। जुन यो अन्नमय आत्मा सुहाउँछ, त्यसबाट भित्र रहने प्राणमय आत्मा अनि त्यसपछि विज्ञानमय आत्मा त्यसभित्रै रहेको हुन्छ। त्यसको पनि भित्रपट्टि आनन्दमय आत्मा त झनै भित्रपट्टि हुन्छ। यस्तो व्यवस्था छ भगवान् शिवको। यो जो अन्नमय आत्मा हो, त्यो प्राणमय बनेर पूर्ण छ। प्राणमय आत्मा पनि ज्ञानमय बनेर पूर्ण छ। त्यस्तै ज्ञानमय आत्मा चाहिँ आनन्दमय बनेर पूर्ण र सुखी छ। अनि त्यही आनन्दमय आत्मा पनि ब्रह्मको अन्य साछीद्वारा सर्वत्र व्यापक बनी पूर्ण छ र त्यो ब्रह्म चाहिँ कसैद्वारा पनि, कति कुनै पनि भरमा वा बलमा छैन।२१।

*सर्वान्तरेण पूर्णश्च ब्रह्म नान्येन केनचित्। यदिदं ब्रह्मपुच्छाख्यं सत्यज्ञानाद्वयात्मकम्।२२। सारमेव रसं लब्ध्वा साक्षाद्देही सनातनम्। सुखी भवति सर्वत्र अन्यथा सुखता कुतः।२३। असत्यस्मिन्परानन्दे स्वात्मभूतेऽखिलात्मनाम्। को जीवति नरो जन्तुः को वा नित्यं विचेष्टते।२४। तस्मात्सर्वात्मना चित्ते भासमानो ह्यसौ नरः। आनन्दयति दुःखाढयं जीवात्मानं सदा जनः।२५। यदा ह्येवैष एतस्मिन्नदृश्यत्वादिलक्षणे। निर्भेदं परमाद्वैतं विन्दते च महाद्युतिः।२६। तदेवाभयमत्यन्तकल्याणं परमामृतम्। सद्रूपं परं ब्रह्मत्रिपरिच्छेदवर्जितम्।२७। यदा ह्येवैष एतस्मिन्नल्पमप्यन्तरं नरः। विजानाति तदा तस्य भयं स्यान्नात्र संशयः।२८।*

अर्थात् स्वयंमा निर्भर छ ब्रह्म। तसर्थ संसारमा भएभरका चीजमा ब्रह्म एउटै मात्र आत्मनिर्भर छ। यही जो ब्रह्मपुच्छ भनिने अद्वयात्मक सत्य हो। प्राणकै सार नै रस पाएर प्राणी सर्वत्र सुखी हुन पाउँछ, नत्र त सुखको भावै कहाँबाट हुनु र ? स्वआत्मभूत समस्त आत्मवान्हरूमा यही परानन्द नभए त कुन मान्छे भनिने जात नै बाँच्ला र ? वा कुन प्राणी लगातार चलमल गरिरहन्थ्यो र ? तसर्थ नै भन्न करै लाग्दछ : चित्तमा झल्कन आइपुग्ने सर्वात्माद्वारा त्यो जीवनमुक्त मान्छे नै दुःखादिले थुप्रिएको जीवात्मालाई सधैं आनन्दित पारिरहन्छ। जुन बेला (जब) त्यो महायति यस अदृश्यत्व आदिको लक्षणमा भेदरहित परम अद्वैत तत्त्व परिपूर्ण रूपले पारदर्शी बनेर भरिएको पाउँछ, त्यही बेला अभय, अत्यन्तकल्याणरूप, परम अमृत, सद्-रूप, पर ब्रह्म, त्रिगुणको विभाजन समेत हटिसकेको, निराकार, निरंजन रूपलाई साक्षात्कार गर्दछ, आत्मसात् गर्छ। जब जब निश्चयसाथ यस कुरामा अलिकता (पित्को जति) मात्र अन्तर (फरक) देख्छ, ऊ तत्काल त्यसबाट आइलाग्ने भय बुझिहाल्छ, यस कुरामा कत्ति शङ्का नराखे है देवता हो !।२८।

*अस्यैवानन्दकोशेन स्तम्बान्ता विष्णुपूर्वकाः। भवन्ति सुखिनो नित्यं तारतम्यक्रमेण तु।२९। तत्तत्पदविरक्तस्य श्रोत्रियस्य प्रसादिनः। स्वरूपभूत आनन्दः स्वयं भाति परे यथा।३०। निमित्तं किंचिदाश्रित्य खलु शब्दः प्रवर्तते। यतो वाचो निवर्तन्ते निमित्तानामभावतः।३१। निर्विशेषे परानन्दे कथं शब्दः प्रवर्तते। तस्मादेतन्मनः सूक्ष्मं व्यावृतं सर्वगोचरम्।३२। यस्माच्छ्रोत्रत्वगक्ष्यादि-खादिकर्मेन्द्रियाणि च। व्यावृत्तानि परम प्राप्तुं न समर्थानि तानि तु।३३। तद्ब्रह्मानन्दमद्वन्द्वं निर्गुणं सत्यचिद्घनम्। विदित्वा स्वात्मरूपेण न बिभेति कुतश्चन।३४। एवं यस्तु विजानाति स्वगुरोरूपदेशतः। स साध्वसाधुकर्मभ्यां सदा न तपति प्रभुः।३५।*

प्रजापति अनि भन्नुहुन्छ - 'यही आनन्दकोशद्वारा धामभित्रको सर्वान्तर्यामी विष्णुरूप ईश्वर साथ भएका महायतिहरू तारतम्यका क्रमले नित्यानन्दी हुन्छन्। विरक्त श्रीत्रिय प्रसादभागी भई स्वरूप नै आनन्दरूप बन्दै आफआफै झल्कन चम्कन पुग्छ। त्यो पनि कसरी त भने परआत्मा (परमात्मा) मा झैं स्वतः स्फूर्त बनी बनी। अर्को कुरा, निमित्तको आड पाएर शब्द (आवाज, कुरा) निश्चय नै सुरु भइदिन्छ र त्यसैबाट कुराकानी (चर्चा, प्रसङ्ग, कथा) हरू त्यो निमित्तलाई नै अभाव पारी प्रकट हुन्छ, चल्न थाल्छन् तर निर्विशेष भैसकेको निमित्त नै लोप बनिसकेको त्यस्तो परानन्दमा परमात्मामा शब्द भन्ने चीज नै कसरी हुनु र ? अर्थात् कारक वा कथा नै कसरी उब्जनु र त ? यसर्थ नै जो मन सूक्ष्मपूर्णव्याप्त- सर्वगोचर भइसक्छ त, भने त्यसलाई पनि कान नाक आँखा छाला आदि कर्मेन्द्रियहरू पाउन वा भेट्टाउन सक्तैनन्, सक्तैनन्। यसै कारणले गर्दा द्वन्द्वशून्य, गुणरहित, सत्य, चिदानन्द, आनन्दघन, ब्रह्मानन्दलाई बोध गरेर (चिनेर) महायति कहीँ पनि र कतैबाट पनि क्रमले जो स्वगुरुका उपदेशबाट सु वा कु कर्मद्वारा कहिल्यै पनि समर्थ शिष्य पछुतोमा पर्दैन, अर्थात् गुरु उपदेश मात्र उसको वास्तविक गति (परिणाम) हो, उसको आफूखुशी कामकाज कुनै परिणाम होइन। मनपर्दो भए त्यो विपरिणाम, कुपरिणति हो।३५।

*ताप्यतापकरूपेण विभातमखिलं जगत्। प्रत्यगात्मतया भाति ज्ञानाद्वेदान्त-वाक्यजात्।३६। शुद्धमीश्वरचैतन्यं जीवचैतन्यमेव च। प्रमाता च प्रमाणं च प्रमेयं च फलं तथा।३७। इति सप्तविधं प्रोक्तं भिद्यते व्यवहारतः। मायोपाधि-विनिर्मुक्तं शुद्धमित्यभिधीयते।३८। मायासंबन्धतश्चेशो जीवोऽविद्यावशस्तथा। अन्तःकरणसंबन्धात्प्रमातेत्यभिधीयते।३९। तथातद्वृत्तिसंबन्धा-त्प्रमाणमिति कथ्यते। अज्ञातमपि चैतन्यं प्रमेयमिति कथ्यते।४०। तथा ज्ञातं च चैतन्यं फलमित्यभिधीयते। सर्वोपाधिविनिर्मुक्तं स्वात्मानं भावयेत्सुधीः।४१। एवं यो वेद तत्त्वेन ब्रह्मभूयान-कल्पते। सर्ववेदान्तसिद्धान्तसारं वच्मि यथार्थतः।४२।*

यो सिँगो तताउने र तात्ने रूपले चम्किरहेको छ वा तताउने र तात्ने रूपले शुद्ध, ईश्वर-चैतन्य, जीवचैतन्य, प्रमाता, प्रमाण, प्रमेय र फल नामले यिनै सात किसिममा व्यावहारिक ढङ्गले छुट्याउन सकिन्छ। मायारूप उपाधि पट्टै नभएकालाई शुद्ध भनिन्छ। मायासँग मिलेबाट जीव अविद्याको वशवर्ती हुन्छ र अन्तःकरणसितको सम्बन्धले गर्दा प्रमाता भनिन्छ। अनि त्यही र तिनकै वृत्ति (व्यवहार)को सम्बन्धले गर्दा प्रमाण मानिन्छ। अज्ञात चैतन्यलाई चाहिँ प्रमेय कहिन्छ। त्यस्तै ज्ञात चैतन्यलाई चाहिँ फल भनिन्छ। यसरी, विवेचना गरीवरी तात्विक आधारमा जसले खास ज्ञान (बोध) गर्छ वा पाउँछ, त्यही नै ब्रक्हभूय हो भनिन्छ। त्यसैले सर्वोपाधिविनिर्मुक्त स्वात्मालाई भावना गर्नुपर्छ, बुद्धिमान्ले। हे देव हो ! मैले सर्ववेदान्तसिद्धान्तसार नै स्पष्ट गरी बताइदिएको छु।४२। तिमी आफै मरेर - तिमी आफै शेष रहन्छ नै ब्रह्मतत्त्व वा ब्रह्मविद्या यही हो। *हरिः ॐ तत्सत्।* ००